# प्रथम आवधिक योजना

## (२०८०/०८१ - २०८४/०८५)

# मस्यौदा प्रतिवेदन

## घोडाघोडी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

सुखड, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

२०८०

# परिच्छेद –१
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै संघ, प्रदेश र स्थानीय गरी तिन तहको सरकारद्वारा शासन सञ्चालन हुने व्यवस्था गरेको छ । नेपालमा हाल संघीय सरकार सहित ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार निर्वाचित भई कार्यरत रहेका छन । संविधानले हरेक तहका सरकारका स्पष्ट अधिकार किटान गरी अनुसूचीकृत समेत गरेको छ ।

लोकतान्त्रिक लाभहरुलाई नागरिकको घर दैलोमा पुऱ्याउने, स्थानीय नेतृत्वको विकास गर्ने, स्थानीय श्रोत साधनको दिगो उपयोग गरी विकास र वातावरणवीच सन्तुलन कायम गर्ने, स्थानीय विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारीता ल्याउने, समावेशी विकास, जन सहभागिता, मानवाधिकार संरक्षण, संविधान प्रद्धत्त अधिकारको कार्यान्वयन, राजनैतिक सामाजिक तथा आर्थिक रुपले पछाडि परेका र पारिएका लिङ्ग, वर्ग, जातजातिको संरक्षण, उत्थान र सहभागिता सुनिश्चित गर्ने आदि कार्य गर्दै जनताको नजिकको अभिभावकको रुपमा स्थानीय तहले काम गर्नुपर्ने गरी संविधानले स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार प्रदान गरी कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकार सहितको स्थायी सरकारको रुपमा व्यवस्थित गरेको छ ।

संविधानका यी व्यवस्था कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तर्जुमा भई कार्यान्वयनमा आएको छ । ऐनको परिच्छेद ६ दफा २४ को उपदफा १ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, मध्यकालीन योजना तर्जुमा गरी सोही आधारमा वार्षिक योजना बनाई लागु गर्नुपर्ने व्यवस्था भए वमोजिम घोडाघोडी नगरपालिकाले यो आवधिक योजना तर्जुमा गरी लागू गरेको छ ।

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

नगरपालिकाको दीर्घकालीन सोच उन्मुख रही एकीकृत, योजनाबद्ध र नतिजामूलक विकास प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य रहेको छ । यस योजनाको विशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन्ः

- एकीकृत, नतिजामुलक र योजनावद्ध विकासका लागि साझेदार तथा सरोकारवालाहरुको सहभागिता र प्रतिवद्धतासहित विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने,
- नगर विकासको सम्भावना तथा स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गर्ने,
- सहभागितात्मक छलफलका आधारमा नगर विकास योजनाको व्यवस्थित खाका तयार गर्ने,
- मध्यकालीन खर्च संरचनाको त्रिवर्षिय कार्यक्रम तथा खर्चको विवरण तयार गर्ने,
- विषयगत गुरु योजना तथा वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनलाई दिशानिर्देश गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को कार्यान्वयन गर्ने,
- वार्षिक विकास कार्यक्रमहरुलाई निश्चित गन्तव्यमा डोऱ्याउने,

- स्थानीय श्रोत, साधन र सीपको परिचालन र दिगो उपयोग गर्ने,

- राजनैतिक दलहरुले निर्वाचनमा गरेका प्रतिवद्धताहरुलाई कार्यरूपमा उतार्ने,

- विकासमा सबै वर्ग, लिङ्ग र समुदायको समावेशी सहभागिता, समतामूलक पहुँच र अपनत्व स्थापित गर्ने ।

## १.३ आवधिक योजना तर्जुमाको विधी र प्रक्रिया

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को व्यवस्था तथा स्थानीय अनुकूलता र विगतका अनुभवलाई आत्मसात गर्दै प्राविधिक सहयोग टोलीको सहयोग परिचालन गरी सहभागितामूलक विधि तथा प्रक्रिया बमोजिम प्रथम आवधिक योजना तर्जुमा गरिएको छ । यस आवधिक योजना तर्जुमा प्रकृयामा विद्युतीय सूचना प्रविधिको उपयोग तथा सरोकारवालहरुसँगको व्यापक समुह छलफल समेतको उपयोग गरिएको थियो । आवधिक योजना तर्जुका विधि तथा प्रकृया देहायअनुसार रहेको छः

**क) प्रारम्भिक छलफल तथा अभिमुखिकरणः** आवधिक योजनाको ढाँचासहित तर्जुमा विधि तथा प्रकृया सम्बन्धमा समान बुझाई कायम गर्न २०८० वैशाख ३१ गते पहिलो दिन आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । नगर कार्यपालिका कार्यालयको आयोजनामा सम्पन्न उक्त कार्यशाला गोष्ठीमा नगर सभाका सदस्य, कार्यपालिकाका सदस्य, विषयगत समितिका पदाधिकारी, विषयगत शाखा/उपशाखाका प्रमुख वा प्रतिनिधि, राजनीतिक दलका प्रमुख र प्रतिनिधिहरु, कार्यपालिका कार्यालयका कर्मचारी, वडा सचिव तथा स्थानीय संघ/संस्थाका प्रतिनिधि समेत गरी १४७ जनाको सहभागिता रहेको थियो । गोष्ठीको अध्यक्षता नगर कार्यपालिका प्रमुख खडक वहादुर रावतले गर्नु भएको थियो । उक्त कार्यशालामा आवधिक योजनाको अवधारणा, तर्जुमा विधि तथा प्रक्रिया, आधाररेखा सूचना, योजना तर्जुमाको कार्ययोजना बारे प्रस्तुती, छलफल र कार्ययोजना तयार गरिएको थियो । कार्यशालाको सहजिकरण आकाक्षां नेपालका विषय विज्ञले गर्नुभएको थियो । आवधिक योजना तर्जुमाका विविध पक्ष र चरणहरुबारेमा समेत विस्तृत छलफल गरियो । गोष्ठिपछि नगरपालिका प्रमुखको अध्यक्षतामा निर्देशक समिति, कार्यपालिकाका सदस्यहरुको अध्यक्षतामा विषय क्षेत्रगत समितिहरु र प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा प्राविधिक समिति गठन गरिएको थियो ।

**ख) स्थिति विश्लेषण तथा आधार सूचना तयारीः**

वस्तुस्थिति विश्लेषण तथा आधार सूचना तयारीको लागि नगर वस्तुस्थिति विवरण २०७६, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, विषयगत शाखाहरुको अभिलेख तथा तथ्याङ्क, संघ तथा प्रदेशस्तरका अध्ययन प्रतिवेदनका उपयोगी तथ्याङ्कका अतिरिक्त सहभागितामूलक छलफलबाट प्राप्त सूचना समेतलाई समावेश गरी आधाररेखा सूचनाको रुपमा तयार गरियो । यस प्रयोजनका लागि दस्तावेजहरुको समिक्षाका साथै सहभागितामूलक छलफलबाट प्राप्त विषय क्षेत्रगत सूचनाको निचोडलाई आवधिक योजनाको आधार सूचनाको रुपमा लिइएको छ ।

**ग) योजना तर्जुमा गोष्ठी सञ्चालनः** नगर सभाका सदस्यहरु, कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुख एवं अन्य प्रतिनिधीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, नगरपालिका स्थित क्याम्पस तथा उच्च मा.वि.का प्रधानाध्यापक लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा मिति २०८० वैशाख ३१ गतेदेखि जेष्ठ २ गतेसम्म ३ दिने

योजना तर्जुमा गोष्ठी सञ्चालन गरिएको थियो, जसमा योजना तर्जुमा सम्बन्धी निम्न कार्य गरिएको थियो ।

- दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य रणनीति निर्धारण र नगरपालिकाको दीर्घकालीन सोच निर्धारणका लागि सबै सहभागीहरुको संलग्नतामा समस्याको विश्लेषण तथा अवसर र चुनौतीको विश्लेषणका साथै दीर्घकालीन सोच र सोका आधारमा समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति निर्धारण गरिएको थियो । दीर्घकालीन सोच निर्धारण भइसके पछि गोष्ठिका सहभागीहरुलाई आर्थीक, सामाजिक, पूर्वाधार विकास, वन तथा वातावरण तथा विपद् व्यबस्थापन र संस्थागत विकास एवं सुशासन गरी ५ वटा क्षेत्रगत समूहमा विभाजन भई समूह कार्य गरिएको थियो ।
- क्षेत्रगत उद्देश्य, रणनीति, प्राथमिकता निर्धारण सोच र समष्टिगत लक्ष्य, उद्देश्य र रणनीति निर्धारण पछि सोही आधारमा समूह कार्यवाटै क्षेत्रगत उद्देश्य, रणनीति निर्धारण गर्नुका साथै रणनीतिक प्राथमिकताका क्षेत्र, प्राथमिकता प्राप्त कार्यक्रमहरु र विषयगत रुपमा नतिजा सूचकहरु समेत निर्धारण गरिएका थिए ।

**घ) योजना दस्तावेज तयारी:**

वस्तुस्थिति विश्लेषण, योजना तर्जुमा बृहत कार्यशाला गोष्ठीको निष्कर्ष, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त नतिजालाई तर्कबद्ध रुपमा प्रस्तुत गरी योजनाको स्वीकृत खाकामा आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ । विषय क्षेत्रगत रुपमा सम्बन्धित विषय विज्ञले तयार गरेको क्षेत्रगत योजनालाई एकीकृत गरी आवधिक योजनाको रुपमा ९ परिच्छेदमा विभक्त गरी प्रस्तुत गरिएको छ । यस दस्तावेजमा समाविष्ट परिच्छेदहरुमा क्रमशः परिचय, नगरपालिकाको संक्षिप्त परिचय तथा विकास समिक्षा, नगर विकासको दीर्घकालीन सोच तथा अवधारणा, आर्थिक विकास योजना, सामाजिक विकास योजना, भौतिक विकास योजना, वन, वातावरण तथा विपद् व्यवस्थापन योजना, संस्थागत विकास तथा सुशासन योजना, कार्यान्वयन व्यवस्था र मध्यकालीन खर्च संरचना रहेका छन् । दस्तावेज तयारी गर्दा राष्ट्रिय तथा प्रदेश आवधिक योजना, अन्य नगरपालिका, साविक जिल्ला तथा गाविसका आवधिक योजनाको समिक्षा गरी उपयोगी प्रारुपलाई आत्मसात गरिनुका साथै योजनाविद्, विषयविज्ञ र अन्य सरोकारवालाको सुझाबलाई आत्मसात गरिएको थियो ।

**ङ) योजना अन्तिम दस्तावेज तयारी:**

सुझाब संकलन कार्यशालाबाट प्राप्त सुझाबको निष्कर्श तथा विषय विज्ञ बमोजिम दस्तावेजलाई परिमार्जन गरी अन्तिम दस्तावेजका रुपमा तयार गरियो । दस्तावेज तयारीमा प्राविधिक सहयोग टोलीका विज्ञहरुको सहयोग परिचालन गरी प्रथम आवधिक योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको थियो ।

## १.४ योजना तर्जुमाका आधारहरु

घोडाघोडी नगरपालिकाको आवधिक योजना तर्जुमा गर्दा निम्न दस्तावेजहरुलाई महत्वपूर्ण आधारका रुपमा लिइएको छ ।

- नेपालको संविधान,
- पन्ध्रौं योजनाको दस्तावेज,

- नेपालको दीर्घकालीन सोचपत्र २१००,
- विद्यमान ऐन, नियमहरु,
- राष्ट्रिय तथा प्रादेशिक सरकारका निति तथा मार्ग निर्देशन,
- दिगो विकासका लक्ष्यहरू तथा तिनले निर्धारण गरेका प्रमुख क्षेत्रहरू,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- नेपाल सरकारका क्षेत्रगत नीतिहरू, विषयगत रणनीतिहरू,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
- सुदुर पश्चिम प्रदेश सरकारको पहिलो आवधिक योजना, वार्षिक नीति, कार्यक्रम तथा क्षेत्रगत नीति तथा कार्यक्रमहरू,
- स्थानीय तहमा क्रियाशील प्रमुख राजनीतिक दलको घोषणापत्र,
- स्थानीय राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी, निजी, गैरसरकारी तथा नागरिक समाजबाट प्राप्त सुझावहरू,
- प्रदेश तथा जिल्लास्तरीय कार्यालयका कार्यक्रम तथा अन्तरक्रियाबाट प्राप्त सुझावहरू,
- सहकारी, वन उपभोक्ता समूह तथा नागरिकबाट प्राप्त सुझावहरू,
- नगरपालिकाका गत विगत वर्षका वार्षिक कार्यक्रम, बजेट, नीति, निर्देशिका तथा कानूनहरू,
- नगरपालिकाबाट अध्ययन गराइएका विभिन्न कार्यक्रम, नीति, बजेट तथा सम्बन्धित दस्तावेजहरू ।

## १.५ संघीय र प्रादेशिक योजना सँगको तादामम्यता

यस आवधिक योजनाले संघीय योजनाको दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" र "समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जिवन सहितको समाजवाद उन्मुख राज्यको रुपमा रुपान्तरण गर्दै उच्च आय स्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने" भन्ने लक्ष्य एवं निंधारित उद्देश्य एवं प्राथमिकताहरु र सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजनाको दीर्धकालीन सोच **"**आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम**"** तथा आ.व. २०७९/०८० को सुदूरपश्चिम प्रदेशको वार्षिक नीति र कार्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरुसँग तादामम्यता हुने गरी यस नगरपालिकाको आवश्यकता र प्राथमिकता अनुसार यो योजना तर्जुमा गरिएको छ ।

## १.६ हालसम्मको विकास समीक्षा

नेपालको संविधान अनुसार राज्यको पुर्नसंरचना भए पश्चात गठित यस नगरपालिकामा संघीय गणतान्त्रिक व्यवस्था अन्तर्गत पहिलो पटक २०७४ सालमा तथा २०७९ को बैशाख ३० गते दोश्रो पटक स्थानीय तहको आम निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिले कार्यभार सम्हालेको झन्डै ६ वर्ष नाघेको छ भने दोश्रो आमनिर्वाचन पश्चातको पहिलो वर्षको समयावधि सम्पन्न हुन लागेको छ । यसरी निर्वाचित जनप्रतिनिधिको कार्यकालको यो पहिलो वर्ष सम्पन्न हुन लाग्दा बाँकि ४ वर्षमा स्थानीय तहको दोश्रो कार्यकालका जनप्रतिनिधिको समयावधि वाकि रहँदा यो आवधिक योजना घोडाघोडी नगरपालिकाको लागि महत्वपूर्ण हुने अपेक्षा रहेको छ । यस नगरपालिकाको

आर्थिक वर्ष २०७८/०७९ को आधाररेखा तथ्यांकलाई आधार वर्षको रुपमा लिईएको छ । प्रथम आवधिक योजनाको शुरुवात आर्थिक वर्ष २०८०/८१ लाई पहिलो वर्षको रूपमा लिंदा आर्थिक वर्ष २०७९/०८० सम्म प्राप्त उपलब्धिलाई सूचकको रूपमा लिई समीक्षा गरिएको छ ।

**समीक्षा अवधिमा प्राप्त आय**

रु. हजारमा

| क.सं. | शिर्षक | आ.व. २०७६।०७७ को यथार्थ | आ.व. २०७७।०७८ को यथार्थ | आ.व. २०७८।०७९ को यथार्थ | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व | १८५८४७.१५ | १८४०६७.३६ | १८६८२.०९ | ३८८५९६.६० |
| २ | अनुदान (समानिकरण, ससर्त, विशेष, समपरक) संघ | ४८६१२४.६९ | ६०९०२३.८१ | ५७१०२४.९३ | १६६६१७३.४३ |
| ३ | राजश्व वाँडफाँड | ९९३६४.४१ | १९२३८४.५६ | १८५७६९.७८ | ४७७५१८.७५ |
| ४ | अनुदान (समानिकरण, ससर्त, विशेष, समपरक) प्रदेश | ४३७५९.०० | ४७०६२.१० | ३३३४६.३१ | १२४१६७.४१ |
| ५ | राजश्व वाँडफाँड | ५०३.८९ | २६९९.४६ | ६०४७.२२ | ९२५०.५८ |
| ६ | राजश्व वाँडफाँड र अनुदान ( समानिकरण, ससर्त, विशेष, समपुरक) संघ र प्रदेश | ८१५५९९.१५ | १०३५२३७.२९ | ८१४८७०.३३ | २६६५७०६.७७ |
| कुल आयमा आन्तरिक राजश्वको प्रतिशत | | २२.७९ | १७.७८ | २.२९ | १४.५८ |
| कुल वजेट (पुँजिगत) | | ३७४७९४.४१ | ४२८६७१.७८ | ४०६७५६.६७ | १२१०२२२.८५९ |
| कुल खर्च (पुँजिगत) | | २६२६६९.६७ | ३१०१०४.७३ | २६७५७७.२४ | ८४०३५१.६३७ |
| खर्च प्रतिशतमा | | ७०.०८ | ७२.३४ | ६५.७८ | ६९.४४ |

उपरोक्त विवरण अनुसार आन्तरिक आयको हिस्सा ठिकै मान्न सकिन्छ भने संघीय र प्रादेशिक अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त आम्दानीको भर पर्नुपर्ने अवस्था रहेको छ । तिन बर्षमा यस नगरपालिकाको वित्तीय स्रोतमा आन्तरिक राजस्वको हिस्सा कुल वित्तीय स्रोतको १४.५८ प्रतिशत छ । संघीय सरकारको अनुदान सबैभन्दा बढी ६२%, प्रदेश सरकारको अनुदान ५%, संघबाट राजस्व बाँडफाँड १८% र प्रदेशबाट राजस्व बाँडफाँड ०.३५% रहेको छ ।

नगरपालिकाको राजस्व सुधार कार्य योजना पनि तर्जुमा नभएको अवस्थामा उक्त योजना पनि निर्माण गरि यथासिघ्र कार्यान्वयनमा ल्याई सम्भाब्य स्रोत परिचालन गर्नुपर्ने अत्यावश्यक देखिएको छ । पुँजीगत खर्च गर्ने क्षमता २०७७।०७८ मा सरदर ७२ प्रतिशत रहेको थियो भने २०७८।०७९ मा करिब ६५ प्रतिशत देखिएको छ जुन औषत नेपालको सन्दर्भमा ठिकै मान्न सकिन्छ ।

## १.६ सीमाहरू:

१. यस नगरपालिकाको आवधिक योजना तर्जुमा क्षेत्र व्यापक रहेको भए तापनि उपलब्ध सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस योजना तर्जुमा गोष्ठीहरूको समय सीमा र छलफलमा सीमितता रह्यो ।

२. नगरपालिकाको पार्श्वचित्र २०७६ सालमा वनेको हुँदा वस्तुगत विवरणहरुमा केही थप तथ्यांक र

सूचनाहरु अद्यावधिक गरि लिनुपर्ने भएकोले समयका कारणले पूर्ति हुन सकेन ।

३. पुराना गाविस एक आपसमा गाभिएर नगरपालिका बनेकाले पुराना तथ्याङ्कहरू प्राप्त हुन सकेन र जिल्लास्थित कार्यालयहरूका तथ्याङ्कहरू समेत पालिकागत रूपमा तयार हुन नसकेकाले सीमित सूचनाका आधारमा योजना तर्जुमा गर्नुपर्ने अवस्था सृजना भयो ।

४. यस आवधिक योजना तर्जुमा नगरपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानीय पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग गरिएको छलफल, गोष्ठी, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सुझाब र सूचनाको आधारमा तयार गरिएको हो ।

५. आवधिक योजना तर्जुमाको लागि स्थानीय तहले उपलब्ध गराएको तथ्याङ्क तथा केन्द्रीय तथ्याङ्क विभागले सर्वेक्षण मार्फत निकालेको तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ ।

६. वार्षिक रूपमा अनुगमन मूल्याङ्कन पश्चात आवधिक योजना तर्जुमामा अध्यावधिक गर्न सकिने छ ।

# परिच्छेद –२
# नगरपालिकाको वस्तुगत अवस्था

## २.१ परिचय

घोडाघोडी नगरपालिका सुदुरपश्चिम प्रदेश कैलाली जिल्लाको मध्य क्षेत्रमा पुर्वपश्चिम राजमार्गमा रहेको यस घोडाघोडी नगरपालिकाको पूर्वमा वर्दगोरिया गाउँपालिका, पश्चिममा गौरीगंगा नगरपालिका, उत्तर मोहन्याल गाउँपालिका र दक्षिणमा भजनी नगरपालिका रहेका छन् ।


| | |
|---|---|
| **समावेश भएका साविक गा.वि.स.हरु** | **दरख, साँढेपानी, रामशिखरझाला र पहलमानपुर** |
| **जनसंख्या** | **८६०३४** |
| **क्षेत्रफल** | **३५४.४४ वर्ग कि.मि.** |
| **केन्द्र** | **सुखड वजार** |
| **वडा संख्या** | **१२** |
| **सिमाना** | |
| **पूर्व** | **वर्दगोरिया गाउँपालिका** |
| **पश्चिम** | **गौरीगंगा नगरपालिका** |
| **उत्तर** | **मोहन्याल गाउँपालिका** |
| **दक्षिण** | **भजनी नगरपालिका** |

श्रोतः राष्ट्रिय जनगणना, २०७८ र नगरपालिकाको पाश्व चित्र, २०७६

यस नगरपालिकाको कुल क्षेत्रफल ३५४.४४ वर्ग कि.मि.रहेको छ । १२ वटा वडामा विभाजन भएको यो नगरपालिकामा साविकको दरख, साडेपानी, रामशिखरझाला र पहलमानपुर गाविस समावेस भएका छन । यस नगर कार्यपालिकाको कार्यालय वडा नं. १ सुखडमा रहेको छ । विश्व रामसार सूचीमा सूचीकृत घोडाघोडी ताल यही जिल्लामा रहेको छ । यो तालकै नामबाट घोडाघोडी नगरपालिका समेत गठन भएको छ ।

## २.२ भौगोलिक अवस्था

नगरपालिका समुन्द्र सतहबाट १०९ मिटरदेखि १९५० मिटरसम्मको उचाईमा अवस्थित रहेको छ । नगरपालिकाको कुल क्षेत्रफलमध्ये ३५.१५ प्रतिशत (१२४.५९ वर्ग कि.मि.) कृषियोग्य जमिन र ४४.३७ प्रतिशत (१५७.२८ वर्ग कि.मि.) वन तथा चरन क्षेत्रले ढाकेको छ भने २०.४६ प्रतिशत ( ७२.५७ वर्ग कि.मि.) अन्य क्षेत्र रहेको छ ।




यो नगरपालिका कैलालीका १३ वटा स्थानिय तहमध्ये क्षेत्रफलको हिसाबले तेस्रो ठुलो नगरपालिका हो । भौगोलिक एवम् प्राकृतिक विविधतायुक्त यस नगर क्षेत्रले ऐतिहासिक महत्व पनि राख्दछ । पर्यटकीय हिसाबले पनि नगर अत्यन्तै सुन्दर एवम् मनमोहक देखिन्छ । २ किलोमिटर भन्दा बढी क्षेत्रको लम्बाइमा फैलिएको घोडाघोडी ताल यो नगरको प्रमुख आकर्षण हो । नगरपालिकाको उत्तरी अक्षांश विश्व मान चित्रमा २८० ४१' देखि २८० ५१' ३०'' सम्म र पूर्वी देशान्तर ८०० ३९' देखि ८०० ५६' ४३'' सम्म फैलिएको छ ।

## २.३ जनसंख्या

यस नगरपालीकाको जम्मा जनसंख्या ८६०३४ रहेको छ ।। जसमध्ये महिला जनसंख्या ५३.३ प्रतिशत र पुरुष जनसंख्या ४६.७ प्रतिशत रहेको छ । यस नगरपालिकामा घरधुरी संख्या १८३८३ रहेको यस नगरपालिकाको जनघन्तव २४३ वर्ग किलोमिटर रहेको छ । नगरपालीकामा रहेका परिवारको औषत आकार ४.६८ रहेको छ, जुन राष्ट्रिय स्तरको परिवारको औषत आकार भन्दा बढि रहेको छ । यसैगरी लैङ्गिक अनूपात ८७.६१ रहेको छ । कुल जनसंख्याको वृद्धि दर वार्षिक १.४८ प्रतिशत छ । जनसंख्याको करिब एक-तिहाई (२९.६%) १४ वर्ष सम्मका बालबालिका रहेका छन् भने आर्थिक रूपले सक्रिय उमेर समूह (१५देखि ५९ वर्ष) का करिव दुइ तिहाइ (६३%) र ६० वर्षभन्दा बढि उमेरका जनसंख्या ८% छन् ।

थारुहरूको बाहुल्य रहेको यस नगरपालिकामा थारु (३४%), क्षेत्री (३१%), ब्राम्हण (१२%) र दलित समुदाय (१४%) को बसोबास रहेको छ । सबै भन्दा बढि प्रयोग हुने भाषा थारु ३५.३२ प्रतिशत र दोश्रो भाषामा नेपाली २०.१६, तेस्रोमा अछामी भाषा ११.१२, त्यस पछि क्रमशः डोटेली ७.४६, बाजुरेली ४.०८, बैतडेली ४.०४, रहेको छ । यस नगरपालीकामा विभिन्न धर्ममा आस्था

राख्नेहरुको जनसंख्या रहेको छ । सबैभन्दा बढि संख्यामा हिन्दु धर्म ९८.१८% रहेका छन् र क्रिस्चियन धर्म मान्नेको प्रतिशत १.२९ छ भने बौद्ध, इस्लाम तथा अन्य धर्म मान्नेहरुको प्रतिशत पनि कम संख्यामा रहेका छन् । करिब ७७% पालिकाभित्र नै बसिरहेका छन् बाँकी १% देशको अन्य भूभागमा र २२% बिदेशमा छन् ।

## २.४ जीवनस्तरः

टिनको छानो भएका घर ४८.४ प्रतिशत र २५.५ प्रतिशत टायल तथा ढुंगा छाएको, २२.४ प्रतिशत सिमेन्टको ढलान भएको, ३.२ प्रतिशत खर परालले छाएको र जम्मा ०.४ प्रतिशत काठ फल्याक तथा ढुंगा स्लेटले छाएको घरहरु रहेको छ । १२.९% घरहरु मापदण्ड अनुसार बनेको र ८६% घरहरु मापदण्ड अनुसार नबनेका छन् । यस नगरमा रहेका अधिकांश घरहरु सडक सञ्जाल संग जोडिएको पाईन्छ । ८०.६% घरमा मोटरबाटो पुगेको अवस्था छ भने गोरेटो बाटो भएको परिवार संख्या १४.४%, घोरेटो बाटो भएको १.३% र घरसम्म पुग्ने सडक बाटो नभएका परिवारको संख्या ३.६% रहेको छ ।

११.७२% को जग्गामा मात्र निजि वोरिङेको सिंचाई छ भने १% परिवार सिंचाइको लागि सरकारी वोरिङ तथा करिव ८३% परिवार सिंचाइको लागि बर्षाको पानीमा निर्भर गर्नु परिरहेको छ । खाना पकाउने ईन्धनको रूपमा दाउरा र काठ प्रयोग गर्ने घरपरिवार ७१.८% छन्, २३% परिवारले एलपि ग्यास र ४.३% परिवारले वायो ग्यास प्रयोग गरिरहेका छन् । ५९.९% घरपरिवारको साधारण शौचालय छ भने ६.७% परिवारको शौचालय छैन । ६६.४% ले परिवारले ट्युववेल/हातेपम्प तथा १८.४% परिवारले धारा/पाइपवाट पिउने पानीको सुविधा उपभोग गरिरहेका छन् भने प्राय सवै ९९.४% परिवारले वत्ति बाल्न विद्युत र शौर्य ऊर्जाको प्रयोग गरिरहेका छन् ।

## २.५ आर्थिक अवस्था

यस नगरपालीकामा कृषिजन्य उद्योग धन्दा सञ्चालनको प्रचूर सम्भावना रहेको छ । यस नगरपालिकाको मुख्य पर्यटकिय गन्तव्यका रुपमा घोडाघोडी ताल रहेको छ । यस नगरपालीकाको कृषी क्षेत्रको उर्वरभुमीले आर्थिक विकासको सम्भावनालाई फराकिलो बनाएको छ । नगरपालिकामा ५ वटा ‘क’ वर्गको बैंक, २ वटा ‘ख’ वर्गको विकास बैंक, ९ वटा लघुवित्त र ४९ वटा सहकारी संस्थाहरु रहेको छ । यो नगरपालिकाको अर्थतन्त्र मुख्यरूपमा कृषि तथा पर्यटनमा आधारित रहेको र जीविकोपार्जनमा विप्रेषण आयको उल्लेख्य भूमिका रहेको छ । यस नगरपालिकाको कुल गार्हस्थ उत्पादन रु. ३ अर्ब ६२ करोड ८५ लाख रहेको छ । जसमा कृषि तथा पशुपालन क्षेत्रको ७०.३५ प्रतिशत, ब्यापार क्षेत्रको ८.५ प्रतिशत, घरजग्गा भाडा ब्यवसायको १.६ प्रतिशत, वैदेशिक रोजगारको १२ प्रतिशत, ज्याला मजदुरको ३ प्रतिशत, उद्योग क्षेत्रको ०.०५ प्रतिशत, जागिर क्षेत्रको ४.५ प्रतिशत योगदान रहेको छ । कुल आय रु. ५ अर्ब २७ करोड ४ लाख रहेको छ । तसर्थ नगरपालिकाको प्रति व्यक्ति गार्हस्थ उत्पादन रु. ८१,७२१ छ ।

### क. कृषि तथा पशुपालन

यस नगरपालिकाको जीविकोपार्जनको मुख्य आधार कृषि तथा पशुपालन हो । यहाँ मुख्यतया धान, गहुँ, मकै, आलु, दलहन, फलफुल, तरकारीको उत्पादन र पशुपालन हुने गरेको छ । यहाँका करिब ७६.४०% परिवारको जमिन कृषिमा प्रयोग भएको छ । त्यसको २५% ले कृषि उपज बिक्री गर्ने गरेका छन् । यस नगरपालिकामा पशुपन्छी पालनको अवस्था हेर्दा सबैभन्दा बढी पशुपालनमा कुखुरा पालन ( ६८७९६ वटा) देखिएको छ । त्यसैगरी बाख्राको संख्या २७१९१ वटा रहेको छ ।

नगरपालिकामा १४० वटा पोखरी र ११२ वटा मौरी घार रहेको देखिन्छ । यस नगरपालिकामा हाल वडा नं. १ सुखडमा कृषि उपज हाटबजार तथा संकलन केन्द्र तथा वडा नं १० पहलमानपुरमा कोल्ड स्टोर र कृषि उपज संकलन केन्द्र रहेको छ ।

यस नगरपालिकामा जम्मा ८९ कृषक समुहहरु रहेका छन् । त्यसैगरी वडा नं ९ मा ४ वटा पशुपालन समुह, वडा नं ९ र १० मा ४ वटा र २ वटा सहकारी संस्था रहेका छन् । यस नगरपालिका क्षेत्रभित्र १५ वटा कृषि फर्म, ६३ वटा पशुपालन समुहहरु, ८ वटा पोल्ट्री फर्महरु, ५ वटा बंगुरपालन फर्म, ४ वटा बाख्रा फर्महरु, २ वटा मौरीपालन फर्महरु, २ वटा गाई तथा भैसीपालन फर्महरु दर्ता भएका छन् । नगरपालिकामा पुरुषको तुलनामा महिला ब्यवसायिहरुको संख्या कम रहेको छ ।

## ख. उद्योग व्यवसाय

यस नगरपालिका क्षेत्रभित्र २१८० जनाले व्यापार व्यवसाय गरेको छ जसमा सबै भन्दा बढी वार्ड नं. १ मा ७८० जनाले व्यवसाय गरेका छन भने सबै भन्दा कम वार्ड नं. ४ मा ६५ जनाले व्यवसाय गरेका छन् । जसमध्ये ५०१ वटा किराना पसल, १५२ वटा होटल २७२ वटा टेलर्स १५२ वटा फेन्सी र १०० ईलेक्ट्रोनिक लगायत अन्य साना व्यवसायहरु रहेका छन् । यहाँ कुटानी पिसानी मिलको जम्मा संख्या ७५ रहेको छ भने ३२ वटा उद्योगहरु, ८ वटा कागज उद्योग र ४८ वटा वेकरी तथा मिष्ठान तथा १ वटा कोल्ड स्टोर समेत रहेको छ ।

प्राय जसो सबै वडाहरु महेन्द्र राजमार्गको उत्तर र दक्षिण पर्ने भएको हुँदा राजमार्ग हुँदै बस्तीलाई जोड्ने भएकोले राजमार्ग छेउछाउमा वजारहरु रहेको छ । स्थानिय स्तरमा ससाना बजार तथा ब्यापारिक केन्द्रहरु रहेकाले सामान्य मानिसहरुले किनमेल गरि रहने बजारहरुको रुपमा ससाना गरि ७ वटा वजारहरु रहेको छ ।

## ग. पर्यटन

यस नगरपालिका क्षेत्रभित्र ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगोलिक रुपमा महत्वपूर्ण पर्यटकीय स्थलहरु रहेका छन् । जसमा घोडाघोडी सिमसार क्षेत्र घोडाघोडी ताल सुक्तिकाडा घोडाघोडी मन्दिर, शिव मन्दिर आदी प्रमुख पर्यटकिय गन्तव्यहरु हुन् । घोडाघोडीमा प्रत्येक वर्ष माघ महिनामा माघीको अवसरमा यहाँ माघी मेला लाग्ने गर्दछ । नगरपालिकामा रामसार सुचीमा सुचिकृत रहेको प्राकृतिक महत्वको घोडाघोडी ताल लगायत विभिन्न मठ मन्दिरहरुको उपलब्धताले यस नगरपालिकाको पर्यटकीय सम्भावनालाई प्रचुर बनाएको छ । पुर्व पश्चिम राजमार्ग महेन्द्र राजमार्गसंग जोडिएको यस नगरपालिकामा पर्यटकहरुको आवतजावत वृद्धि भईरहेको छ जसले गर्दा नयाँ नयाँ होटल, रिसोर्ट तथा रेष्टुरेन्टहरु खोलिने क्रम रहेको छ । नगरपालिकामा रामसार सुचीमा सुचिकृत भएको यस नगरको गहनाको रुपमा रहेको प्राकृतिक महत्वको घोडाघोडी तालको अवलोकन गर्न बर्षेनी लाखौ पर्यटकहरु आउने भएकोले ब्यबस्थित होटल तथा होमस्टेको विस्तार गरी दैनिक आयआर्जन गर्न सकिने छ ।

## घ. वित्तीय पहुँच

यस नगरपालिकामा सरकारी स्तरको कृषी विकास बैंक सहित ५ वटा 'क' वर्गको २ वटा 'ख' वर्गको विकास बैंक रहेको छ, भने ९ वटा लघुवित्त संस्थाहरु रहेको पाईन्छ, र सहकारी संस्थाहरुको संख्या ४९ वटा रहेको पाईन्छ । जसमा सबैभन्दा वढी कृषि सहकारी संस्था ३२ वटा, विद्युत सहकारी,

दुग्ध उत्पादन, बचत तथा ऋण, महिला विकास, मौरीपालन र बहुउद्देश्य गरि १७ अन्य वटा रहेका छन । ६१% घरपरिवारको बैंकमा खाता छ । सदस्य संख्या र कारोवार रकमको हिसाबले सहकारी संस्थाहरुको लगानी बढी रहेको छ ।

## २.६ सामाजिक क्षेत्र

### क. शिक्षा

यस नगरपालिकामा साक्षरता दर ७६.२ प्रतिशत (पुरुष ८३.७ र महिला ६९.७ प्रतिशत) रहको छ । कुल ८७ वटा विद्यालयमध्ये ५१ वटा सामुदायिक विद्यालय, ३३ संस्थागत विद्यालय र ३ वटा क्याम्पस रहेका छन् । यस नगरपालिकामा ५ वर्ष भन्दा माथीका २३.४ प्रतिशत निरक्षर सामान्य लेखपढ पनी गर्न नसक्ने रहेका छन भने ७६.२ प्रतिशत लेखपढ गर्न सक्नेमा रहेको छ । यस नगरपालिकामा कुल जनसंख्या मध्ये ६३.२१ प्रतिशतले आधारभुत वा सोभन्दा माथीको शिक्षा हासिल गरेका छन् भने आधारभुत तहको शिक्षा हासिल गरेका ४१.१ प्रतिशत, माध्यामिक तहको शिक्षा हालि गरेका १९ प्रतिशत र स्नातक वा सोभन्दा माथीको शिक्षा हासिल गरेका ३.१३ प्रतिशत रहेको छ । यस नगरपालिकामा विद्यार्थी कक्षाकोठा अनुपात १:४० र शिक्षक विद्यार्थी अनुपात १:५१ रहेको छ । यस नगरपालिकामा अध्यनरत कुल विद्यार्थिहरुमा ४९.७८ प्रतिशत छात्रा र ५०.२२ प्रतिशत छात्र रहेका छन । जसमध्ये ६९.५६ प्रतिशत बालबालिकाहरु सरकारी विद्यालयमा पढ्ने गरेकोमा ५५.१२ प्रतिशत छात्रा र ४४.८८ प्रतिशत छात्र छन् भने ३०.४४ प्रतिशत बालबालिकाहरु निजि संस्थागत विद्यालयमा पढ्ने गरेकोमा ३७.५६ प्रतिशत छात्रा र ६२.४४ प्रतिशत छात्र रहेको छ ।

### ख. स्वास्थ्य

यस नगरपालिकामा स्वास्थ सेवाका लागि १२ वटा वडामा स्वास्थ सेवा केन्द्रहरु, २ वटा नगर स्वास्थ्य केन्द्र, गाँउघर क्लिनिक २० वटा, खोप क्लिनिक २३ वटा, ५ वटा स्वास्थ्य संस्थावाट प्रसुती सेवा, क्षयरोग उपचार केन्द्र ४, परिवार नियोजन संघ क्लिनिक १वटा सरकारी स्वास्थ्य संस्थाका रुपमा रहेका छन् । यस नगरमा सरकारी अस्पताल रहेको छैन । नगरमा ३ वटा निजि अस्पताल, ४६ वटा स्वास्थ क्लिनिकहरु र करिब ४० वटा औषधी पसलहरु रहेका छन्  यस नगरपालिकामा ८४ जना महिला स्वास्थ स्वयमसेविकाहरु रहेको छन् । त्यसैगरि यस नगरपालिकामा सामान्य चिकित्सक ५ जना, हे.अ. ४ जना, अहेव/अनमी १२ जना र ल्याव टेक्निसियन २ जना रहेका छन् । पूर्णखोप युक्त नगरपालिका घोषणा भईसकेको नगरभित्रका ४ ओटा स्वास्थ्य चौकीहरुले प्रत्येक महिनामा २३ ओटा खोपकेन्द्र मार्फत खोप सेवा प्रदान गरिरहेका छन् । एउटा १५ शैयाको नगर अस्पताल सञ्चालनको कममा रहेको र तिन वटा स्वास्थ्य चौकी रहेका छन् । नगरपालिकामा तिन वटा एम्बुलेन्स सञ्चालनमा रहेको छ । स्वास्थ्य संस्थावाट नगरवासीमा सेवामा पहुच ६० प्रतिशत सेवाग्राहीले सेवा लिएका छन् । परिवार नियोजनको प्रयोग दर ७६ प्रतिशत रहेको छ भने चार पटक गर्भवती जाँच गराउने महिला ४२ प्रतिशत रहेका छन् । मातृमृत्यु संख्या शुन्य रहेको छ र नवजात शिशु मृत्यु संख्या ३ रहेको छ ।

## २.७ भौतिक पूर्वाधार

हाल यस नगरपालिकामा रहेका अधिकांश घरहरु सडक सञ्जालसंग जोडिएका छन् । जसमा ८०.६% घरमा मोटरबाटो पुगेको अवस्था छ भने गोरेटो बाटो भएको परिवार संख्या १४.४%, घोरेटो बाटो भएको १.३% र घरसम्म पुग्ने सडक बाटो नभएका परिवारको संख्या ३.६% रहेको छ । सडकको स्तरको अवस्था हेर्दा ६४% घरसम्म ग्राभेल सडक, १९.४% घरमा सामान्य बाटो, १२.२%

घरमा कच्ची धुले सडक र ३.९% घरसम्म पक्की सडकले छोएको अवस्था छ। यस नगरपालिकामा विद्यमान सडक संजालको अवस्था हेर्दा १५ कि.मि. लम्बाईको मुख्य सडक पुर्व पश्चिम महेन्द्र राजमार्ग रहेको छ भने २६ वटा सडकहरु नगरपालिकाभित्र रहेको छ जसमा ७ वटा सडकहरुमा २२.४ कि.मि. कालो पत्रे, १३५.९ कि.मि ग्राभेल रहेको छ। यस नगरपालिकामा ३ वटा पक्की, ६ वटा झोलुङ्गे पुल रहेका छन्। यस नगरपालिकामा ३ वटा स्थानमा वस स्टपहरु रहेको छ। घरको वनोटमा छानाको प्रकारको आधारमा ४८.४ प्रतिशत घरधूरी जस्ता/टिन/च्यादरले छाएका र २५.५ प्रतिशत घरधुरी टायल तथा खपटाले छाएको, २२.४ प्रतिशत घरधुरी सिमेन्टको ढलान भएको, ३.२ प्रतिशत घरधुरी खर पराल छावलीले छाएको छ। यस नगरपालिकामा १२.९% घरहरु मापदण्ड अनुसार बनेको र ८६% घरहरु मापदण्ड अनुसार नबनेका छन्। त्यसैगरि ४.५% घरहरु भुकम्प प्रतिरोधी क्षमता भएको मापदण्ड अनुसार बनेको र ८६.५% घरहरु भुकम्प प्रतिरोधी क्षमता भएको मापदण्ड अनुसार नबनेका रहेका छन्।

## २.८ वन तथा वातावरण

यस नगरपालिकाको कुल भुक्षेत्र मध्ये ४४.३७% वन जंगलले ओगटेको छ। यस नगरपालिकामा रहेका ६० वटा सामुदायिक वन र यहाँ रहेको राष्ट्रिय वनक्षेत्रमा विविध किसिमका वनस्पति, घांस, दाउरा, जडीबुटी र काठदाउरा मुख्य स्रोतहरु रहेका छन्। यस नगरपालिकाको मुख्य पर्यटकिय गन्तव्यका रुपमा रहेको घोडाघोडी ताल संरक्षित क्षेत्रमा ४५० भन्दा बढी प्रजातीका वनस्पती, ३१ प्रजातीका माछा, २९९ प्रजातीका चरा, ७ प्रजातीका घस्रने जनावरहरु पाईन्छन्। सामुदायिक वनहरुमा जडीबुटी (मेन्था, केमोमाई, कुरिल्लो) तथा मृग, बंदेल, हात्ती, बाह्रसिङ्गा, बाँदर, चितुवा बाघ, पाटे बाग, स्याल, खरायो आदि जनावरहरु पाईन्छन् भने गिद्द, अथचरा, मयुँर, ढुकुर, काग, बन कुखुरा, कठकर, जुरली, भँगेरा, मैना, सुगा, बकुल्ला, पानिहाँस आदि जातका चराचुरुङ्गीहरुको प्रमुख वासस्थान रहेको छ। यस नगरपालिकामा बसोबास गर्ने जम्मा घरधुरी मध्ये १९७४ घरपरिवार प्राकृतिक प्रकोपको जोखिममा रहेका छन्।

## २.९ संस्थागत सुशासन

सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त संगठन संरचना अनुसार कुल ६६ वटा स्वीकृत दरबन्दी मध्ये ४७ वटा मात्रै कार्यरत रहेका छन् भने करार तर्फ ५१ जना रहेका छन्। त्यसैगरि स्वास्थ्यतर्फ २४ स्थाई र ४५ करारमा रहेका छन्। ६ वटा विकास साझेदार र २८ वटा गैर सरकारी संस्था यस नगरपालिकाभित्र क्रियाशिल रहेका छन्। यस नगरपालिकाले हालसम्म कुल ७४ वटा ऐन, निर्देशिका, कार्यविधि/मापदण्ड र नीति तथा मार्गदर्शन स्वीकृत गरी कार्यान्वयनमा ल्याएकोछ। यसैगरी स्थानीय सञ्चित कोष स्थापना भई सुत्रमा आधारित वित्तीय कारोबारबाट सञ्चालन भईरहेको तथा दरबन्दी व्यवस्थापन सर्वेक्षण (O&M), राजश्व व्यवस्थापन अनलाइन प्रणाली, अनलाइन घटना दर्ता प्रणाली, SuTRA, CGAS, Online Vouching, PAMS, e-bidding, e-payment जस्ता सफ्टवेयरहरुको प्रयोगलाई संस्थागत गरिएको छ।

नगरपालिकाको आफ्नै प्रशासनिक भवन तथा वडा कार्यालय, आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण भएका छन्। नगर कार्यपालिका, नगरसभा, न्यायिक समिति र वडा समितिहरू सहित १५ वटा समितिहरू आफ्नो जिम्मेवारी अनुसार क्रियाशिल रहेका छन्। नगरपालिकाले स्थानीय तह संस्थागत क्षमता स्व–मूल्याकन (LISA) मा कुल अंकभार ७८ तथा स्थानीय तह बित्तिय सुशासन जोखिम मूल्याङ्कन (Financial Risk Management Assignment) ५१.५ अंक प्राप्त गरेको छ।

# परिच्छेद –३

# दीर्घकालीन सोच तथा लक्ष्य तथा समष्टिगत आर्थिक खाका

## ३.१ पृष्ठभूमि

नेपालको संविधानद्वारा प्रदत्त अधिकारलाई आ-आफ्नो तहमा कार्यान्वयन गर्दा तिनै तहका सरकार बीच आपसी सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी जिम्मेवारी र दायित्व निर्वाह गर्दा प्रत्येक तहगत सरकारले आ-आफ्नो तहमा नीति, ऐन, कानून, योजना, कार्यक्रम, मापदण्ड निर्धारण गरी गर्न सक्ने अधिकार समेत सम्बन्धित सरकारमा रहेको छ ।

यसै सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले "नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा नगरपालिकाको समष्टि तथा समन्वयित विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत एवं विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था समेत गरेको छ । यसै सन्दर्भमा घोडाघोडी नगरपालिकाले सहभागितात्मक र समावेशी प्रक्रिया अबलम्बन गरी यो आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता समेत व्यक्त गरेको छ ।

## ३.२ सबल, कमजोर पक्ष तथा अवसर र चुनौती (SWOT) विश्लेषण

नगरपालिकामा आयोजना गरिएको कार्यशालाका सहभागीहरूसंगको छलफलबाट निम्न सबल, कमजोर पक्ष तथा अवसर र चुनौती (SWOT) का क्षेत्र पहिचान गरिएका छन् ।

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| • पानीका श्रोतहरु र उर्बर जमिन तथा कृषि क्षेत्रमा प्रयाप्त जनशक्ति रहेको,<br>• कृषि क्षेत्रको विकासमा विभिन्न संघ संस्था एवं स्थानीय निकायहरुको जोड एवं लगानीमा वृद्धि,<br>• आफ्नो क्षेत्राधिकारको विषयमा नीति, कानून, योजना, मापदण्ड आदि वनाउने अधिकार नगरपालिकामा रहेको,<br>• निर्वाचित जनप्रतिनिधिलाई नगरपालिका सञ्चालनको संस्थागत र पर्वाधारका आधार तयार भएको,<br>• नगर प्रोफाइल निर्माण गरिएको,<br>• विभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका मापडण्ड गरि ७४ वटा कानुन निर्माण | • पानीमा आर्सेनिकको मात्रा अधिक, जमिनमुनिको पानीको श्रोतमा कमि,<br>• सामुदायिक विद्यालयप्रति घट्दो विश्वास र खस्कदो गुणस्तर,<br>• राजस्व परामर्श समितिले देखाएका सम्भाव्य राजस्वका स्रोत अनुसार राजस्व असुलीमा सकृयता नरहनु,<br>• बर्तमान संगठन संरचनानुसारको पनि कर्मचारी दरबन्दी सबै परिपूर्ति नहुनु,<br>• सहकारी र कतिपय गैरसरकारी संस्थाहरूका कार्यक्रम र बजेट नगरपालिकाको योजना प्रक्रियामा समावेश हुन नसक्नु,<br>• बाझो, पर्ति जग्गामा बृक्षारोपण हुन |

| | |
|---|---|
| • दरबन्दी व्यवस्थापन सर्वेक्षण (O&M)<br>• राजश्व व्यवस्थापन अनलाइन प्रणाली, लेखाप्रणाली SUTRA सँग आबद्ध रहनु<br>• नगरपालिकाको आफ्नै प्रशासनिक भवन तथा वडा कार्यालय, आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण,<br>• नागरिक वडापत्र, सुचना प्रविधिको प्रयोग अनलाइन घटना दर्ता प्रणाली, SuTRA, CGAS, Online Vouching, PAMS, e-bidding, e-payment जस्ता सफ्टवेयरहरुको प्रयोगलाई संस्थागत गरिएको,<br>• खुला दिसामुक्त घोषणा,<br>• पर्याप्त मात्रामा शैक्षिक संस्थाहरु खुल्नु र भर्नादर वढ्नु,<br>• साक्षर नगरपालिका घोषणा,<br>• न्यायिक समिति गठन भई न्याय सम्पादनमा सक्रिय रहेको,<br>• लैससास नीति, लैङ्गिक हिंसा निवारण कोष स्थापना भएको,<br>• ७० वटा सामुदायिक वनहरु रहेको, वैज्ञानिक वन सञ्चालनमा रहेको, निजि वनहरु रहेको,<br>• विश्व रामसार सूचीमा सूचीकृत घोडाघोडी ताल र अन्य २४ वटा पर्यटकिय ताल भएको,<br>• वसन्ता जैविक मार्ग सँग जोडिएको,<br>• स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा आएको,<br>• १२ वटै वडामा स्वास्थ्य सेवा केन्द्र रहेको,<br>• ५ वटा वडावाट २४ सै घण्टा प्रसुती सेवा सञ्चालनमा रहेको,<br>• नगर स्तरिय ३ वटा एम्वुलेन्स सेवा सञ्चालनमा रहेको,<br>• नगर स्तरिय अस्पताल सञ्चालनको | नसक्नु,<br>• सर्वयाम चल्ने सडक सञ्जाल तयार भइ नसक्नु,<br>• नगरपालिकाका समितिहरू आफ्नो कार्य सम्पादनमा अझै सकृय हुन नसक्नु,<br>• बिद्युत् सेवाको वहु उपयोग (उद्योग, व्यवसाय र खाना पकाउन आदि) हुन नसक्नु,<br>• दाउराको अत्यधिक उपयोगले वनमा दवाव बढ्नु,<br>• स्थानीय अनुकुलन कार्ययोजना (Local Adaptation Plan of Action) पारित गरी कार्यान्वयनमा ल्याउन नसकिनु,<br>• जानकारीको कमीका कारण सरकारबाट सहुलियतपूर्ण कर्जाको उपयोग हुन नसकिनु,<br>• विदेशबाट सीप सिकेर आएका युवाहरूका लागि ब्यवस्थित व्यवसाय योजना लागू हुन नसक्नु<br>• प्राविधिक शिक्षाको विकास हुन नसक्नु र रोजगारीसँग शिक्षाको सम्बन्ध कायम हुन नसक्नु,<br>• सुशासनका सबै औजारको प्रभावकारी कार्यान्वन हुन नसक्नु,<br>• योजना तथा अनुगमन प्रणाली व्यवस्थित हुन नसक्नु र सा-साना योजनाको बाहुल्यता रहनु,<br>• अधिकांश नागरिकको पेशा कृषि भएता पनि खाद्यान्न, फलफूल, तरकारी, मासू, दूध आदिमा आत्मनिर्भर हुन नसक्नु,<br>• सिंचाई योग्य कृषि भूमिमा सिंचाई सुविधा पुर्याउन नसकिनु,<br>• कृषि कार्यका लागि समयमा मल, बिउ, कर्जासेवा, सिंचाई, प्रविधि हस्तान्तरण र प्राविधिक ज्ञान, सीप र प्रचार प्रसार सेवामा कृषकको पर्याप्त पहुँच हुन |

| | |
|---|---|
| क्रममा रहेको,<br>• आयर्वेद तथा आँखा उपचार केन्द्र रहेको,<br>• ३० मिनेटको दुरिभित्र ९०% भन्दा बढि जनसंख्याको स्वास्थ सेवामा पहँच हुनु,<br>• गैरसरकारी संस्था र विकास साझेदारसँग सहकार्य रहिरहनु,<br>• डिजिटल नागरिक वडापत्रको सुरुवात,<br>• नगरकार्यपालिका १२६ र नगर सभाका २३ वैठक सम्पन्न,<br>• अभिलेखहरुको डिजिटलाइजेशन कार्यको सुरुवात,<br>• वेरोजगारको तथ्यांक संकलन,<br>• सामाजिक सुरक्षा भत्ता वैङकिङ्ग प्रणालीबाट भुक्तानी,<br>• स्थानीय श्रोत र साधनहरुको उपयोग गर्न सकिने सम्भावना रहेको, | नसक्नु,<br>• विपदजन्य पूर्व तयारिको कमी र संस्थागत क्षमताको विकास हुन नसक्नु,<br>• आवश्यक मात्रामा दक्ष जनशक्ति तथा स्वास्थ्यकर्मीको पदपुर्ति नहुनु,<br>• सुविधा सम्पन्न अस्पतालको कमि हुनु,<br>• व्यवस्थित फोहरमैला व्यवस्थापन केन्द्र स्थापना हुन नसक्नु,<br>• कला, भाषा, संस्कृतिमा अध्ययन अनुसन्धान हुन नसक्नु,<br>• न्यायिक समितिमा कानुनी सल्लाहकार नहनु,<br>• निशुल्क र अनिवार्य शिक्षा कार्यान्वयन गर्न नसक्नु,<br>• खुला दिशामुक्त क्षेत्र कार्यान्वयनमा ल्याउन नसक्नु,<br>• सडक विस्तार तथा पूर्वाधार निर्माण व्यवस्थित हुन नसक्नु,<br>• युवा पलायन तथा रोजगारीका अवसर सृजना हुन नसक्नु,<br>• घोडाघोडी लगायत अन्य तालहरुको पर्यटकीय सम्भावनाहरूको उपयोग गर्न नसक्नु । |
| **अवसर** | **चुनौती** |
| • पानीका श्रोतहरु र उर्बर जमिन हुनु कृषि क्षेत्रमा प्रयाप्त जनशक्तिको उपलब्धता हुनु,<br>• सबै वडामा सडक यातायात र सञ्चार सुबिधाको सहज पहुँच रहेको,<br>• माध्यमिक शिक्षा तथा आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच,<br>• घोडाघोडी लगायत अन्य तालहरुवाट पर्यटक भित्रयाउने,<br>• उत्पादक उमेर समूहका मानव संसाधनको वाहुल्यता, | • युवामा रोजगार मूलक सीप विकास गरी रोजगारी श्रृजना गर्नु,<br>• सबै परिवारमा स्वास्थ बीमाको पहुँच पुरयाउनु,<br>• विकास व्यवस्थापनमा अनतरतह समन्वय जुटाउनु,<br>• वित्तीय संस्थाबाट गरिने लगानीलाई व्यवस्थित गरी गरिबि निवारण र रोजगारी श्रृजनामा परिचालित गराउनु,<br>• वाताबरणीय क्षति, जलवायू परिवर्तन र विपद् व्यवस्थापनको जोखिम न्यूनिकरण |

| | |
|---|---|
| • निर्वाचित जन प्रतिनिधिहरूमा विकास प्रतिको प्रतिवद्धता र समर्पण,<br>• आवधिक योजनाले नगरपालिकाको प्राथमिकता क्षेत्रमा लगानी आकर्षित गर्ने अवसर रहनु,<br>• नगरपालिकामा ४२.७१ प्रतिशत युवा जनशक्ति रहनु,<br>• संघीय र प्रदेश सरकारको सडक यातायात लगायतका भौतिक पूर्वाधार निर्माण प्राथमिकतामा रहनु,<br>• नगरपालिकाको केन्द्र र सबै वडा कार्यालय सम्म सडक यातायातको पहुँच रहेको,<br>• राष्ट्रिय विद्युत प्रशारण लाइनबाट बिद्युत सेवा उपलब्ध भइरहेको,<br>• नगरपालिकाको भु–बनौट, हावापानी राम्रो रहेकोले कृषि व्यवसायीकरणको सम्भावना बढी रहनु,<br>• सूचना प्रविधिको पूर्ण उपयोग गरी विद्युतीय सुशासन लागू गर्न सक्ने,<br>• प्रादेशिक लोकसेवा आयोगबाट आफ्नो स्वीकृत संगठन तालिका बमोजिम कर्मचारी नियुक्त गर्न सकिनु,<br>• पर्यटकीय आकर्षणका केन्द्रहरुको बिद्यमानता । | न्युनीकरण गर्नु,<br>• भूक्षयका साथै बाढीपहिरोको जोखिम नियन्त्रण गर्नु,<br>• वातावरणमैत्री पूर्वाधारको विकास गर्नु,<br>• खुला दिसामुक्त क्षेत्र कार्यान्वयन गर्नु,<br>• कृषिमा एकिकृत अनुदान नीतिको अभावको कारण कृषिलाई व्यवसायिकीकरण गर्नु,<br>• अपाङ्ग, वृद्धा र असाह्यहरुको सार्वजनिक सेवाको पहूँच पुर्‍याउनु<br>• फोहरमैला व्यवस्थापन कार्यान्वयन गर्नु,<br>• वजार क्षेत्रमा ढल निकासको व्यवस्थापन गर्नु,<br>• निशुल्क र अनिवार्य शिक्षा कार्यान्वयन गर्नु,<br>• वन्यजन्तु र मानवविचको द्वन्द्व व्यवस्थापन गर्नु<br>• अतिवृष्टी, अनावृष्टी, वाढी पहिरो जस्ता प्रकोप र जोखिम नियन्त्रण गर्नु,<br>• स्थनिय कला, भाषा र संस्कृतिको जगेर्ना गर्नु,<br>• तालहरु अतिक्रमण र नदी कटान संरक्षण गर्नु |

## ३.३ दीर्घकालीन सोच

**"सुन्दर, वहु साँस्कृतिक, आत्मनिर्भर र समृद्ध पर्यटकिय नगरी घोडाघोडी"**

| दीर्घकालीन सोचको व्याख्या |
|---|
| |
| |
| |

## ३.४ लक्ष्य

प्राकृतिक श्रोतको दिगो उपयोग, कृषिको व्यावसायिकरण, वातावरणमैत्री पूर्वाधार विकास, भाषा, कला, सँस्कृतिको संरक्षण र पर्यापर्यटनको सम्बर्द्धन गर्दै समष्टिगत सामाजिक तथा आर्थिक विकासद्वारा नागरिकको जीवन स्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

## ३.५ उद्देश्य

१. व्यावसायिक कृषि तथा पशुपालन, पर्यटन र उद्योग व्यवसायका माध्यमबाट रोजगारी र आयमा वृद्धि गर्नु,

२. आधारभूत स्वास्थ र सरसफाइ तथा गुणस्तरीय शिक्षाका माध्यमबाट समावेशी विकास गर्नु,

३. गुणस्तरिय र वातावरणमैत्री दिगो भौतिक पूर्वाधारको विकास र विस्तार गर्नु,

४. वन वातावरण, जैविक विविधताको संरक्षण र प्रवर्द्धनका साथै जलवायु परिवर्तन अनुकुलन र विपद व्यवस्थापन सम्बन्धी कार्यबाट विकास र वातावरणबीच सन्तुलन कायम गर्नु,

५. नागरिकलाई सुशासनको प्रत्याभूति महसूस हुने गरी संस्थागत सुदृढीकरण गर्नु ।

## ३.६ रणनीति

१. कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्नुका साथै ब्यवसायीकरण गर्ने,

२. सिमसार क्षेत्र, जैविक मार्ग लगायतका आकर्षक पर्यटनको प्रवर्द्धनका साथै उद्यम, व्यापार तथा व्यवसायको विकास गर्ने,

३. उद्यमशीलताको विकासका साथै स्थानीय कच्चा पदार्थमा आधारित उद्योग, व्यापार तथा व्यवसायको प्रवर्द्धन गर्ने,

४. आधारभूत र माध्यमिक शिक्षालाई प्रविधिमा आधारित गराउँदै गुणस्तरीय र रोजगारीमूलक वनाउने,

५. आधारभूत स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच हुने व्यवस्था गर्ने,

६. विकास प्रक्रियाका सबै चरणमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने,

७. सडक यातायात, सिंचाई (ताल तलैया, नदी नियन्त्रण), भवन तथा शहरी विकास लगायतका पूर्वाधारको विकास र विस्तार गरी समयको बचत गरिनुका साथै लागत घटाउने,

८. वन, वातावरण संरक्षण, चुरे संरक्षण तथा जैविक विविधता कायम गर्दै विपद् जोखिम न्यूनीकरणबाट विकास र वातावरण वीच सन्तुलन कायम गर्ने,

९. विकास कार्यको प्रभावकारिता र सेवा प्रवाह सुदृढ गरी सुशासन अभिवृद्धि गर्ने ।

## ३.७ परिमाणात्मक लक्ष्य

**तालिका-१**

**आवधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य**

| क.सं. | सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|---|
| | | | आ.व. ०७९/८० सम्मको अवस्था) | ०८२/८३ | ०८४/८५ |
| १ | मानव विकास सूचाङ्क | सूचाङ्क | ०.५४७ | ०.६२१ | ०.६२४ |
| २ | आर्थिक वृद्धि | प्रतिशत | ३.६ | ६.९ | ६.९ |
| ३ | आर्थिक गतिविधिमा संलग्न संख्या | प्रतिशत | ६८ | ७२ | ७५ |
| ४ | प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलर) | डलर | ९१८ | १५९५ | १७१५ |

| क.सं. | सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|---|
| | | | आ.व. ०७९/८० सम्मको अवस्था) | ०८२/८३ | ०८४/८५ |
| ५ | आफ्नो उत्पादनबाट वर्षभरि खान पुग्ने परिवार | प्रतिशत | ५२ | ६५ | ७५ |
| ६ | कृषिक्षेत्रमा संलग्न जनसंख्या (कृषि र पशुपन्छी पालन) | प्रतिशत | ७६ | ७० | ६५ |
| ७ | कृषि उपज बेचविखन गर्ने घर परिवार | प्रतिशत | २५.५ | ३० | ३५ |
| ८ | जम्मा साक्षरता दर | प्रतिशत | ७६.२ | ८० | ८५ |
| ९ | पूर्व प्राथमिक विद्यार्थि ५ वर्षभन्दा माथि साक्षरता दर | प्रतिशत | ९१.६ | ९३ | ९५ |
| १० | सबै खोप लिएकाबालबालिका | प्रतिशत | ८५.७ | ९५ | १०० |
| ११ | स्वास्थ्य संस्थामा वच्चा पाउने जनसंख्या | प्रतिशत | ५३.५ | ५५ | ६० |
| १२ | मापदण्ड अनुसार बनेका आवास घर | प्रतिशत | १२.९ | १५ | २० |
| १३ | बाह्रै महिना सञ्चालन हुने सडक | कि.मी. | ३०० | ३५० | ४०० |
| १४ | रुख/बिरुवाले ढाकेको क्षेत्र | प्रतिशत | ४४.३७ | ४६ | ४८ |
| १५ | बेरोजगारी | प्रतिशत | २६.६९ | २५ | २२ |
| १६ | वैदेशिक रोजगारीमा संलग्न | प्रतिशत | २२ | २० | १५ |
| १७ | महिलाको नाममा सम्पत्ति घर/जग्गा | प्रतिशत | ६.४ | ८ | १२ |
| १८ | वैकमा खाता हुने परिवार | प्रतिशत | ७० | ८० | ९० |
| १९ | आधारभुत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ८० | ८५ | ९० |
| २० | गरिवीको रेखामुनि रहेको परिवार | प्रतिशत | ३१ | २५ | २२ |
| २१ | जन्मदर्ता भएको संख्या | प्रतिशत | ७९.९ | ८५ | ९० |
| २२ | विद्युत्मा पहुंच प्राप्त जनसंख्या | प्रतिशत | ९७.९ | ९८ | ९९ |
| नगर प्रोफाइल २०७६, राष्ट्रिय जनगणना २०७८ लाई आधार लिइएको । | | | | | |

## ३.८ वित्तीय व्यवस्थापन

### ३.८.१ सार्वजनिक स्रोत परिचालनको आधार

घोडाघोडी नगरपालिकाको आवधिक योजनाका लागि वहुपक्षीय स्रोतहरु परिचालन गरिनेछ । यसका लागि विद्यमान स्रोतहरुको आंकलन र सम्भाव्य नयाँ स्रोतहरुको समेत पहिचान तथा उपयोग गरिनेछ । आवधिक योजनामा यस नगरपालिकाद्वारा निम्न वमोजिम विभिन्न वित्तीय स्रोतहरु परिचालन गरिनेछ :

### (क) वित्तीय हस्तान्तरण

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनद्वारा व्यवस्था गरिए बमोजिम यस नगरपालिकालाई संघ र प्रदेशहरूबाट देहाय बमोजिमका वित्तीय स्रोतहरू हस्तान्तरण हुनेछ,

- प्रत्येक आर्थिक वर्षका लागि यस नगरपालिकाले नेपाल सरकारवाट समानीकरण अनुदान, सर्शत अनुदान, राजस्व वाँडफाँटको रकम प्राप्त गर्नेछ । संघवाट समानीकरण अनुदान तर्फ आ.व. २०७८/०७९ र आ.व. २०७९/०८० का लागि उपलब्ध सीमालाई आधार मानी औषतमा ५ प्रतिशत, सशर्त अनुदान तर्फ औषतमा १० प्रतिशत र राजस्व वाँडफाँटको रकम औषतमा १५ प्रतिशतको वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ ।

- नेपाल सरकारवाट प्राप्त हुने विशेष अनुदान र समपूरक अनुदान आर्थिक वर्ष शुरु भएपछि परियोजना प्रस्तावको आधारमा संघीय अर्थ मन्त्रालयद्धारा निर्णय गरिने हुँदा प्रारम्भिक अनुमानसम्म मात्र गरिएको छ । साथै समपूरक अनुदान परियोजना लागतको अधिकतम ४० प्रतिशतसम्म प्राप्त गर्न सक्ने हुँदा नगरपालिकाले परियोजना लागतको ६० प्रतिशत रकम स्वलगानी गर्नुपर्ने हुन्छ ।

- प्रदेश सरकारवाट समेत नगरपालिकाले समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान र समपूरक अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्दछ । प्रदेश सरकारको आ.व. २०७८/०७९ र आ.व. २०७९/०८० का लागि उपलब्ध सीमालाई आधार मानी समानीकरण अनुदान तर्फ औषतमा १० प्रतिशतको वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ । साथै सर्शत, विशेष र समपूरक अनुदान तर्फ १० प्रतिशतको वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ । आवधिक योजनामा संघ/प्रदेशको अनुदान वृद्धीदर १० प्रतिशत भनिएता पनि हाल संघ र प्रदेशको वजेट तुलना गर्दा वजेट घटेर आएको हुँदा प्रकृतिक श्रोत तथा वित्त आयोगको प्रक्षेपणमा यस वर्ष नगरपालिकाको वजेट गत आ.व.को हाराहारीमा रहने अनुमान छ ।

- वैदेशिक अनुदान तर्फ नेपाल सरकारले सम्झौता गरेर मात्र नगरपालिकाले वैदेशिक सहायता प्राप्त गर्न सक्ने हुँदा नगरपालिकाले संघीय अर्थ मन्त्रालयको संयोजनमा क्षेत्रगत आधारमा केहि वैदेशिक अनुदान प्राप्त हुने अनुमान गरिएको छ ।

- वैदेशिक ऋणको हकमा अन्तर्राष्ट्रिय विकास सहायता नीति वमोजिम ऋण सहायताको रकम, व्याजदर, भुक्तानी सम्वन्धी शर्तहरु सहित स्थानीय तहसँगै सहायक ऋण सम्झौता गरेर मात्र नगरपालिकालाई वैदेशिक ऋण उपलब्ध हुनसक्ने प्रावधान रहेको छ । यस प्रावधान बमोजिमको वैदेशिक ऋण नगरपालिकाको आवधिक योजनामा प्राप्त गर्ने अनुमान गरिएको छैन ।

**(ख) नगरपालिकाको सञ्चित कोषमा जम्मा हुने अन्य रकमहरु**

- आन्तरिक राजस्वतर्फ हालको संकलन हुने रकम प्राप्तिलाई क्रमिक रुपमा वृद्धि गर्ने प्रक्षेपण गरिएको छ । यसका लागि सम्भाव्यताको आधारमा नयाँ स्रोत तथा दायरामा विस्तार गरिने छ । नगरपालिकाको आन्तरिक राजस्व अन्तर्गत औषतमा १७ प्रतिशतको वार्षिक वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

- आवधिक योजना अवधिमा स्थानीय सञ्चित कोष अन्तर्गत विशेष आयोजना सञ्चालनका लागि प्राप्त हुन सक्ने अन्य रकमहरु अनुमानित रुपमा प्रक्षेपण गरिएको छ ।

- आर्थिक वर्षको अन्तमा उपलब्ध रकम खर्च हुन नसकी बाँकी रही नयाँ आर्थिक वर्षमा जिम्मेवारी सर्ने नगद मौज्दात रकम पनि उपयोग गर्न सकिने हुँदा नगद मौज्दात वार्षिक वजेटमा हुने वृद्धिको आधारमा प्रक्षेपण गरिएको छ ।

**(ग) नगरपालिकाको सञ्चित कोष वाहिर संघ र प्रदेशवाट प्रत्यायोजन हुने रकमहरु**

- संघको वार्षिक कार्यक्रम तथा वजेटवाट नगरपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरु अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, संघीय तथा प्रदेश तहबाट कार्यक्रम सहित प्राप्त हुने रकम र संघीय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम

अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरुलाई आवधिक योजनाको परिधिभित्र समावेश गरिएको छ।

- यसै गरी प्रदेशको वार्षिक कार्यक्रम तथा वजेटवाट नगरपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरु अन्तर्गत प्रदेश निकायहरुवाट प्रत्यायोजन भई आउने क्षेत्रगत कार्यक्रमहरुलाई पनि आवधिक योजनाको परिधि भित्र समावेश गरिएको छ।


### ३.८.२ कुल वित्तीय लगानी

घोडाघोडी नगरपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरु सञ्चालनका लागि कूल रु. ११ अर्व ३१ करोड वित्तीय लगानी हुने अनुमान (तालिका–१) छ। यस नगरपालिकाको आवधिक योजना आवधिका लागि लगानीको प्रक्षेपण गर्दा अपेक्षित आर्थिक तथा सामाजिक विकासका लक्ष्यहरुलाई विचार गरिएको छ। साथै वहु क्षेत्रगत स्रोतहरु परिचालनका सम्भावनाहरुका सन्दर्भमा उपलब्ध आँकडाहरु र आविधक योजना तर्जुमा गोष्ठीको दौरानमा उपलब्ध जानकारीलाई समेत आधार लिइएको छ।

**तालिका-१**


**आवधिक योजनामा अनुमानित समष्टिगत लगानी**

| क्र.सं. | स्रोत | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सार्वजनिक क्षेत्र | ९०२४७४२ | ८० |
| २ | सहकारी क्षेत्र | २०७५६९ | २ |
| ३ | निजी क्षेत्र | १६४२५०३ | १४ |
| ४ | गैर सरकारी र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु | ४४२२१२ | ४ |
| ५ | कूल जम्मा | ११३१७०२६ | १०० |



### ३.८.३ नगरपालिकाको सञ्चित कोषवाट हुने सार्वजनिक खर्च

सार्वजनिक खर्च अन्तर्गत नगरपालिकाको संञ्चित कोषवाट आवधिक योजना अवधिमा कूल रु.७ अर्व १४ करोड खर्च हुने प्रक्षेपण गरिएको छ। कूल खर्चमध्ये चालु खर्च तर्फ रु.४ अर्व १८ करोड (५९%) र पुँजीगत खर्च तर्फ रु. २ अर्व ९६ करोड (४१%) हुने अनुमान गरिएको छ।




आवधिक योजनामा सार्वजनिक खर्च अन्तर्गत नगरपालिकाको संञ्चित कोष अन्तर्गत हुने क्षेत्रगत खर्चको अनुपात प्रक्षेपणमा आ.व. २०७९/०८० लाई आधार वर्ष मानिएको छ। नगरपालिकाको संञ्चित कोषवाट कूल प्रक्षेपित खर्च रु.७ अर्व १४ करोडको वाँडफाँडमा सर्वाधिक बढी सामाजिक क्षेत्र रु. २ अर्व ४३ करोड, पूर्वाधार क्षेत्रमा रु. २ अर्व ७१ करोड, आर्थिक क्षेत्रमा रु. ६४ करोड, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा रु. २८ करोड र संस्थागत विकास र सुशासनका क्षेत्रमा रु.१ अर्व ७ करोड रहेको छ। (तालिका–२)

नगरपालिकाको संञ्चित कोषवाट आवधिक योजना अन्तर्गत प्रक्षेपित कूल खर्च रु.७ अर्व १४ करोड मध्येवाट आर्थिक क्षेत्र अन्तर्गत प्रक्षेपित जम्मा खर्च रु. ६४ करोड रकमवाट यस सम्बन्धी उपक्षेत्रहरुः कृषि तथा पशुपालन, पर्यटन, सहकारी, उद्योग, वाणिज्य तथा आपूर्ति सेवा, वित्तीय क्षेत्र र वैदेशिक रोजगारी सम्वद्ध कार्यक्रमहरुमा खर्च गरिनेछ। सामाजिक क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु. २ अर्व ४३ करोड रकमवाट यस सम्बन्धी उपक्षेत्रहरुः शिक्षा, स्वास्थ्य, जनसंख्या तथा पोषण, युवा तथा खेलकुद विकास, खानेपानी तथा सरसफाइ क्षेत्र र लैङ्गिक समानता, सामाजिक समावेशीकरण एवं संरक्षण तथा सुरक्षा सम्बद्ध कार्यक्रमहरुमा खर्च गरिनेछ। पूर्वाधार क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु. २ अर्व ७१ करोड रकमवाट यस सम्बन्धी उपक्षेत्रहरुः यातायात पूर्वाधार एवं सहरी तथा कृषि सडक, सिँचाइ, विद्युत र ऊर्जा, आवास, भवन तथा शहरी विकास र सुचना र सञ्चार सम्वद्ध कार्यक्रमहरुमा खर्च गरिनेछ। वन तथा भू-संरक्षण, वातावरण र विपद् व्यवस्थापन क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु. २८ करोड रकमवाट यसका उपक्षेत्रहरु सम्वद्ध कार्यक्रमहरुमा खर्च गरिनेछ। संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.१ अर्व ७ करोड रकमवाट यस सम्बन्धी उपक्षेत्रहरु सम्वद्ध कार्यक्रमहरुमा खर्च गरिनेछ। घोडाघोडी नगरपालिकाको आवधिक योजना (२०८०/०८१–२०८४/०८५) मा प्रक्षेपित कूल खर्चको अनुमानित औषत वार्षिक वृद्धि दर १० प्रतिशत रहेको छ।

## तालिका– २


## नगरपालिकाको संञ्चित कोषवाट सार्वजनिक खर्चको वाँडफाँड

## (आ.व २०७९/८० को मूल्यमा)

**रु. हजारमा**

| क.सं. | विवरण | ०७९/०८० को स्वीकृत यथार्थ ( आधार वर्ष) | ०८०/०८१ अनुमान | ०८१/०८२ प्रक्षेपण | ०८२/०८३ प्रक्षेपण | ०८३/०८४ प्रक्षेपण | ०८४/०८५ प्रक्षेपण | आवधिक योजनाको जम्मा (२०८०/०८१ - २०८४/०८५) | औषत वृद्धी प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **कूल बजेट खर्चको वर्गीकरण** | **१०६४५८६** | **११७१०४५** | **१२८८१४९** | **१४१६९६४** | **१५५८६६०** | **१७१४५२६** | **७१४९३४४.४** | १० |
| १.१ | चालु बजेट | ६२२८१२ | ६८५०९३.२ | ७५३६०२.५२ | ८२८९६२.७७ | ९११८५९.०५ | १००३०४५ | ४१८२५६२.५ | १० |
| १.२ | पुँजीगत बजेट | ४४१७७४ | ४८५९५१.४ | ५३४५४६.५ | ५८८००१.१९ | ६४६८०१.३१ | ७११४८१.४४ | २९६६७८१.८९ | १० |
| २ | **कूल बजेट खर्चको क्षेत्रगत बाँडफाँड** | **१०६४५८६** | **११७१०४५** | **१२८८१४९** | **१४१६९६४** | **१५५८६६०** | **१७१४५२६** | **७१४९३४४.४** | **क्षेत्रगत अनुपात** |
| २.१ | आर्थिक विकास | ९५८१२.७ | १०५३९.।०१ | ११५९३३.४२ | १२७५२६.७६ | १४०२७९.४३ | १५४३०७.३८ | ६४३४४०.९९ | ९ |
| २.२ | सामाजिक विकास | ३६१९५९ | ३९८१५५.१६ | ४३७९७०.६८ | ४८१७६७.७५ | ५२९९४४.५२ | ५८२९३८.९८ | २४३०७७७.०९ | ३४ |
| २.३ | पूर्वाधार विकास | ४०४५४३ | ४४४९९६.९५ | ४८९४९६.६४ | ५३८४४६.३१ | ५९२२९०.९४ | ६५१५२०.०३ | २७१६७५०.८७ | ३८ |
| २.४ | वतावरण तथा विपद व्यवस्थापन | ४२५८३.४ | ४६८४१.७८ | ५१५२५.९६ | ५६६७८.५५ | ६२३४६.४१ | ६८५८१.०५ | २८५९७३.७७ | ४ |
| २.५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५९६८८ | १७५६५६.६९ | १९३२२२.३६ | २१२५४४.५९ | २३३७९९.०५ | २५७१७८.९६ | १०७२४०१.६६ | १५ |

**अर्थ मन्त्रालय, प्रदेश सरकार तथा नगरपालिकाको अभिलेखमा आधारित**




### ३.८.४ संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रम अन्तर्गत सार्वजनिक खर्च

नगरपालिकाको संञ्चित कोषबाट खर्च हुने रकम बाहेक संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रम अन्तर्गत क्षेत्रगत आधारमा विषयगत आवधिक योजनामा कूल रु. १ अर्ब ८५ करोड खर्च हुने प्रक्षेपण गरिएको छ । प्रत्यायोजित कार्यक्रम अन्तर्गत संघको सामाजिक सुरक्षा कार्यक्रम, संघीय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु लगायत संघ र प्रदेशबाट प्रत्यायोजित गरिने अन्य कार्यक्रमहरुलाई समेटिने छ । उल्लेख भए अनुसार संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रमको रकम नगरपालिकाको संञ्चित कोष बाहिरबाट जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयद्वारा निकासा हुने भएता पनि नगरपालिकाको आर्थिक सामाजिक विकासका लागि खर्च हुने भएबाट सार्वजनिक खर्च अन्तर्गत समावेश गरिएको छ ।

### ३.८.५ सार्वजनिक खर्च व्यहोर्ने स्रोतहरु

घोडाघोडी नगरपालिकाको आवधिक योजना कार्यान्वयनका लागि आवश्यक खर्च जुटाउन संघ र प्रदेशको अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरु पनि परिचालन गरिनेछ । यस नगरपालिकाको आन्तरिक स्रोतहरु कम भएकोले संघ र प्रदेशबाट हुने वित्तीय हस्तान्तरण माथि बढी भन्दा बढी निर्भर रहनु पर्ने बाध्यता छ । यसै परिप्रेक्ष्यमा आ.व. २०७८/७९ को तुलनामा आ.व. २०७९/८० संघबाट हस्तान्तरण हुने रकमहरुमा भएको १२ प्रतिशत वृद्धिलाई उत्साहवर्द्धक मान्न सकिन्छ ।




यसै गरी आवधिक योजनाको आगामी वर्षहरुमा पनि संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा क्रमिक वृद्धि हुदै जाने अनुमान गएिको छ । प्रक्षेपण अनुसार संघबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँड, विशेष अनुदान र समपूरक अनुदानबाट करिब रु.५ अर्ब ६८ करोड वित्तीय हस्तान्तरण हुने अनुमान गरिएको छ । प्रक्षेपण अनुसार संघबाट कूल रु.५ अर्ब ६८ करोड वित्तीय हस्तान्तरण हुनेमध्ये वित्तीय समानीकरण अनुदान रु.१ अर्ब २०

करोड, सशर्त अनुदान रु.२ अर्व २० करोड, राजस्व बाँडफाँड रु.१ अर्व ५७ करोड, विशेष अनुदान रु.४४ करोड र समपूरक अनुदान रु.२६ करोड प्राप्त हुने अनुमान गरिएको छ ।

यसै गरी प्रदेशवाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व वाँडफाँड, विशेष अनुदान र समपूरक अनुदानवाट करिव रु.४४ करोड प्राप्त हुने अनुमान गरिएको छ । प्रक्षेपण अनुसार प्रदेशवाट कूल रु.४४ करोड वित्तीय हस्तान्तरण हुने रकममध्ये वित्तीय समानीकरण रु.१० करोड, सशर्त अनुदान रु.१६ करोड, राजस्व वाँडफाँड ४ करोड, विशेष अनुदान रु.६ करोड र समपूरक अनुदान रु.६ करोड प्राप्त हुने अनुमान गरिएको छ ।

वैदेशिक अनुदानतर्फ करिव रु.२ करोड वित्तीय हस्तान्तरण हुने अनुमान छ । यस प्रकार संघ र प्रदेशवाट समष्टिगत रुपमा नगरपालिकाको आवधिक योजना अवधिमा वैदेशिक स्रोत समेत गरी कूल रु.६ अर्व १५ प्रतिशत रकम घोडाघोडी नगरपालिकाको संञ्चित कोषमा जम्मा हुने अनुमान छ ।

नगरपालिकाको आन्तरिक राजस्ववाट रु.४५ करोड, स्थानीय संञ्चित कोष अन्तर्गत आयोजना विशेष प्राप्त हुने अनुमानित अन्य रकम रु. ४ करोड तथा अघिल्लो आर्थिक वर्षवाट जिम्मेवारी सरेको नगद मौज्दात रु.५२ करोड गरी करिव रु.१ अर्व २ करोड आन्तरिक रुपमा प्राप्त हुने अनुमान गरिएको छ । समष्टिगत रुपमा विभिन्न स्रोतहरुवाट गरी आवधिक योजनामा कूल रु. ७ अर्व १४ करोड घोडाघोडी नगरपालिकाको संञ्चित कोषमा जम्मा हुने अनुमान छ ।

यसै गरी नगरपालिकाको संञ्चित कोषमा प्राप्त हुने वाहेक संघ र प्रदेश दुवै तहवाट नगरपालिकाको संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रम अन्तर्गत क्षेत्रगत आधारमा आवधिक योजना अवधिमा कूल रु. १ अर्व ८५ करोड प्राप्त हुने अनुमान गरिएको छ । माथि उल्लेख भए अनुसार सार्वजनिक स्रोत अन्तर्गत नगरपालिकाको संञ्चित कोषमा प्राप्त हुने रु. ७ अर्व १४ करोड र संघ तथा प्रदेशवाट प्रत्यायोजित कार्यक्रम अन्तर्गत प्राप्त हुने रु. १ अर्व ८५ करोड गरी कूल रु. ९अर्व २ करोड प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

## तालिका–३
## आय प्राप्ति तथा वजेट खर्च व्यहोर्ने स्रोतहरु

**रु. हजारमा**

| क्र.सं. | विवरण | २०७९/८० को स्वीकृत यथार्थ (आधार वर्ष) | २०८०/८१ अनुमान | २०८१/८२ प्रक्षेपण | २०८२/८३ प्रक्षेपण | २०८३/८४ प्रक्षेपण | २०८४/८५ प्रक्षेपण | आवधिक योजनको जम्मा ( २०८०/८१–२००८४/८५) | औषत वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| **१** | **संघीय सरकारको अनुदान** | **८७६९११** | **९५१९२७** | **१०३४८८५** | **११२६७७६** | **१२२८७२३** | **१३४२००४** | **५६८४३१५** | १७ |
| १.१ | वित्तीय समानीकरण अनुदान | २०७००० | २१७३५० | २२८२१८ | २३९६२८ | २५१६१० | २६४१९० | १२००९९६ | ५ |
| १.२ | सशर्त अनुदान | ३६९८४७ | ३९२०३८ | ४१५५६० | ४४०४९४ | ४६६९२३ | ४९४९३९ | २२०९९५४ | ६ |
| १.३ | राजस्व बाँडफाँड | २०२५६४ | २३२९४९ | २६७८९१ | ३०८०७५ | ३५४२८६ | ४०७४२९ | १५७०६२९ | १५ |
| १.४ | विशेष अनुदान | ५८५०० | ६६६९० | ७६०२७ | ८६६७० | ९८८०४ | ११२६३७ | ४४०८२८ | १४ |
| १.५ | समपूरक अनुदान | ३९००० | ४२९०० | ४७१९० | ५१९०९ | ५७१०० | ६२८१० | २६१९०९ | १० |
| **२** | **प्रदेश सरकारको अनुदान** | **४२७३०** | **७६४१३** | **८१९३५** | **८७९०३** | **९४३५६** | **१०१३३८** | **४४१९४५** | **१८** |
| २.१ | समानीकरण अनुदान | १५४२६ | १६९६९ | १८६६५ | २०५३२ | २२५८५ | २४८४४ | १०३५९५ | १० |
| २.२ | सशर्त अनुदान | ० | ३०००० | ३१५०० | ३३०७५ | ३४७२९ | ३६४६५ | १६५७६९ | ५ |

रु. हजारमा

| क्र.सं. | विवरण | २०७९/८० को स्वीकृत यथार्थ (आधार वर्ष) | २०८०/८१ अनुमान | २०८१/८२ प्रक्षेपण | २०८२/८३ प्रक्षेपण | २०८३/८४ प्रक्षेपण | २०८४/८५ प्रक्षेपण | आवधिक योजनको जम्मा ( २०८०/८१–२००८४/८५) | औषत वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.३ | राजस्व बाँडफाँडको रकम | ६००३.९ | ६६०४ | ७२६५ | ७९९१ | ८७९० | ९६६९ | ४०३२० | १० |
| २.४ | विशेष अनुदान | ९५०० | १०४५० | ११४९५ | १२६४५ | १३९०९ | १५३०० | ६३७९८ | १० |
| २.५ | समपूरक अनुदान | ११८०० | १२३९० | १३०१० | १३६६० | १४३४३ | १५०६० | ६८४६३ | ५ |
| **३** | **वैदेशिक अनुदान** | **०** | **३०००** | **४०००** | **५०००** | **६०००** | **७०००** | **२५०००** | **–** |
| **४** | **वैदेशिक ऋण** | **०** | | | | | | **०** | **–** |
| **५** | **आन्तरिक राजस्व** | **५४९४५** | **६४२८६** | **७५२१४** | **८८००१** | **१०२९६१** | **१२०४६४** | **४५०९२५** | १७ |
| **६** | **अन्य आय** | **९००००** | **७८४२०** | **९६११५** | **११४२८५** | **१३२६२०** | **१५०७२०** | **५७२१६०** | १३ |
| **६.१** | (स्थानीय सञ्चित कोष अन्तर्गत आयोजना विशेष प्राप्त हुने अन्य रकमहरू) | ० | २५०० | २७०० | ३००० | ३२०० | ३५००० | ४६४०० | |
| ६.२ | मौज्दात अ.ल्या तथा हस्तान्तरण | ९०००० | ७५९२० | ९३४१५ | १११२८५ | १२९४२० | ११५७२० | ५२५७६० | |
| **७** | **कूल स्रोत (स्थानीय सञ्चित कोष अन्तर्गत नगरपालिकाको जम्मा प्राप्ति)** | **१०६४५८६** | **११७१०४५** | **१२८८१४९** | **१४१६९६४** | **१५५८६६०** | **१७१४५२७** | **७१४९३४५** | **१६** |
| **८** | **संघद्धारा प्रत्यायोजित कार्यक्रमहरू** | **२६०६४६** | **२९७७११** | **३२७८८२** | **३६०९२०** | **३९७११२** | **४३६७७३** | **१८२०३९७** | **१५** |
| ८.१ | सामाजिक सुरक्षा कार्यक्रम खर्च | २६०६४६ | २८६७११ | ३१५३८२ | ३४६९२० | ३८१६१२ | ४१९७७३ | १७५०३९७ | १० |
| ८.२ | संघीय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमअन्तर्गतका रकमहरू | | ६००० | ६५०० | ७००० | ७५०० | ८००० | ३५००० | |
| ८.३ | संघद्धारा प्रत्यायोजित अन्य कार्यक्रमहरू | | ५००० | ६००० | ७००० | ८००० | ९००० | ३५००० | १४ |
| **९** | **प्रदेशद्धारा प्रत्यायोजित कार्यक्रमहरू** | **०** | **४०००** | **५०००** | **६०००** | **७०००** | **८०००** | **३००००** | **१३** |
| ९.१ | प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | |
| ९.२ | प्रदेशद्धारा प्रत्यायोजित अन्य कार्यक्रमहरू | | ४००० | ५००० | ६००० | ७००० | ८००० | ३०००० | **१३** |
| १० | **कूल जम्मा** | **१३२५२३२** | **१४७५७५६** | **१६२५०३१** | **१७८८८८४** | **१९६८७७२** | **२१६६३००** | **९०२४७४२** | **१६** |
| अर्थ मन्त्रालय, प्रदेश सरकार तथा नगरपालिकाको अभिलेखमा आधारित | | | | | | | | | |

## ३.८.६ बहुपक्षीय स्रोतहरुको परिचालन

नेपालको संविधानद्धारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्वन्धी नीति अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने भनि उल्लेख गरिएको छ । यस परिप्रेक्ष्यमा घोडाघोडी नगरपालिकाको आवधिक योजनाको विकास रणनीति अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रका बीचमा सहकार्य एवं साझेदारीलाई

बढावा दिइने छ । यसै गरी आवधिक योजनाद्धारा प्राथमिकीकरण गरिएका विकास कार्यक्रमहरुमा गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग पनि नेपाल सरकारद्वारा निर्दिष्ट मापदण्ड भित्र रहेर सहकार्य गरिने छ । घोडाघोडी नगरपालिकाको आवधिक योजनामा सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र तथा र गैर सरकारी/अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुवाट गरी निम्न बमोजिम कूल रु.३ अर्व ७० करोड स्रोतहरुको परिचालन गरी विकास सम्वद्ध कार्यहरुमा लगानी गरिने अनुमान छ ।

### (क) सार्वजनिक क्षेत्रवाट स्रोत परिचालन

घोडाघोडी नगरपालिकाको विद्यमान स्थितिमा तुलनात्मक रुपमा निजी तथा सहकारी क्षेत्र कमजोर रहेकोले यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि नगरपालिकाले प्राप्त गर्ने सार्वजनिक स्रोतहरुलाई वढीभन्दा वढी परिचालन गर्दै नगरपालिकाको अगुवाईमा निजी र सहकारी क्षेत्रसँगको प्रवर्द्धनात्मक सहकार्यलाई प्रोत्साहित गरिनु पर्नेछ । नगरपालिकाको सार्वजनिक स्रोतहरु अर्न्तगत सबै प्रकारका आन्तरिक स्रोतहरु करिव २२ प्रतिशत मात्र रहेकोले संघ र प्रदेशवाट हुने वित्तीय हस्तान्तरण माथि वढी निर्भर रहनु पर्ने अवश्यक छ । तथापि आगामी दिनहरुमा अन्तर सरकारी वित्तीय हस्तान्तरण माथीको बढी निर्भरतालाई कम गर्न आन्तरिक राजस्वको अनुपातलाई क्रमिक रुपमा विस्तार गर्दे लाने तर्फ विशेष रुपमा पहल गरिनु पर्नेछ । आवधिक योजनाको अवधिमा नगरपालिकाको संञ्चित कोष मार्फत कूल रु. ७ अर्व १४ करोड परिचालन हुने अनुमान छ ।

सार्वजनिक स्रोत अन्तर्गत नगरपालिकाको वजेट संरचना बाहिर संघ र प्रदेश तहबाट प्रत्यायोजित क्षेत्रगत कार्यक्रमको आधारमा उपलब्ध गराइने रकमहरुलाई पनि आवधिक योजनमा समेटिएको छ । तर, यस प्रकार संघ र प्रदेशद्धारा प्रत्यायोजित कार्यक्रमहरुको प्राथमिकीकरण र वजेट विनियोजनमा नगरपालिकाको कुनै भूमिका नरहने हुँदा नगरपालिकाको कार्यक्रमहरुसँग दोहरोपन हुने र नगरपालिकाको प्राथमिकीकरणमा नपरेका कार्यक्रमहरु प्रत्यायोजित हुन सक्ने सम्भावना रहन्छ । आवधिक योजनाको अवधिमा प्रत्यायोजित कार्यक्रमहरु कूल रु. १ अर्व ८५ करोड परिचालन हुने अनुमान गरिएको छ । माथि उल्लेख भए वमोजिम आवधिक योजनाको अवधिमा सार्वजनिक स्रोतहरु अन्तर्गत कूल रु. ९ अर्व २ करोड परिचालन हुने प्रक्षेपण गरिएको छ ।

### (ख) सहकारी क्षेत्रबाट स्रोत परिचालन

नेपालको संविधानद्धारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने भन्ने स्पष्ट उल्लेख गरिएको छ । घोडाघोडी नगरपालिकाको आर्थिक सामाजिक विकासमा सहकारी क्षेत्रवाट उल्लेख्य योगदान पुग्न सक्ने सम्भावना देखिन्छ । यस नगरपालिकामा दर्ता भएका ४९ वटा सहकारी संस्थाहरु मध्ये हाल २७ वटा सहकारी संस्थाहरु मात्र सञ्चालनमा रहेका छन् । सञ्चालनमा रहेका सहकारी संस्थाहरु मध्ये धेरै वचत तथा ऋण सम्बन्धित भएवाट आर्थिक विकासमा सहकारी क्षेत्रवाट खासै योगदान रहेको छैन । घोडाघोडी नगरपालिका मुख्य राजमार्गसंग जोडिएको पालिका तथा सडक संजालहरु सवै वडाहरुमा जोडिएको, यहाँ रहेको घोडाघोडी ताल तथा विभिन्न प्रकारका यहाँ पाइने कृषि तथा वन जन्य उपजहरु, उपलब्ध विभिन्न प्रकारका जडीवुटी, पर्यटन व्यवसायका अवसरहरु र उपभोक्ता सहकारी पसलका सम्भावनाहरुलाई विचार गर्दा आगामी दिनहरुमा यस नगरपालिकामा सहकारी क्षेत्रमा उद्यमशीलताको विकास भई आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने अपेक्षा गरिएको छ ।

आवधिक योजनामा सहकारी क्षेत्रको विस्तारवाट आर्थिक तथा सामाजिक क्षेत्रहरुमा गरी करिव रु. ११ अर्व ३१ करोडको लगानी हुने अनुमान गरिएको छ ।

### (ग) निजी क्षेत्रवाट स्रोत परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने उल्लेख गरिएको छ । घोडाघोडी नगरपालिका मुख्य राजमार्गसंग जोडिएको पालिका तथा सडक संजालहरु सवै वडाहरुमा जोडिएको, यहाँ रहेको घोडाघोडी ताल तथा विभिन्न प्रकारका यहाँ पाइने कृषि तथा वन जन्य उपजहरु, उपलब्ध विभिन्न प्रकारका जडीवुटी, पर्यटन व्यवसायका अवसरहरुलाई उपयोग गर्दै सम्भाव्य उद्योग व्यवसायको विकास तथा विस्तार गरिनु पर्ने छ ।

यस नगरपालिकामा हाल लघु तथा घरेलु स्तरका उद्योगहरु १५९ वटा मात्र रहेका छन । यस स्थितिमा सुधार गरी निजी क्षेत्रवाट नगरपालिकाको आर्थिक विकासमा सघाउन आवधिक योजनामा स्थानीय कच्चा पदार्थहरुमा आधारित बढी मुल्य अभिवृद्धि हुने उत्पादनशील उद्योगहरुको सम्भाव्यता अध्ययन गरी विस्तार गरिने छन । औद्योगिक प्रवर्द्धनका लागि आवश्यक सीप, पुँजी तथा उद्यमशीलताको विकास गरिनेछ । स्थानीय कृषि तथा वन जन्य उपजहरुको संरक्षण गर्न शीत गृहको निर्माण गरिनेछ । यसै गरी नगरपालिकाद्वारा निजी क्षेत्रमैत्री कर नीति अनुसरण गरी विभिन्न सुविधाहरु प्रदान गरिनेछ । पर्यटनलाई उद्योग व्यवसायको रुपमा निजी क्षेत्रको लगानी तथा अगुवाईमा विस्तार तथा विकास गरिने छ । यस नगरपालिका क्षेत्रमा निजी क्षेत्रवाट तालमा माछा तथा पर्यटन पुर्वाधार आयोजनाहरु निर्माण तथा सञ्चालन गर्ने सम्भावनाहरु पनि रहेका छन । यसै गरी नगरपालिकामा उपभोग्य वस्तुहरुको आपूर्तिलाई सहज तुल्याउन एवं स्थानीय उत्पादनको वजारीकरणमा सघाउन निजी क्षेत्रको लगानीमा वृद्धि गर्नमा सघाउ पुऱ्याइने छ । पर्यटन लगायत उद्योग व्यवसायमा निजी क्षेत्रवाट आवधिक योजनाको अवधिमा करिव रु. १ अर्व ६४ करोडको लगानी योगदान हुने अनुमान गरिएको छ ।

### (घ) गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुवाट स्रोतहरुको परिचालन

घोडाघोडी नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा हाल विभिन्न गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु क्रियाशील रही आएका छन् । स्थानीय तहमा कार्य गर्ने स्थानीय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाको कार्यक्रम नगरपालिकाको वार्षिक कार्यक्रममा उल्लेख हुनुपर्ने हुन्छ । यस अनुसार आ.व. २०७९/०८० मा यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि करिव ३४ वटा विभिन्न गैर सरकारी तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुवाट नगरपालिकाको वार्षिक निति तथा कार्यक्रममा आफ्ना कार्यक्रमहरु समाविष्ट गरेका छन । आवधिक योजनाको अवधिमा विभिन्न गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुवाट करिव रु. ४४ करोडको लगानी हुने अनुमान गरिएको छ ।

# परिच्छेद -४
# आर्थिक क्षेत्र

खाद्य सुरक्षा, मर्यादित तथा सुरक्षित रोजगारी र सुनिश्चित आय जस्ता संवैधानिक अधिकारको सुनिश्चितता र यसको कार्यान्वयन गर्न संघ, प्रदेश एवं स्थानीय सरकारको भूमिका अनिवार्य छ । यस नगरपालिकाको आर्थिक विकासका मुख्य स्तम्भहरूमा कृषि, पर्यटन र व्यापार व्यवसाय रहेका छन् । नेपालको संविधानको **अनुसूची- ८** मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरू दिगो विकासको **लक्ष्य-१ (शुन्य गरिबी), लक्ष्य-२ ( भोकमरीको अन्त्य) लक्ष्य-८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य-१० (असमानताको न्यूनीकरण)** सँग जोडिएका छन् । यस क्रममा घोडाघोडी नगरपालिकाले समग्र आर्थिक विकास र खाद्य सुरक्षाको सुनिश्चितताका लागि संघ तथा प्रदेश सरकारको कानून, नीति, योजना र लक्ष्यको आधारमा समग्र आर्थिक विकासको खाका तयार गरेको छ । आर्थिक विकासका लागि प्रमुख सम्भाव्य श्रोतका रूपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन र सहकारी जस्ता क्षेत्रको बिद्यमान अवस्था, समस्या तथा चुनौति एवं उद्देश्य, लक्ष्य परिमाण र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा प्रमुख कार्यक्रमहरू यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

कैलाली जिल्लाको जम्मा क्षेत्रफल मध्ये तेस्रो ठुलो भुगोल ३५४.४४ वर्ग किमि क्षेफल ओगटेको घोडाघोडी नगरपालिकामा बसोबास गर्ने अधिकाशं मानिसहरुको पेशा कृषि र पशुपालन हो । घोडाघोडी नगरपालीकाको कुल क्षेत्रफलको ३५.१५ प्रतिशत जमिन खेतियोग्य रहेको छ, भने ४४.४७ प्रतिशत भू-भाग वन तथा चरण क्षेत्रले ओगटेको रहेकोछ, त्यसैगरी २.२१ प्रतिशत आवास क्षेत्र, २.४९ क्षेत्रफल नदी नाला, औद्योगिक एवं व्यापारीक क्षेत्र २.७७ प्रतिशत, त्यसै गरि बाटो घाटो तथा सडकले ओगटेको क्षेत्र १४.९८ प्रतिशत रहेकोछ यस नगरपालिकामा प्राय सबैजसो जमिनमा खेती गरिएको छ ।

यस नगरपालिकाको भू-स्वामित्वको तथ्यांक हेर्दा, २३.६० प्रतिशत परिवारको नाममा खेती योग्य जमिनको भू-स्वामित्व नरहेको छ । खेतीयोग्य जमिनको क्षेत्रफल मध्ये सबै भन्दा वढी ८८०० विगा खेतबारी भएको जमिन छ भने ऐलानी ६२३६ बिगाहा, पाखोवारी ८१ विगाहा, वन ६९० बिगाहा रहेको छ ।

यस नगरपालिकाको कृषि उत्पादनको क्षेत्रमा मुख्य बालीको रुपमा धान प्रति वर्ष ११४८४.७ मे.टन, गहुँ प्रति वर्ष ८१११.१ मे.टन, मकै प्रति वर्ष १९४.३ मे.टन, फलफुल २७९.१ मे.टन, दलहन १०१५.७ मे.टन, आलु ९२९.२ मे.टन, तेलहन ९४७.३ मे.टन., तरकारी ७८३.१ मे.टन.उत्पादन हुन्छ ।

घोडाघोडी नगरपालिकामा पशुपन्छी तथा सोबाट हुने उत्पादनको अवस्था सम्वन्धी विश्लेषण गर्दा वार्षिक रुपमा मासु १२,६९,२५० के.जी. दुध ८७,४९,९८० लिटर, मह ६,७२० के.जी. र अण्डा ३४,३९,८०० गोटा उत्पादन हुन्छ ।

घोडाघोडी नगरपालिका अवस्थित साना ठुला ६८ वटा विभिन्न सार्वजनिक पोखरी तथा तालतलैयाहरु रहेकाछन् । वडा नं. २ र १ मा सबैभन्दा बढि ताल र पोखरी रहेका छन् भने वडा नं. ६, ७ र ९ मा कुनै पनि तालतलैया र प्राकृतिक पोखरी छैन । यस नगरपालिकाको आन्तरिक आयको एक मुख्य श्रोतको रुपमा यहाँका ताल तलैयाहरु पनि रहेका छन् ।

### ४.१.२ समस्या तथा चुनौती

यस नगरपालिकामा सिचाई, मल, बिउ बिजनहरुको अभाव छ, त्यसैगरि बजारीकरणको समस्या, रोग र किराका कारण उत्पादनमा ह्रास, कृषि यन्त्रको अभाव, अनियन्त्रित र असन्तुलित जीव नासक बिषादी एण्टिबायोटिक्स तथा रसायनिक पर्दाथको बढ्दो प्रयोग, मल विउ विजन समयमा नपाउनु, व्यवस्थित हाट वजार नहुनु, दुधमा आत्म निर्भर नहुनु, खुला सिमानाका कारण स्थानीय उत्पादनको मुल्य नपाउनु, जलवायु परिवर्तन तथा अन्य प्राकृतिक बिपत्तिका कारण उत्पादकत्वमा ह्रास आएको, स्वाथ्य सरसफाई तथा खाने व्यवहार सम्बन्धी जनचेतनाको कमीले खाद्य सुरक्षा र पोषणका क्षेत्रमा जटिलता ल्याएको, खाद्य बस्तुको अनियन्त्रित मुल्य बृद्धिले खाद्यको पहुँचमा समस्या, बर्षैभरी सिंचाइको भरपर्दो सेवा पुर्याउन नसक्नु, निर्माण भएका सिचाई प्रणालीको प्रयाप्त मर्मत सम्भार नहुनु, कृषि उत्पादकत्व बृद्धि गर्न भौतिक पूर्वाधारहरु जस्तैः सडक, सिचाई, कृषि बजार, गोदाम घर, बिजुली आदिको अपर्याप्तता, उन्नत नश्ल तथा बीउको प्रतिस्थापन दर न्युन रहेको, जमीनको तीब्र खण्डिकरण, अनुसन्धानका लागि प्रयोगशाला लगायतका पूर्वाधारको कमी, अधिकांश कृषक, छाडा पशु चौपायाहरुको बिगविगी, किसानहरुको पहिचान नहुनु, रैथाने बाली लोप हुदै जनु, लक्षीत बर्गसम्म अनुदानको पहुचँको कमी हुनु, युवा बर्गको कृषिमा आर्कषण हट्दै जानु र माटोको क्षयीकरण हुदै जानु आदि यस नगरपालिकाका समस्या तथा चुनौतीहरु रहेका छन् ।

### ४.१.३ संभावना तथा अवसर

यस नगरपालिका अवस्थित कृषि तथा पशुपन्छी प्रयाप्त मात्रामा सम्भावना तथा अवसरहरु रहेका छन् मासुमा आत्मनिर्भरता उन्मुख, आधुनिक प्रबिधि सहतिको विषय बिशेषज्ञ सेवा हुनु पर्ने, कृषि सम्बन्धी आधुनिक र उन्नत यन्त्रको प्रयोगमा जोड दिनु पर्ने, मुल्य अभिबृद्धि सहित बजारको सुनिश्चितता सरकारी पक्षबाट हुनु प्रर्ने, उन्नत वीउ उत्पादनमा जोड दिनुपर्ने, सम्भाव्यता अध्ययन गरी पहिचान भएका वालीहरुको पकेट निर्धारण हुनु पर्ने, प्राङ्गारिक मलको प्रयोगमा जोड गरी उत्पादन र उत्पादकत्वमा जोड दिनु पर्ने, उन्नत वीउ उत्पादनमा जोड दिनु पर्ने, सम्भाव्यता अध्ययन गरी पहिचान भएका वालीहरुको पकेट निर्धारण हुनु पर्ने, सुपथ कृषि बिउ विजन विषयगत सहकारीले सरकारी निकाय संग समन्वय गरी सेवा प्रदान गर्ने जस्ता संभावना तथा अवसरहरु रहेका छन् ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**पशुपन्छीः**

**लक्ष्यः**

गुणस्तरिय र स्वच्छ पशु तथा पन्क्षीजन्य उत्पादन बृद्धि गरि आत्मनिर्भरता वढाउने ।

**उदेश्यः**

- मासु, दुध तथा अण्डामा आत्मनिर्भर, रोजगारी र आम्दानी बृद्धि गरि कुपोषण हटाउनु,
- पशुपन्क्षीजन्य पदार्थको उपभोगमा आत्मनिर्भर बन्दै निर्यात बढाउनु,
- पशुपन्छिको व्यवसायीकरण, बजारीकरण र यान्त्रिकरण प्रबर्द्धन गर्नु ।

| **रणनीति** | **कार्यनीति** |
| --- | --- |
| पशुपन्छी पालनलाई व्यवसायिक, प्रविधियुक्त र प्रतिस्पर्धी बनाई उत्पादन र उत्पादकत्व बढाउन उत्प्रेरित गर्ने । | • उच्च प्रतिफल दिने उन्नत नश्लका पशुपन्क्षीको श्रोतकेन्द्र स्थापना गर्ने ।<br>• व्यावसायिक पशुपालन कृषकहरुलाई खोर सुधार तथा प्राकृतिक नश्ल सुधारका लागि अनुदान सहयोगका कार्यक्रम सञ्चालन गर्ने ।<br>• कृतिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तर गरि उन्नत नश्लका पशुहरुको संख्यामा बृद्धि ।<br>• पशुपन्छीको दानामा प्रयोग हुने मकै, भटमास जस्ता बालीहरु र घाँस खेतिको प्रबर्द्धन गरी गुणस्तरीय पशुआहारको उपलब्धता बढाईने ।<br>• पशु चरन तथा आहाराको लागी बाझो जग्गाहरुमा घाँस उत्पादनमा पहल गर्नुपर्ने ।<br>• पशुसेवाको पहुँच पुग्न नसकेको क्षेत्रका लागि पशुसेवा शिविरहरु संचालन गर्ने । |
| पशुपन्छी व्यवसायको बजार प्रबर्द्धन । | • सार्वजनिक निजि साझेदारी गरि दुध संकलन केन्द्र, चिस्यान केन्द्र, मिटमार्ट स्थापना गर्ने ।<br>• घरपालुवा चौपायाहरुको लगत राख्ने कार्य गर्ने ।<br>• पशुपन्छीको बजार स्थापना र प्रवर्द्धनमा सहयोग गर्ने ।<br>• बधशालादेखि भान्सासम्म स्वच्छ र स्वस्थ दुध कार्यक्रम अभियानका रुपमा संञ्चालन गरिनेछ । |
| पशुपन्छी व्यवसायको लागी आवश्यक स्वास्थ्य सेवा उपलव्ध । | • पशु स्वास्थ्य उपचारका लागी पशु उपचार केन्द्रलाई आधारभुत पशु अस्पताल स्थापना गरिनेछ ।<br>• पशु स्वास्थ्य उपचारका लागी पशु विमा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• पशु स्वास्थ्य उपचारका लागी वडा वडामा प्राबिधिकको व्यवस्था गरिनेछ ।<br>• पशुबाट मानिसमा सर्ने रोगहरुको नियन्त्रणका लागी कार्यक्रम गर्ने (रेबिज नियन्त्रणका लागी कुकुर बन्धयाकरण कार्यक्रम आदि) ।<br>• बिभिन्न रोगहरु नियन्त्रणको लागी खोप कार्यक्रम गर्ने ।<br>• मासु जाँच ऐन कार्यान्वन गर्न सहजिकरण गरिनेछ ।<br>• माछा, मासु डेरि, मिठाई पसलहरुको गुणस्तर बृद्धि गरिनेछ । |
| युवाहरुलाई आकर्षित गर्न पशुपन्छी व्यवसायका लागी बिशेष सहुलियत प्रदान गर्ने । | • दुध, अण्डा र मासु उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम लागु गरिनेछ ।<br>• पशुपालनमा युवाहरुलाई आकर्षण गर्न सिप बिकास, सहुलियतपुर्व रिण एवम् अनुदानको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| छाडा पशु नियन्त्रण तथा व्यवस्थापन । | • छाडा पशु नियन्त्रण गर्न पशु पहिचान गरि उचित व्यवस्थापन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- पशु नस्ल सुधार तथा कृतिम प्रजनन प्रर्बद्ध कार्यक्रम,
- पशु स्वास्थ्य तथा बिमा कार्यक्रम,
- गोठ सुधार तथा व्यवसायिक घाँस तथा दाना उत्पादन कार्यक्रम,
- आधुनिक बधशाला निर्माण,
- व्यवसायिक वाखापालन तथा कुखुरा पालन ।
- दुध संकलन केन्द्र तथा दुध चिस्यान प्रसोधन केन्द्र विस्तार तथा स्तरउन्नती कार्यक्रम
- दुध व्यबसाय प्रबर्द्धन तथा प्रसोधन अनुदान कार्यक्रम,
- माछापालन व्यबसाय अभिबृद्धिका लागि अनुदान तथा सहयोग कार्यक्रम,
- पशु रोग विरुद्धको खोप कार्यक्रम तथा पशु सेवा सिविर,
- पशु किसान क्षमता अभिबृद्धि कार्यक्रम,
- एक वडा एक पशु सेवा प्राविधिक कार्यकम ।

**कृषि**

**लक्ष्यः**

- कृषिको व्यवसायीकरण गरि उत्पादनमा बृद्धि गर्ने ।

**उदेश्य :**

- कृषि उत्पादनमा उल्लेख्य बृद्धि गरी किसानहरुको आम्दानी बढ्नु,
- कृषिलाई व्यबसायीकरण गर्नु,
- युवाहरुले आधुनिक कृषि पेशामा आबद्ध भई रोजगारीका नयाँ अवसर सृजना गर्नु,
- कृषि क्षेत्रलाई सम्माजनक र बिशिष्टीकृत ब्यबसायको रुपमा बिकास गर्नु,

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| कृषिलाई व्यवसायीकरण गरी खाद्यमा आत्म निर्भर बनाई गरिबी घटाउने । | • कृषिको व्यवसायीकरण कृषक मैत्री प्रविधि र यान्त्रिकरणलाई प्रोत्साहन तथा प्रर्बद्धन गरिनेछ ।<br>• खेतीयोग्य बाँझो जमिनलाई प्रयोगमा ल्याई सामुहिक खेति तथा करार खेतिको अवधारणा अधि बढाईनेछ ।<br>• आलु खेति तथा अन्य नगदेबालीको सम्भावना अध्ययन गरी तुलनात्मक लाभका बालीहरुलाई प्रबर्द्धन गरिनेछ । |
| नगरपालिकालाई कृषि केन्द्रको रुपमा बिकास गर्ने । | • किसानलाई समयमै उन्नत बिउ बिजन, मल तथा अन्य प्रविधिको व्यवस्थापन गर्न बिउबिजन तथा मल भण्डारण केन्द्रको स्थापना गरिनेछ ।<br>• स्थानिय उत्पादनको व्यवस्थित भण्डारण, संचय, गुणस्तर बृद्धि सहित व्यवसायीकरणका लागी कृषि उत्पादन संकलन केन्द्रको |

| | |
|---|---|
| | स्थापना एवम् चिस्यान केन्द्र निर्माण गरिनेछ । |
| युवालाई कृषिमा आकषित गर्न बिभिन्न सेवा तथा सुबिधाहरु उपलव्ध गराउने । | ● कृषि उत्पादन बृद्धिका लागी आवश्यक कृषि पुर्वाधार स्थापना र प्राविधिक जनशक्ति तयार गरिनेछ ।<br>● किसानलाई व्यबसायिक कृषिका लागी उत्पादनका आधारमा सहुलियत दरमा रिण तथा कृषि अनुदान दिईनेछ ।<br>● कृषि बिमामा सबै किसानहरुको पहुँच हुनेछ ।<br>● युवा मैत्री कृषि कार्यक्रम, कृषिमा आधारित साना तथा लघु उद्यम बिकास कार्यक्रम, युवा कृषि तालिम दिइनेछ । |

प्रमुख कार्यक्रमहरु

- व्यवसायीक कृषि अनुदान र छुट तथा सहुलियत ऋण,
- कृषि यान्त्रिकरण तथा बजारीकरण,
- नगदे बाली बजार प्रबर्द्धन,
- कृषि उपज भण्डारण केन्द्र स्थापना,
- कृषि प्रयोगशाला स्थापना,
- कृषि चिस्यान तथा शित भण्डार केन्द्र स्थापना तथा स्तरउन्नती,
- कृषिमा आधारित घरेलु तथा साना उद्योग प्रोत्साहन कार्यक्रम,
- कृषि ज्ञान केन्द्र स्थापना,
- किसान क्षमता अभिबृद्धि कार्यक्रम,
- कृषि विकास रणनीतिको कार्यान्वयन तथा समन्वय,
- पकेट क्षेत्र विकास कार्यक्रम,
- कृषि प्रसार सेवा,
- कृषक तालिम, अवलोकन तथा अध्ययन कार्यक्रम,
- कृषक पुरस्कार,
- रैथाने बीउ विजन विकास,
- साना किसान उत्थान कार्यक्रम,
- कृषि बीमा कार्यकम,
- कृषक उत्पादन समूहको गठन र परिचालन,
- साना कोल्ड स्टोरेज,
- कृषी पेन्सन कार्यकम तथा कृषि एम्बुलेन्स कार्यक्रम,
- एक वडा तिन कृषि प्राविधिक,
- जैविक खेती, बेमौसमी खेती,
- प्राङ्गारिक मल/जैविक मल,
- कृषक उत्पादन प्रदर्शनी,

- घोडाघोडी विउ उत्पादन केन्द्र,
- आकासे पानी संकलन तथा ट्यांकी निर्माण,
- खेतीयोग्य जमिनमा बस्ती विकासलाई निरुत्साहित,
- भु-उपयोग निति
- माटो र मौसम अनुकूल बाली प्रणालीको विकास,

### ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा ७५ प्रतिशत पुगेको हुने, न्यूनतम पाँच उच्च मूल्य बालीको व्यावसायिक खेती भएको हुने, कृषि उपज विक्री गर्ने कृषकको संख्या ३० प्रतिशत पुगेको हुनेछ, तरकारी र फलफूल खेतीमा संलग्न कृषक ५० प्रतिशत पुगेको हुने, उन्नत नश्लका पशुपालन ५० प्रतिशत पुगेको हुने, ३० प्रतिशत किसान व्यावसायिक कुखुरापालन र माछा पालनमा संलग्न भएको हुने, कम्तिमा ५ वटा ब्यवस्थित तरकारी बजार केन्द्र स्थापना भएको हुने, दूधमा आत्मनिर्भर भएको हुने, कम्तिमा १० वटा दुग्ध डेरी स्थापना भएको हुने ।

### ४.१.६ अनुमान तथा जोखिम पक्ष

प्रदेश तथा संधिय सरकारबाट निरन्तर सहयोग प्राप्त हुनेछ । महामारी तथा दैविक प्रकोपबाट हुने क्षतिमा कृषकहरूलाई क्षतिपूर्ति प्राप्त हुनेछ भने जोखिम पक्षमा स्रोत र साधनको अभाव,  सहयोगी तथा साझेदार संघ संस्था  बजार सञ्जाको अभाव, प्रविधिको अभाव, निर्माण समाग्रि मालखादको अभाव, रोग निरोधक औषधीको अभाव,  उन्नत जातको विउ विजन र नश्लको अभाव जस्ता जोखिम पक्ष हुन सक्छन् ।

## ४.२ सिंचाई

### ४.२.१ पृष्ठभूमि

कृषि कार्यलाई व्यवसायिक रुप प्रदान गर्न बाह्रै महिना सिंचाईको दिगो पूर्वाधार निर्माण विकास हुन अनिवार्य छ । नेपालको कुल २६ लाख ४१ हजार हेक्टर कृषि योग्य जमिन मध्ये करिव २२ लाख ६५ हजार हेक्टर जमिन मात्र सिंचाईयोग्य रहेको छ । घोडाघोडी नगरपालिकामा धेरै जसो घरपरिवारले सिंचाईका लागि खोला र डिपबोरिङ्ग प्रयोग गरिरहेको देखिएका छन् भने केहि घरपरिवारले भुमिगत सिंचाईपनि प्रयोग गर्ने गरेका छन् तथा नगरपालिकामा सिंचाई सुविधा प्राप्त भईरहेको र सिंचाई सुविधा उपलब्ध हुनसक्ने सम्भाब्य क्षेत्रको रुपमा रहेकोछ ।

त्यसै गरि यस नगरपालिकामा सिंचाईको लागी १० वटा नदी खोला, ३९ वटा सरकारी बोरिगं, १८९३ वटा निजि बोरिगं, ५३ वटा आर्टिजन धारा, ६ वटा डिप बोर ट्युबेल, १ वटा कुलो र १ वटा बाँध रहेका छन् यस क्षेत्रमा बहु चरर्चित रुपमा रहेको घोडाघोडि तालको पानी द्वारा पनि सिचाई भईरहेको छ भने त्यसै गरि कान्द्रा नदीको पानी द्वारा पनि सिचाई हुने गरेको छ ।

### ४.२.२ समस्या तथा चुनौती

अधिकांश सिंचाई पूर्वाधार प्राकृतिक खोला तथा खोल्सी प्रणालीमा आधारित भएका कारण बर्षै भरी एकै प्रकारले सिंचाईको सुविधा पुग्न नसक्नु, वर्तमान सिंचाई प्रणालीको नियमित मर्मत सम्भार हुन नसक्नु, सामान्य सेवा शुल्क नराख्दा सानो मर्मत संभारमा समेत स्थानिय तह समक्ष पुग्नु पर्ने अवश्यकता रहनु, सिंचाई सुविधा पुग्ने जग्गा जमिनमा नियमित र अधिक जमिनको खण्डिकरण हुदै जानु, सतह सिंचाइको स्रोत र भूमिगत स्रोतको समन्वयात्मक उपयोग हुन नसक्नु, बनजङ्गलको विनास र बाढी पहिरोका कारण पानीका श्रोतहरू सुक्दै हुँदै जानु, खोला जन्य निर्माण सामाग्रिको दोहन बढ्दै जानु, सिंचाई तथा जलउपयोगको दक्षता र विज्ञतामा कमि रहनु, सिंचाइ आयोजनामा पर्याप्त लगानीको अभाव रहनु जस्ता समस्या विद्यमान रहेका छन् ।

संघीय तथा प्रदेश सरकार र नगरपालिका बिच योजनाको प्राथमिकता र लगानीको सुनिश्चितता नहुनु, नगरपालिकाको आन्तरिक आय न्यून रहेका कारण लगानीको भरपर्दो आधार निर्माण गर्न, विगत देखि नै सञ्चालनमा रहेको सिंचाई प्रणालिको नियमित मर्मत सम्भार गर्न, ठूला प्रकृतिका सिंचाई योजना कार्यान्वयनमा ल्याउन, कृषि भूमिको कृषि कार्यका लागि संरक्षण गर्न, जलबायु परिवर्तनका कारण पानीको स्रोतमा हुन सक्ने सम्भावित जोखिमलाई न्यूनिकरण गर्न साथै उपलब्ध जलस्रोतको पूर्ण सदुपयोग गरी कृषि कार्यलाई दिगो बनाउने कार्यलाई प्रभावकारी बनाउने जस्ता कार्यमा यस पालिकाले चुनौतिको समाना गरिरहेको छ ।

### ४.२.३ संभावना तथा अवसर

कृषकहरूको माग र आवश्यकतामा आधारित कार्यक्रम हुनु, सामान्य रुपमानै भए पनि सिंचाई कार्यक्रमका लागि स्थानिय संध संस्था, कृषक र प्रदेश सरकारको साझेदारी नगरपालिकालाई प्राप्त हुनु, उपलब्ध जलस्रोतको बहुपयोगको सम्भावना रहनु, दिन प्रतिदिन नयाँ नयाँ प्रविधिको विकास र विस्तार हुँदै जानु, स्थानीय ऐन कानून नगरपालिका आफैले निर्माण गरी कार्यान्वनयमा ल्याउन सक्ने व्यवस्था हुनु, कृषि कार्य र व्यवसायिक कृषि प्रणाली प्रति स्थानीयबासी जनसमुदायको रुची बढ्दै जानु, कृषिको व्यवसायीकिकरणमा सम्लग्न हुन नीजि क्षेत्र समेत अग्रसर हुनु, सिंचाई पूर्वाधार निर्माण, विकास र संरक्षणमा स्थानीय कृषक उपभोक्ताको पहुँचमा बृद्धि हुँदै जानु, आवधिक योजना मार्फत यस क्षेत्रको विकास र विस्तारमा सम्बोधन तथा व्यवस्थापन गर्न नगरपालिका नीतिगत र संस्थागत रुपले तयार हुनु र सिंचाई पूर्वाधार विकासमा स्थानीयबासी कृषक तथा कृषक समूहहरूको माग बढ्दै जानु यस क्षेत्रको विकासका संभावनाहरू रहेका छन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

सम्पूर्ण कृषि योग्य जमिनहरूमा सिंचाई सुविधाको व्यवस्थापन गरि बाली उत्पादनमा १२ प्रतिशतले बृद्धि गर्नु ।

**उदेश्य :**

- बालीको उत्पादन र उत्पाकत्वमा बृद्धि गर्नु,
- बालीहरूको क्षेत्र विस्तार गर्नु,
- आधुनिक कृषि पद्धतितर्फ कृषकहरूलाई आकर्षित गर्नु,
- कृषकहरूको आय बृद्धि गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| सिंचाई विकास तथा व्यवस्थापन र प्रयोग सम्बन्धी स्थानीय ऐन नियम कार्यान्वयनमा ल्याउने । | • सिंचाई स्रोत उपयोग तथा व्यवस्थापनका लागि नगरपालिका स्तरीय ऐन कानून निर्माण गर्ने ।<br>• सिंचाई पूर्वाधार र सेवा तथा सेवा व्यवस्थापनको यथार्थ विवरण अध्यावधिक गर्ने । |
| सिंचाई गुरु योजना तर्जुमा गरी सिंचाई प्रस्तावित सिंचाई योजना तथा आयोजनाहरू विकास एवं विस्तार गर्ने । | • सिंचाई पूर्वाधारको विकास र एकीकृत प्रणालीको दिगो व्यवस्थपन गर्ने ।<br>• एकीकृत सिंचाई गुरुयोजना तर्जुमा गर्ने ।<br>• प्राविधिक, आर्थिक र वातावरणीय पक्ष बाट सम्भाब्य रहेका साना तथा भूमिगत साना सिंचाई प्राथमिकताका साथ निर्माण, विकास र विस्तार गर्ने । |
| संचाई प्रणालीको विकास गर्न संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार र स्थानीय उपभोक्ता बिच समन्वय र साझेदारी विकास गर्ने । | • अन्तर सरकर समन्वय सम्यन्त्रको निर्माण गरी प्रदेश र संघीय सरकार साथै छिमेकी पालिकाहरू सँग समन्वय र साझेदारी विकास गर्ने ।<br>• प्रदेश सरकारको सहयोगमा कान्द्रा नदीको पानी सिचाँईको लागी प्रयोगमा ल्याउने । |
| नगरपालिका, सम्बन्धित सरोकारवाला उपभोक्ता, र जनशक्तिको क्षमता विकास गर्ने । | • विद्यमान अवस्थामा यस नगरपालिका भित्र कृषिबाली पकेट क्षेत्र, तीनमा आधारित सेवा केन्द्र र कृषक समुहहरूको क्षमता विकास र बिस्तारकालागि थप सहयोग गर्ने ।<br>• पानीको उपयोग, उपादेयता र सदुपयोग, वितरण प्रणालीका बारेमा उपभोक्ता क्षमता विकास तालिम सञ्चालन गर्ने । |

**प्रमुख कार्यक्रमहरु**

- सामूहिक सिचांई, कृषी पकेट क्षेत्र सिचाई कार्यकम,
- सतह सिचाइ तथा भुमिगत सिंचाई कार्यकम,
- नयाँ प्रविधिमा आधारित सिचाइ,
- जलाशय तथा नदीको पानीलाई सिंचाइमा प्रयोग,
- रानीजमरा सिंचाइको नहरलाई जोड्ने कार्यकम,
- जलउपयोग स्रोत नक्साङ्कन,
- सिंचाइ आयोजनाको निर्माण,
- आयोजना मर्मत सम्भार र स्तरोन्नति,
- उपभोक्ता समितिको क्षमता विकास,

- मर्मत सम्भार कोष ।

### ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजनाको अन्त्य सम्ममा नगरक्षेत्रभित्रको सम्पूर्ण कृषि योग्य जमिन सिंचित भएको हुनेछ, आवधिक योजना अवधिको प्रथम बर्ष भित्र सिंचाई पूर्वाधारको र सिंचाई प्रणालीको विकास सम्बन्धी स्थानीय ऐन कानून निर्माण भई कार्यान्वयनमा आएको हुनेछ । बाँझो जमिन राख्ने प्रबृतिको अन्त्य भएको हुनेछ  र आवधिक योजनाको दोश्रो बर्ष भित्र सिंचाई गुरु योजना तर्जुमा भई कार्यान्वयन हुनुका साथै सिंचाईको कारण बाली उत्पादनमा १२ प्रतिशतले बृद्धि भएको हुनेछ ।

### ४.२.६ अनुमान तथा जोखिम पक्ष

सहज रुपमा आधुनिक प्रविधिको प्रयोग र व्यवश्थापन भएको हुँनेछ साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून रहेको हुनेछ । जोखिम पक्षमा स्रोत र साधनको अभाव,  सहयोगी तथा साझेदार संघ संस्था नहुनु, प्रविधि तथा उपकरणको अभाव,  निर्माण समाग्रि उपलब्भ नहुनु र प्राकृतिक प्रकोप हुनसक्छ ।

## ४.३ पर्यटन, सँस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

यस नगरपालिका क्षेत्रभित्र ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगोलिक रुपमा महत्वपूर्ण पर्यटकीय स्थलहरु रहेका छन् । नगरपालिकामा रामसार सुचीमा सुचिकृत भएको यस नगरको गहनाको रुपमा रहेको प्राकृतिक महत्वको घोडाघोडी ताल लगायत विभिन्न मठ मन्दिरहरुको उपलब्धताले यस नगरपालिकाको पर्यटकीय सम्भावनालाई प्रचुर बनाएको छ । यस नगरपालिका क्षेत्रमा भएका पर्यटकीय स्थलहरुको प्रचार प्रसार र उक्त स्थलहरुमा पर्यटन पूर्वाधारको विकास गर्न सकेमा दैनिक रुपमा सयौंको संख्यामा पर्यटक आगमन हुने गरेको छ । यस नगरपालिकामा घोडाघोडी ताल, चिडिया ताल र बुलबुले धारा लगायत थुप्रै सम्भावना भएका प्राकृतिक सम्पदा रहेका छन् । यस नगरपालिकामा यातायातको सुबिधा सगै होमस्टे लगायत होटेलको व्यवस्था भएको, घोडाघोडी, सिताकुण्ड सहितको ऐतिहासिक मठमन्दिर भएको, घना बनजंगल सहितको मनोरम वाताबरण भएको, घोडाघोडी ताल विश्व रामसारमा सुचिकृत भएको, पर्यटकको सुविधाका लागी आकस्मीक उपचार तथा सुरक्षाको व्यवस्था रहेको र पर्यटकका लागी घोडाघोडी परिसरमा पदयात्राको साथै तालमा डुङ्गा सयरको व्यवस्था रहेको छ ।

### ४.३.२ समस्या तथा चुनौती

यस नगरपालिकामा घोडाघोडी ताल भएता पनि पर्यटन व्यवसायलाई आम्दानीको स्रोत बनाउन नसकिएको, पर्यटन व्यवसायको सम्भावनामा ध्यान दिन नसकिएको, आन्तरिक पर्यटनबाट लाभ लिन नसकिएको, पर्यटन पुर्वाधारको मर्मत सम्भारमा जोड दिन नसकिएको, पर्यटन प्रबर्द्धन गर्ने खालका कार्यक्रमहरुमा चासो कम रहेको, पर्यटन विकासमा निजी क्षेत्रलाई प्रर्याप्त सहभागी गराउन नसक्नु, पर्यटन विकासमा  उद्यमशिलता विकासलाई जोड्न नसक्नु र नयाँ गन्तव्य स्थलहरुको पहिचान र व्यवस्थापन गर्न नसक्नु आदि जस्ता समस्या तथा चुनौति रहेका छन् ।

### ४.३.३ संभावना तथा अवसर

पर्यटन विकास बहुआयामिक, बहु प्रकृति र बहु स्वरुपको साथै मनोरञ्जन र आर्थिक विकाससँग प्रत्यक्ष जोडिएको विषय हो । पर्यटन विकास र विस्तारलाई आर्थिक समृद्धिको महत्वपूर्ण अङ्गको रुपमा स्वीकार गरी तीनै तहका सरकारले उच्च प्राथमिकतामा राख्नु, शहरी क्षेत्रबाट नजिक रहेको घोडाघाडी काललाई पर्यटकिय क्षेत्रको रुपमा वनभोज तथा मनोरन्जन स्थलको रुपमा विकास गर्न सकिने, आन्तरिक पर्यटन विकास र प्रवर्द्धनमा निजी क्षेत्र सहभागि हुन तयार देखिनु, यस क्षेत्रको विकासमा स्थानीयबासी र सरोकारवालाको चासो बढ्नु, जैविक विभिदता र प्राकृतिक सुन्दरता युक्त स्थलहरूको विकास गर्न सकिने जस्ता संभावना रहेको कारण यस नगरपालिकालाई पर्यटन विकासको माध्यमबाट आन्तरिक आय बढाउन सकिने अवसर समेत रहेको अवस्था छ ।

## ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

नगरक्षेत्रभित्र रहेका पौराणिक ताल र सिमसारको व्यवस्थापन गरि पर्यटकिय क्षेत्रहरूको पहिचानलाई स्थापित गरी नगरपालिकाको समृद्धि निर्माणको महत्वपूर्ण अङ्गको रुपमा विकास गर्नु ।

**उद्देश्य:**

- नगरभित्रका पर्यटकिय क्षेत्रहरूको पहिचान र विकास गर्नु ।
- धार्मिक, सांस्कृतिक तथा पर्यटकिय महत्वका क्षेत्रहरूको विकास र सम्बर्द्धन गर्नु ।
- पहिचान भएका समेतका पर्यटकीय स्थलहरूमा आवश्यक पर्यटन पूर्वाधार विकास गरी आन्तरिक र वाह्य पर्यटकको आगमनलाई बढाउनु ।
- पर्यटकको संङ्ख्यामा बृद्धि, बसाई समयको विस्तारबाट आन्तरिक कृषि उत्पादनलाई प्रवर्द्धन गरि नगरपालिकाको आन्तरिक आय आर्जनको महत्वपूर्ण अङ्गको रुपमा स्थापित गर्नु ।
- पर्यटन क्षेत्रको विकास बाट प्राप्त लाभलाई स्थानीयबासीको पहुँच सम्म पुग्ने सहज वातावरणको विकास गरी लाभको वितरण समन्यायीक बनाउने ।

| रणनीति | कार्यनीति |
|---|---|
| आवश्यक स्थानीय ऐन कानून निर्माण गरी कार्यान्वनयमा ल्याउने । | • पर्यटन विकासकालागि पालिका स्तरीय ऐन कानून निर्माण गर्ने ।<br>• पर्यटकीय स्थल र क्षेत्रको यथार्थ विवरण अध्यावधिक गर्ने |
| एकीकृत पर्यटन विकास गुरु योजना तयार गरी योजनबद्ध विकासको थालनी गर्ने । | • पर्यटनको सम्भावना बोकेका धार्मिक तथा साँस्कृतिक महत्वका क्षत्रे, प्राकृतिक सुन्दरताले भरिएको स्थल, शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता सम्भाव्य सवै क्षेत्र समेटेर एकीकृत पर्यटन विकास गुरुयोजना तर्जुमा गर्ने । |
| सिमसार तथा पार्क र मनोरञ्जन स्थल निर्माणको विकास र व्यवस्थापन बाट पर्यटन गन्तब्य केन्द्रको रुपमा स्थापित गर्नु । | • नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण ऐतिहासिक मठ, मन्दिर, गुम्बा, चर्च लगायत अन्य धार्मिक क्षेत्रहरू समेट्ने गरि एकिकृत धार्मिक तथा सांस्कृतिक विकासका कार्यकमहरू संचालन गर्ने ।<br>• ताल तथा सिमसारहरू पर्यावरणसँग सम्बन्धित रहने हुँदा नगरक्षेत्रभित्र रहेका ऐतिहासिक पोखरी तथा सिमसारहरू संरक्षणकाकार्यकमहरू संचालन गर्ने । |

| | |
|---|---|
| | • घोडाघोडि नगरक्षेत्र भित्र रहेका धार्मिक, ऐतिहासिक र सास्कृतिक संभावना बोकेका पर्यटकिय क्षेत्रहरूको पहिचान गरि hand book र ebook मार्फत स्थानिय तथा राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने ।<br>• पर्यटकिय पार्कहरू निर्माण तथा संचालन गर्न निजि क्षेत्रसँग सहकार्य गरि कार्यक्रमहरू संचालन गर्ने ।<br>• श्रोत व्यवस्थापनकालागि संघीय तथा प्रदेश सरकार साथै स्थानीय, राष्ट्रिय साथै अन्तराष्ट्रिय सहयोगी र साझेदारहरू सँग समन्वय गर्ने । |
| पर्यटकीय उपजलाई मूल्य श्रृङ्खला सँग आवद्ध गरी यस क्षेत्रको लाभलाई सर्वसाधाण नगरपालिकाबासिको पहुँच सम्म पुऱ्याउने । | • पर्यटन उपजको विकासमा स्थानीय स्रोत र साधनलाई प्रोत्साहन गर्ने ।<br>• पर्यटकीय क्षेत्रको दिगो व्यवस्थापनकालागि नगरपालिका र स्थानीय समुदय साझेदारीताको विकास गर्ने ।<br>• समुदाय स्तरमा सामुदायिक होमस्टे समेतको विकास गरी स्थानीय विशेषता सहितको पर्यटकीय गन्तव्य स्थल व्यवास्थापन गरी यस क्षेत्रको लाभ स्थानीय टोल बस्ती सम्म पुऱ्याउने ।<br>• स्थानीय कृषि तथा पशुपन्छी जन्य उत्पादनलाई पर्यटन विकास सँग आवद्ध गर्ने ।<br>• जैविक विभिदता सहितका बनजङ्गललाई पर्यटक मनोरञ्जन स्थलको रुपमा विकास गर्ने । |

**प्रमुख कार्यक्रम**

- धार्मिक पर्यटन प्रबर्द्धन कार्यक्रम,
- पार्क निमार्ण, Water Park तथा पर्यटन स्थलको स्तरोन्नती कार्यक्रम,
- लोकल टुर गाईड तालिम संचालन,
- तालतलैया तथा सिमसार क्षेत्र प्रबर्द्धन तथा डुंगा संचालन कार्यक्रम,
- घोडाघोडी ताल बार्षिक महोत्सव,
- होटेल व्यवस्थापन तथा आथित्य सत्कार तथा व्यवस्थापन तालिम,
- संग्रहालय निर्माण तथा प्रबर्द्धन कार्यक्रम,
- होमस्टे व्यवस्थापन र कृषि पर्यटन संचालन कार्यक्रम,
- पिकनिक स्पट तथा मनोरन्जनका लागि आवश्यक पर्यटन पुर्वाधार निर्माण कार्यक्रम,
- पर्यटकीय स्थल प्रचारप्रसार गर्ने कार्यक्रम ।
- पर्यटन विकास गुरुयोजना निर्माण ।
- होमस्टेको स्थापना र विस्तार ।
- पर्यटन पूर्वाधार विकास ।
- स्थानीय  धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थानको संरक्षण र प्रवर्द्धन ।

- स्वागत घर/कोसेली घरको स्थापना ।
- मौलिक तथा लोपोन्मुख भाषा, संस्कृति र सम्पदाको संरक्षण ।
- स्थानीय खाद्य पदार्थका साथै रैथाने वाली प्रवर्द्धन ।
- सांस्कृतिक संग्रहालय ।
- परम्परागत संस्कृति र भेषभूषाको संरक्षण र प्रवर्द्धन ।
- पर्यटन सूचना केन्द्र र संग्रहालय ।
- अन्तर स्थानीय साझेदारीका कार्यक्रम ।
- पर्यटन सेवासम्बन्धी तालिम ।
- पर्यटन पूर्वाधार समृद्ध घोडाघोडीको आधार अभियान संचालन ।

### ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस नगरपालिकामा ऐतिहासिक, धार्मिक, साँस्कृति र प्राकृतिक क्षेत्र तथा स्थल समेत समेटिने गरी स्थानीय ऐन तथा एकिकृत पर्यटन विकास गुरु योजना तयार भएको हुनेछ, आवधिक योजनाको अन्त्य सम्ममा धार्मिक तथा पौराणिक पोखरीहरू र अन्य धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षणका कार्यहरू पुरा भएको हुनेछ साथै प्रतिवर्ष पर्यटक आगमन ५० हजारको हाराहरी पुगेको हुनेछ, आन्तरिक आयमा यस क्षेत्रको योगदान न्युन अवस्थामा रहेकोमा यस आवधिक योजना अवधिमा नगरपालिकाको कुल आन्तरिक आयमा २ देखि ३ प्रतिशतको योगदान पुगेको हुनेछ । यस क्षेत्रबाट नगर भित्रका १५०० जनाले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा रोजगारी प्राप्त गरेका हुनेछन् । स्थानीय सांस्कृतिक सभ्यताको जगेर्ना तथा प्रवर्द्धनका लागि आदिबासी संग्रहालय संचालनमा आउनुका साथै २० वटा होमस्टे संचालनमा आएको हुनेछ ।

### ४.३.६ अनुमान तथा जोखिम पक्ष

घोडाघोडी पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागितामा कम बृद्धि, प्राकृतिक विपत्तीमा पुर्व तयारीको कमि, श्रोत र साधनको पर्याप्ततामा कमि, सहयोगी तथा साझेदार संघ संस्थाको कमि, प्रविधि तथा उपकरणको अभाव, निर्माण सामग्रीको अप्रयाप्तता, प्राकृतिक प्रकोप तथा विद्यमान ऐन कानूनहरुको पुर्ण रुपमा कार्यान्वयन नहुन सक्छ ।

## ४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

आर्थिक विकासको प्रमुख आधारको रुपमा विश्व बजारमा स्थापित रहेको उद्योग, व्यापार, व्यवसायले विश्व आपुर्ति व्यवस्थापनमा समेत ठूलो प्रभाव पारेको छ । नेपालको संबिधानले अर्थतन्त्रको विकासका लागि उद्योगधन्दा र स्रोत साधनको संरक्षण र प्रवर्द्धन गरी नेपाली कच्चा पदार्थ, श्रम र शिपमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र राष्ट्रिय हित अनुकुल आयत व्यवस्थापन र निर्यात प्रवर्द्धन गर्ने गरी औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने, राष्ट्रिय हित अनुकुल निर्यात प्रवर्द्धन तथा आयात व्यवस्थपन गर्ने, प्रत्येक उपभोक्तालाई गुणस्तरीय बस्तु र सेवा प्राप्त गर्ने हक र गुणस्तरहीन बस्तु र सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने जस्ता संबैधानिक व्यवस्था गरेको छ ।

घोडाघोडी नगरपालिका क्षेत्र भित्र २१८० जनाले व्यापार व्यवसाय गरेका छन् । जसमा सबैभन्दा बढी वार्ड नं. १ मा ७८० जनाले व्यवसाय गरेका छन् भने सबैभन्दा कम वार्ड नं. ४ मा ६५ जनाले व्यवसाय गरेका छन् । जसमध्ये ५०१ वटा किराना पसल व्यवसायी, १५२ वटा होटल व्यवसायी २७२ वटा टेलर्स ब्यवसायी १५२ वटा फेन्सी व्यवसायी १०० ईलेक्ट्रोनिक व्यवसायी लगायत अन्य साना तथा मझौला व्यवसायमा आवद्ध रहेका छन् ।

### ४.४.२ समस्या तथा चुनौती

बजारीकरणको अभाव तथा नयाँ नयाँ उद्योग संचालनमा ज्ञान सिप र पुँजीको अभाव, कच्चा पर्दाथहरुको पहिचान र प्रयोगको कमी साथै कामदारको अभाव, सहुलियत कर्जा नहुनु कर्जा प्रणालीमा झन्झटिलो प्रक्रिया हुनु, आयातित बस्तुहरुसंग प्रतिस्पर्धा गर्न नसक्नु, उत्पादन लागत बढ्दो र प्रभावकारी अनुगमन नहुनु, उद्यमीहरु बिदेश पलायन हुने गरेको, उद्यमशिलता सोचको विकास हुन नसक्नु, उत्पादनशिल क्षेत्र र उद्योगमा पुँजीको परिचालन र उपलव्धता हुन नसक्नु, घरेलु तथा साना उद्योग प्रबर्द्धनमा पुँजी सीप कच्चा पदार्थ र प्रविधिको संयोजन गराउन नीजि क्षेत्रले नेतृत्व लिन नसक्नु, औद्योगिकरणमा नबीन प्रविधि र उपकरणहरुको प्रयोग गर्न नसक्नु, उद्योग तथा बजार क्षेत्रको अनुसन्धान न्युन हुनु, दक्ष औद्योगिक प्राविधिक जनशक्ति प्रयाप्त नहुनु, उद्योगलाई आत्मनिर्भर क्षेत्र कृषि, बन र पशु क्षेत्रसंग एकीकृत र समन्वयात्मक रुपमा लैजान नसक्नु र लेबलिङ र ब्रान्डिङ्गको समस्याका साथै रुग्ण उद्योगको व्यवस्थापन नहुनु ।

### ४.४.३ संभावना तथा अवसर

नगरपालिकाका सवै वडामा सडक सञ्जाल निर्माण हुँदै जानु, स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुपंन्छीजन्य उत्पादनलाई औद्योगिक उत्पादनको कच्चा पदार्थको रुपमा प्रयोग गर्न सक्ने अवस्था रहनु, आर्थिक विकासको एजेण्डा सवैको साझा प्रतिवद्धताको विषयको रुपमा स्थापित हुनु, लचिलो श्रमनीति तथा संघीय र प्रदेश सरकार एकद्वार प्रणाली प्रति प्रतिवद्ध रहनु, नेपाल अन्तराष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरूमा आवद्ध रहनु, तीनै तहका सरकार बाट लगानीमैत्री वातावरणका लागि नीति तथा कानूनको निर्माण गर्ने कार्यले तिव्रता पाउनु, स्वदेशी तथा विदेशी व्यापारलाई सन्तुलित अवस्थामा राख्ने प्रयास हुनु, रोजगार योग्य जनसंख्या नगरभित्रै उपलब्ध रहनु, विगतको तुलनामा खाद्य तथा पोषण सचेतनामा अभिबृद्धि भई स्थानीय र प्राङ्गरिक उत्पादनका बस्तुहरू प्रति उपभोक्ताको रुची बृद्धि हुँदै जानु, संघीय तथा प्रदेश सरकारले स्थानीय तहको क्षमता अभिबृद्धि गरी कृषि उत्पादनमा आत्मनिर्भर हुने नीति अवलम्बन गर्नु, तीनै तहका सरकार आपुर्ति अनुगमनमा अग्रसर रहनु साथै उपभोक्ताको हकहित संरक्षणको जिम्मेवारी स्थानीय सरकारको जिम्मामा रहनु, देशका विभिन्न स्थानमा प्राङ्गरिक मल उत्पादन गर्ने उद्योगहरू स्थापित हुँदै जानु, यस नगरपालिकामा समेत प्राङ्गरिक मलको उत्पादन र उपयोगमा स्थानीय कृषकको अभिरुची बृद्धि हुँदै जानु यस क्षेत्रको विकासका संभावना र अवसरको रुपमा रहेका छन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य:**

घरेलु तथा लघु उद्यम र व्यापार व्यवसायका क्षेत्रहरू पहिचान गरि उक्त क्षेत्रहरूमा उद्यमशिलता र व्यापार, व्यवसाय र निर्यात प्रवर्द्धन अवस्थालाई सत प्रतिसत बृद्धि गर्ने ।

**उदेश्य:**

- साना तथा निम्न आय भएका परिवारहरूलाई लघु तथा घरेलु उद्योग कार्यक्रममा समावेश गरि रोजगारी श्रृजनाका साथै आय बृद्धि गर्ने ।
- नगरपालिका क्षेत्र भित्र खाद्यान्न, आधारभुत उपभोग्य बस्तु र तुलनात्मक लाभको बस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गरी निर्यात योग्य क्षमताको विकास गर्ने ।
- उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा लगानीमैत्री वातावरणको विकास गरी नगरपालिका स्तरमा उत्पादिन बस्तु तथा सेवाको राष्ट्रिय तथा अन्तराष्ट्रिय मूल्य श्रृङ्खलामा आवद्धता स्थापित गर्ने ।
- नगरपालिका बासिलाई खाद्य सुरक्षाको प्रत्याभुति गर्नु, सवै प्रकृतिका उपभोग्य बस्तुको सहज र पर्याप्त आपुर्तिको व्यवस्था मिलाउनु साथै बजार प्रणालीलाई उपभोक्ता मैत्री र जिम्मेवार बनाउनु ।

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| औद्योगिक, व्यापारिक तथा सहज आपुर्ति व्यवस्थापन र विकासकालागि नीतिगत व्यवस्थाका साथ आवश्यक स्थानीय ऐन कानून निर्माण गरी कार्यान्वनयमा ल्याउने । | • उद्योग, व्यापार तथा व्यवसायको तथ्याङ्क अध्यावधिक गर्ने साथै नगरपालिका स्तरीय औद्योगिक तथा व्यापारिक विकास र प्रवर्द्धन ऐनको निर्माण गरी कार्यान्वयन गर्ने ।<br>• नगरपालिका क्षेत्र भित्र लघु, घरेलु तथा साना उद्योगको स्थापना र विकासमा साथै संरक्षण र सम्बर्द्धन गर्ने ।<br>• विद्युतीय पुर्वाधारको विकास गरी औद्योगिक उत्पादनको लागत न्यूनिकरण गर्ने । |
| औद्योगिक विकास गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याउने । | • औद्योगिक विकास र बिस्तारलाई प्रमुख प्राथमिकतामा राखि औद्योगिक विकास गुरु योजना तयार गरी कार्यान्वयन गर्ने ।<br>• स्थानिय स्तरमा उद्योग दर्ता प्रकृयालाई सहज र सरल बनाउने । |
| आवश्यक न्यूनतम र आधारभुत सुविधा सहितको उद्योगको स्थापना गर्ने । | • औद्योगिक ग्राम तथा वडा स्तरीय पकेट औद्योगिक ग्रामको स्थापनाकालागि क्षेत्र निर्धारण गर्ने ।<br>• औद्योगिक ग्राम कार्यान्वयनमा नआउँदका बखत सम्म सम्भाब्य बजारमा दुग्ध पदार्थ प्रशोधन केन्द्रको स्थापना र विकास गर्ने ।<br>• पशुपालन स्थलमा गोवर ग्यास प्लान्ट स्थापना गरी उर्जाको समेत व्यवस्थापन गर्ने ।<br>• फलफूल, दुग्ध पदार्थ तथा मासु जन्य परिकार वनाउने उद्योग सञ्चालनकालागि साझेदारी कार्यक्रम सञ्चालन गर्ने ।<br>• लघु तथा घरेलु उद्योग उद्यमशिलता तालिमहरू संचालन गर्ने । |
| व्यापार क्षेत्रको पूर्वाधार विकास र व्यवास्थापन बाट आपुर्ति व्यवस्थालाई पर्याप्त, गुणस्तरीय र उपभोक्तामैत्री | • स्थानीय बाजर केन्द्रहरूको न्यूनतम भौतिक पूर्वाधार निर्माण विकास गर्ने ।<br>• आधुनिक र अत्याधुनिक प्रविधिको खोजी र व्यापार विस्तारका |

| | |
|---|---|
| बनाउने । | लागि नगरपालिकाले विशेष दुतको भुमिका निर्वाह गर्ने ।<br>● नगरपालिकाबासीलाई कम्तिमा ३ महिनाको आवश्यकता धान्ने गरी खाद्य पदार्थ (धान, चामल, गहुँ, मकै तथा दलहन आदी) को भण्डारणको व्यवस्था गर्ने ।<br>● कोल्ड स्टोरेज, एकीकृत सपिङ सेन्टर, खरिद विक्रि केन्द्र जस्ता पूर्वाधार निर्माणका लागि निजी क्षेत्र तथा साझेदार र सहयोगी संस्थालाई विशेष सहुलियत प्रदान गर्ने । |

**प्रमुख कार्यक्रम**

- उद्योग व्यवसायको संभावना अध्ययन र अनुसन्धान,
- औद्योगिक ग्राम निर्माण,
- स्थानीय स्तरमा लगानी सम्मेलनको आयोजना,
- व्यवसाय प्रवर्द्धन तालिम कार्यक्रम,
- औद्योगिक तथा व्यवसायिक सहुलियत,
- वैदेशिक लगानी आकर्षण,
- उत्कृष्ट लघु उद्यमी तथा व्यवसायीहरुलाई प्रोत्साहन कार्यक्रम,
- नीति एव कानून तर्जुमा,
- स्थानीय उत्पादनको ब्राण्डिङ,
- कृषि तथा जडिबुटी प्रशोधन उद्योगको स्किम निर्माण,
- घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम,
- उद्यमशीलता तथा सीप तथा क्षमता विकास,
- औद्योगिक पूर्वाधारको विकास,
- परम्परागत उद्योगको आधुनिकीकरण र प्रवर्द्धन,
- महिला उद्यम विकास,
- स्थानीय पहिचान उत्पादनहरूको प्रशोधन, लेवलिङ, ब्राण्डिङ तथा प्याकेजिङ,
- हाट बजारको व्यवस्था
- बजार अनुगमन

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

उद्योग, व्यापार तथा आपुर्ति व्यवस्थापनका लागि आवश्यक स्थानीय निती तथा कानून तर्जुमा भई पूर्ण रुपले कार्यान्वयनमा आएको हुनेछ, सम्भाब्य सवै वडाहरूमा साना तथा मझौला पकेट औद्योगिक ग्राम समेतको स्थापना र विकास हुने कमको सुरुवात भएको हुनेछ, नगरपालिका स्तरीय निर्यात प्रवर्द्धन केन्द्रको स्थापना भई निर्यातयोग्य बस्तुको उत्पादनमा बढोत्तरी हुनुको साथै वर्तमानमा रहेको निर्यात कारोवारको मात्रामा शतप्रतिशत बृद्धि भएको हुनेछ, उपभोक्ता हित संरक्षण समेतका कार्यबाट कालोबजारी, एकाधिकार, मिसावट जस्ता गम्भिर प्रकृतिका क्रियाकलाप पूर्णतया निरुत्साहित भएको हुनेछ । नगरक्षेत्रभित्र सञ्चालनमा रहेका ठुला, मझौला, साना, घरेलु तथा लघु उद्योगहरू साथै व्यापार व्यवसायको तथ्यांक संकलन तथा अध्यावधिक भई उक्त क्षेत्रमा कार्यरत दक्ष तथा अदक्ष कामदारहरूको विवरण प्राप्त भएको हुनेछ  र आन्तरिक आयमा उद्योग व्यवसाय क्षेत्रको

उल्लेख्य योगदान र हिस्सा रहनुको साथै नगरपालिकाको कुल आन्तरिक आयको न्यूनतम ५० प्रतिशत योगदान नियमित रुपमा यसै क्षेत्रबाट पुरा भएको हुनेछ ।

### ४.४.६ अनुमान तथा जोखिम पक्ष

औद्योगिक ग्राम तथा उद्योगहरूको स्थापना, व्यापार व्यवसाय सञ्चाल व्यवस्थापनका लागि जग्गा जमिन, पूर्वाधार, स्रोत र साधनको पर्याप्तता रहेको हुनेछ । ऐन कानूनको सरलिकरण साथै प्राकृतिक प्रकोपको प्रभाव कम रहेको हुनेछ । साथै जोखिम पक्ष जग्गा जमिनको अभाव, स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघसंस्थाले चासो कम दिनु, प्रविधि तथा उपकरणको अभाव, निर्माण सामग्री, प्राकृतिक प्रकोप, विद्यमान ऐन कानून र विद्युत आपुर्ति अभाव हुन सक्छ ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

श्रमशक्ति नेपालको अर्थतन्त्र विकासको प्रमुख क्षेत्रको रुपमा स्थापित रहेको छ । श्रम बजारको आवश्यकता बमोजिम सिपमुलक श्रम शक्तिको विकास र व्यवस्थापन बाट गरिवी निवारण र आर्थिक विकासका बहुआयामिक क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी अर्थतन्त्रको दरिलो आधार निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो ।

नेपालमा प्रत्येक बर्ष करिव ५ लाख युवा श्रम बजारमा प्रवेश गर्दछन् भने दैनिक रुपमा १००० यूवा बैदेशिक रोजागरीका लागि विदेशिने गरेको अवस्था छ । बैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले कुल गार्हस्थ्य उत्पादनको २५.४ प्रतिसत हिस्सा ओगटेको छ । कमजोर नियमन र निरीक्षण प्रणालीका कारण विदेशी श्रमिक आप्रवासन बढ्दै गई स्वदेशी श्रमिक विस्थापित भैरहेको अवस्था छ । वर्तमान श्रमशक्तिको ३६.५ प्रतिशत मात्र औपचारिक क्षेत्रमा संलग्न रहेको देखिन्छ भने बेरोजगारी दर ११.४ प्रतिशतको हाराहारिमा रहेको छ ।

घोडाघोडी नगरभित्र हाल पूर्ण बेराजगारको संख्या बढ्दै गएको जसमा २५४६० जना बेरोजगार रहेको देखिन्छ जसमा १२२७० पुरुष र १३१९० जना महिलाहरु रहेका छन् साथै उपलब्ध रोजगारी न्यून रहेको छ । कृषिमा लुप्त बेरोजगारी उच्च बन्दै गएको छ । शैक्षिक बेरोजगार उच्च बन्दै जादा बिदेसिने प्रवृति बढ्दै गरेको अवस्था छ । नगरभित्र रहेका विभिन्न स सना उद्योग एवम् निर्माण क्षेत्र लगायतहरूमा दक्ष भारतीय नागरीकहरू कार्य गर्दै आएका छन् । हाल कृषि तथा पशुपालन क्षेत्र र केही लधु उद्यमहरूले रोजगारीका अवसरहरू निर्माण गरेतापनि यी क्षेत्रहरू पूर्ण रोजगार उत्पादनका क्षेत्रहरू हुन सकेका छैनन । कृषि तथा पशुपालनका क्षेत्रहरूमा युवाहरूको आकर्षण रहेता पनि राज्यको नीतिगत कारणले यी क्षेत्रहरू रोजगारीका लागि आकर्षक क्षेत्र हुन पुगेका छैनन् भने स्थानीय कानूनको कार्यान्वयनको कमिका कारण नगरपालिकाले समेत आवश्यक नियमन र व्यवस्थापन गर्न सकिरहेको छैन ।

### ४.५.२ समस्या तथा चुनौती

रोजगार सम्बन्धी गुरुयोजना निर्माण नहुनु, बेरोजार संख्या एवम् उपलब्ध रोजगारी सम्बन्धमा एकीकृत र वास्तविक विवरण अभाव, बस्तुगत विवरण स्वतह अध्यावधिक हुने प्रणालीको अभाव, रोजगारीका क्षेत्र र स्थान साथै श्रमप्रतिको सम्मानको कमि, उद्यमशिलताको विकास र विस्तारमा न्यूनता, रोजगार प्रवर्द्धन र उत्पादनशिल रोजगारीको अपर्याप्तता, बैदेशिक रोजागरीबाट प्राप्त सीप

र पूँजीको न्यून परिचालन, बिभिन्न प्रकृतिका बालश्रमको विद्यमानता, रोजगारमैत्री लगानीलाई प्रोत्साहन र संरक्षणको अभाव, सूचना प्रणाली र श्रम प्रशासन प्रभावकारी हुन नसक्नु वर्तमान श्रम तथा रोजगार क्षेत्रका समस्याका रुपमा रहेका छन् । नारा एवम् घोषणापत्रमा उच्च प्राथमिकता रहेको रोजगारी व्यवहारमा न्युन मात्रामा बजेटको विनियोजन, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थीत एवम् मर्यादित बनाउन बजेट, नीति तथा कार्यक्रम नहुनु, स्थानीय रोजगारी नितिको अभाव, आवश्यकता बमोजिम तालिम प्राप्त नभइ एउटै व्यक्तिले पटक पटक विभिन्न तालिम लिई पनि स्वरोजगारमा संलग्न नहुनु, वास्तवीक लाभग्राही छनोट हुन नसक्नु, नगरसँग बेरोजार संख्या एवम् उपलब्ध रोजगारी सम्बन्धमा एकीकृत विवरण नहुनु ।

श्रम तथा रोजगार सम्बन्धी सम्बैधानिक हकको कार्यान्वयन गर्न, उद्योग तथा कलकारखाना स्थापना गर्न र उद्योगिक ग्रामको स्थापना गर्न आवश्यक पर्ने जग्गाको सहज व्यवस्थापन गर्न, प्रदेश र संघबाट छरिएर आएका कार्यक्रमहरूबीच समन्वय गर्न रोजगारीका क्षेत्रको पर्याप्त विकास र विस्तार गर्न, बैदेशिक रोजगारी प्रतिको आकर्शण न्यून गर्न, सुरक्षित र भरपर्दो श्रम बजार विकास गर्न, अनौपचारिक क्षेत्रमा रहको रोजागारीलाई औपचारिक क्षेत्रमा ल्याउन, शिक्षालाई व्यवहारिक र रोजगारमैत्री बनाउन, बैदेशिक रोजागरी बाट प्राप्त पूँजीको पूर्ण र भरपर्दो उपयोग गर्नु, आधुनिक प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा सदुपयोग गर्नु चुनौतीको रुपमा रहेका छन् ।

### ४.५.३ संभावना तथा अवसर

संघीय स्तरमा श्रम शक्तिको पूर्ण सुरक्षाकालागि श्रम, सामाजिक सुरक्षा र रोजगार सम्बन्धी आधारभुत कानून निर्माण भई कार्यान्वयनमा आउनु, शैक्षिक बेरोजगार तथा बैदेशिक रोजगारबाट आएको सीपयुक्त व्यक्तिलाई सहुलियत दरमा ऋण उपलब्ध हुने आधार निर्माण हुदै जानु, बालमैत्री स्थानीय शासनको कार्यान्वयन सँगै बालश्रम न्यूनिकरण अभियानले मूर्त रुप लिदै जानु तथा निकृष्ट प्रकारको बालश्रम दर उल्लेख्य रुपमा घट्दै जानु, नगरपालिकामा रोजगार सूचना केन्द्र स्थापित हुनु, नगरपालिकामा वेरोजगारहरूको अभिलेख सङ्कलन गर्ने कार्यको थालनी हुनु, स्थानीय स्तरमा कृषि, पशुपालनका क्षेत्र क्रमस व्यवसायिक रुप धारण गर्दै जानु, स्थानीय उत्पादनहरू निकासी योग्य अवस्थामा विकसित हुदै जानु साथै स्थानीय स्तरमानै शिक्षित जनशक्तिको उपलब्धता रहनु, वडा वडामा वार्षिक रुपमा क्षमता विकासकालागि बजेट विनियोजन हुनु, नगर, प्रदेश र संघ बीच साझेदारीमा कार्यक्रम संचालन गरी रोजगारी सिर्जना गर्न सकिने संभावना बढ्दै जानु, नीजि क्षेत्रबाट संचालित उद्योग, कलकारखाना, व्यापार र व्यवसायका क्षेत्र सँग सहकार्य गरी थप रोजगारी सिर्जना गर्न सकिने जस्ता अवसर र सम्भावना यस नगरपालिकामा रहेका छन् ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्यः**

शैक्षिक एवम् अदक्ष बेरोजगारहरूलाई जीवन जिउन आवश्यक न्यूनतम रोजगारी प्रदान गरि वैदेशिक रोजगारीलाई सुरक्षित र सिप सिकेर मात्र जाने बातावरण सिर्जना गर्ने ।

**उद्देश्यः**

- नगरपालिका क्षेत्र भित्र पर्याप्त रुपमा उत्पादनशील र मर्यादित आन्तरिक रोजागरीका अवसर श्रृजना गरी बेरोजगारी दर घटाउनु साथै सिप सिकेर मात्र विदेश जाने प्रवृतिको विकास गर्नु ।
- राम्रो औद्योगिक, व्यापारिक तथा व्यवसायिक श्रम सम्बन्ध स्थापित गर्नु ।
- निकृष्ट लगायत सवै प्रकारका बालश्रमको अन्त्य गर्नु ।
- श्रमप्रतिको सम्मानमा बढोत्तरी ल्याएर बैदेशिक रोजगारीमा जाने सङ्ख्या घटाउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| श्रम तथा रोजगार श्रृजना र व्यवस्थापन सम्बन्धी स्थानीय ऐन तथा कानून निर्माण गरी श्रम बजार र कामलाई मर्यादित र प्रभावकारी बनाउने । | • नगरपालिका स्तरीय श्रम तथा रोजगार व्यवस्थपन ऐन तथा कार्यविधि निर्माण गर्ने ।<br>• पालिका भित्र रहेका बेरोजगार तथा श्रमिकहरूको वास्तविक विवरण अध्यावधिक गर्ने ।<br>• औद्योगिक, व्यापारिक तथा व्यवसायिक प्रतिष्ठान, उद्योग, व्याषर र व्यवसायका क्षेत्रले स्थानीय श्रमिकहरूलाई रोजगारिका क्षेत्रमा प्रथम अवसर प्रदान गर्ने ।<br>• सम्बन्धित रोजगारदाताले अनिवार्य रुपमा श्रमिक परिचय पत्र दिने व्यवस्था मिलाउने । |
| रोजगार कार्यकमलाई विस्तार गरी लक्ष्य बमोजिमको न्यूनतम रोजगारीको सुनिस्चितता गर्ने । | • प्रधानमन्त्री रोजगार कार्यकमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने ।<br>• व्यापार व्यवसाय अभिवृद्धिकालागि सम्बन्धित सरोकारवालालाई उत्पादन, व्यवस्थापन र बजारिकरणका विषयमा तालिम प्रदान गर्ने ।<br>• यस नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहका लघु, घरेलु तथा साना उद्योगको क्षमता विकासमा सहयोग गर्ने साथै लगानी अभिबृद्धि गर्ने ।<br>• कृषि सहकारीहरूले निजहरूको स्थापित उद्देश्य बमोजिम नगरपालिकाको समग्र नीति, योजना र कार्यकम सँग आवद्ध भई आर्थिक विकासमा सकृय रहने प्रतिवद्धताका साथ कार्यान्वयनमा आउने ।<br>• कृषि सहकारी संस्थालाई पूँजिगत अनुदान सहित प्रोत्साहन गर्ने ।<br>• वैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्स सदुपयोग गर्न परिवारलाई वित्तिय साक्षरता तथा मनोपरामर्श जस्ता कार्यक्रम संचालन गर्ने । |
| विद्यमान तथा नयाँ तर्जुमा हुने श्रम तथा रोजगार सम्बन्धी कानूनहरूको प्रभावकारी कार्यान्वयन मार्फत असल औद्योगिक, व्यापारिक तथा | • उद्योग, व्यापार तथा व्यवसायिक प्रतिष्ठानहरूमा श्रमिक मैत्री वातावरण निर्माणकालागि अनुगमन तथा नियमन प्रणालीको विकास गर्ने ।<br>• विद्यमान श्रम ऐन समेतका आधारमा अनौपचारीक क्षेत्रमा रहेका |

| | |
|---|---|
| व्यवसायिक श्रम सम्बन्धको विकास गर्ने । | श्रम बजारलाई औपचारीक क्षेत्रमा प्रवेश गर्नका लागि सहज वातावारणको सिर्जना गरि साथै नगरपालिकाले समन्वयकारी र व्यवस्थापकीय भूमिका निर्वाह गर्ने ।<br>● बालमैत्री नगरपालिकाको घोषणा र दिगो व्यवस्थापन बाट सवै प्रकारका बालश्रमको अन्त्य गर्ने ।<br>● सिप सिकेर मात्र विदेश जाने प्रवृतिको विकास गर्न कार्यक्रम निर्माण तथा बजेट व्यवस्थापन गर्ने । |

**प्रमुख कार्यक्रमः**

- रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापन,
- वेरोजगारहरुको तथ्यांक लगत राख्ने,
- रोजगार सेवा सम्वन्धी सचेतना मुलक कार्यक्रम,
- आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन,
- व्यवसायिक सीप विकास तालिम सञ्चालन,
- मनोसामाजिक परामर्श सेवा,
- फर्क युवा अभियान कार्यक्रम ।

### ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवश्यक पालिका स्तरीय ऐन कानून निर्माण भई कार्यान्वयनमा आएका हुनेछन्, पालिकामा बसोबास गर्ने गरिव घरपरिवार तथा बेरोजगारहरूको विवरण तथा तथ्याङ्क अध्यावधिक भएको हुनेछ, आवधिक योजनाको ५ वर्ष भित्र नगरका ५० प्रतिशत बेरोजगारहरू स्वरोजगार एवम् रोजगारीमा संलग्न भई नगरको अर्थतन्त्रमा सकारात्मक योगदान पुगेको हुनेछ, कम्तिमा थप ५००० प्रत्यक्ष रोजगारी श्रृजना भई बर्तमान समग्र शहरी तथा ग्रामिण गरिवीमा ६५ प्रतिशतले कमि आएको हुनेछ ।

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

रोजगारीका क्षेत्रहरूको विकास र स्वरोजगारीका क्षेत्रको विस्तार भएको हुनेछ । नगरपालिकासँग असल समन्वय र साझेदारी कायम र दिगो भएको हुनेछ । साथै जोखिम पक्ष श्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघसंस्था सरोकारवाला संघसंस्थाको निष्कृयता, प्रविधि तथा उपकरणको अभाव र विद्यमान ऐन कानून कार्यन्वयन ।

## ४.६.सहकारी तथा वित्तीय क्षेत्र

### ४.६.१ पृष्ठभूमि

घोडाघोडी नगरपालिकामा ५ वटा 'क' वर्गको २ वटा 'ख' वर्गको विकास बैंक रहेको छन्, भने ९ वटा लघुवित्त संस्थाहरु रहेको छन् र सहकारी संस्थाहरुको संखया ४९ वटा रहेको छ । जसमा सबै भन्दा वढी कृषि सहकारी संस्था ३२ वटा, विद्युत सहकारी, दुग्ध उत्पादन, वचत तथा ऋण, महिला विकास, मौरीपालन र बहुउद्देश्य गरि १७ वटा अन्य रहेका छन् ।

ऋण प्रवाह, धितो मूल्यांकन जस्ता विषयहरूमा बैङ्कहरूको पहुँचमा निम्न आय भएका वर्गहरु पुग्न सकिरहेका छैनन् आफ्नै विविध प्रावधानवाट विपन्न नागरिकहरू ऋण सुविधावाट लाभान्वित हुन

सकिरहेका छैनन र ग्रामिणस्तरको धितोवाट आवश्यकता अनुसार बैङ्कबाट ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामूहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि बैङ्कहरूमा छैन । यसर्थ पर्याप्त पूँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणवाट पनि सीपयुक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पूँजी भएकाहरूले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन । सहकारी संस्थाहरूमा सदस्यको हैसियतवाट तुलनात्मक रूपमा धितो बिना पनि ऋण सुविधा सहज भएपनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको छैन ।

### ४.६.२ समस्या तथा चुनौती

सहकारी संस्थाहरूले खासगरी बचत तथा ऋण परिचालनमा मात्र जोड दिएको देखिन्छ । स्थानीय उत्पादन कृषि, पर्यटन, उद्योगका सम्भावनालाई उपयोग गर्न आवस्यक लगानी गर्न सकेका छैनन् । पछाडी परेका समुदायहरूमा सहकारी साक्षरता र उद्यमशीलताको कमी देखिन्छ । ऋण तथा बचत सहकारीको बाहुल्यता भएकाले सहकारीमा आधारित उद्यम व्यवसायको अभ्यास हुन सकेको छैन । त्यसैगरी, कतिपय सहकारीमा गैर सदस्यसँग कारोबार, बचत र ऋणको ब्याज दरमा विभेद र असमानता, बिना धितो लगानी, कर्जा जोखिम कोषको उचित व्यवस्था नभएकोले विश्वसनियतामा केही कमी आएकोछ । आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, कर्मचारीहरूको नियुक्ति तथा सेवा सुविधामा प्रक्रिया पुरा नगरिएको, शेयर सदस्यहरूको उदासीनता, सीमित सञ्चालकहरूको एकल निर्णय, अनुदानमुखी कार्यशैली, संस्थामा राख्नुपर्ने खाता अभिलेख तथा लेखापालनमा ऐन नियमको पालना नभएको जस्ता समस्याहरू देखिएका छन, सहकारी संस्थालाई वित्तीय कारोबार मात्र गर्ने संस्थाको रूपमा विकसित भएका देखिन्छन् ।

सहकारी साक्षरता कार्यकमलाई गरीब समुदाय सम्म विस्तार गर्नु, सेवा क्षेत्र अन्तर्गत विशेष गरेर शिक्षा, स्वास्थ्य तथा संचार क्षेत्रमा सहकारी संस्थाहरूको क्रियाशीलता बढाउनु, सहकारीको लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, स-साना ऋण र बचत परिचालन गर्नु, निजी क्षेत्र र सहकारी बीच सहकार्य वृद्धि गर्नु, सहकारीमा आधारित उद्योग व्यवसाय सञ्चालन गर्नु, स्थानीय सीप तथा प्रविधिको उपयोग गर्नु, सहकारी संस्थाहरूद्वारा उत्पादित वस्तुहरू बजार श्रृङ्खलामा आवद्ध गर्नु, बचत तथा ऋण बीचको व्याजदरलाई सन्तुलित तुल्याउनु, बचत तथा ऋणको सुरक्षण सुनिश्चित गर्नु जस्ता कार्यहरू भने चुनौतीको रूपमा रहेका छन् ।

### ४.६.३ संभावना तथा अवसर

अवसर नगरक्षेत्र भित्र रहेको सहकारी संस्थाको वचतलाई कृषि, पशुपालन, दुग्ध डेरी सञ्चालन, जडीवृटी खेती तथा प्रशोधन, पर्यटन क्षेत्रका विकास जस्ता रोजगारी वद्धि गर्न सकिने क्षेत्रमा परिचालन गर्न सकिने सम्भावना रहेकोछ । नगरपालिकाले सहकारी नियमन ऐनद्वारा सहकारी सस्थाको ब्यवस्थापनलाई चुस्त दुरूस्त तथा सशक्त बनाउन सकिने अवस्था रहेकोछ । त्यसै गरि सहकारी क्षेत्र संग आधाभन्दा बढी जनसंस्या आबद्ध हुनु तथा सान किसान तथा उद्यमीको पहुँचमा हुनु, विभिन्न क्षेत्रसंग सम्बन्धित सहकारी हुनाले फरक बर्ग तथा पेशाका मानिसहरु सहकार्यका आवद्ध हुनु , बचत गर्ने बानीको विकास हुनुका साथै रिण लिन सजिलो हुनु र प्रशस्त मात्रामा सहकारी हुनु अवसर रहेको छन् ।

### ४.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य:**

बजार तथा व्यवसाय विस्तारमा सहकारी र निजी क्षेत्रको प्रबर्द्धन गर्दै रोजगारीका अवसरहरुको सृजना गर्ने ।

**उदेश्य :**

- सहकारी क्षेत्रलाई सबै स्थानीयको सहज पहुँचमा पुर्याउनु,
- सहकारीले उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नु,
- स्थानीयहरुमा बचत गर्ने बानीको विकास गर्नु,

| रणनीति | कार्यनीति |
|---|---|
| सहकारीलाई उत्पादन तथा बजारीकरणमा परिचालन गर्ने । | • सहकारी संस्थाहरूको पहुँच वृद्धि गरी साना बचत तथा ऋण परिचालन, उद्यमशिलताको विकास गरिनेछ ।<br>• नगरपालिका भित्र रहेका सहकारीहरूको अभिलेखीकरण र सशक्तीकरण गरि ग्रामिण केन्द्रित सहकारी अवधारण लागु गरिनेछ ।<br>• सहकारीहरूको संस्थागत विकासका लागि अनुगमन तथा नियमन, नियमावली निर्माण गरि सहकारी मर्जर नीति कार्यन्वयन गरिनेछ ।<br>• सहकारीहरूलाई कृषि, पशु तथा सेवा व्यवसायहरूमा संलग्न गराई रोजगारी सिर्जनाको लागि प्रोत्साहन गरिनेछ । |
| व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने । | • बैंकिङ लगानी कृषि र उद्योग क्षेत्रमा बृद्धि गर्न पैरवी गरिने छ<br>• लक्षित समूदाय र वर्गका लागि वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ ।<br>• बैंक तथा वित्तीय संस्था व्यावसाय विकास सेवा प्रवाहको लागि प्रोत्साहन गरिने छ ।<br>• सहकारी संस्थाहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिबृद्धि गरिने छ ।<br>• बैकिङ्ग कारोवारको भुक्तानी प्रक्रिया तथा कारोवारमा नगदी कारोवार भन्दा नन क्यास पद्धतिको विकास गर्न वित्तिय संस्थाहसँग समन्वय गरी आधार तयार गरिनेछ । |
| बैंकिङ तथा वित्तीय कारोवारमा नगरवासीको सहज पहुँच कायम गर्ने । | • वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असहाय, जेष्ठ नागरिकहरुको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली संचालन गर्न समन्वय गरिने छ ।<br>• आर्थिक कारोवार विस्तारका लागि बैंक तथा वित्तीय शाखा विस्तारमा सहजीकरण गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- वित्तिय सेवा प्रबर्द्धन कार्यक्रम विस्तार,
- सहकारी सम्बन्धी नीति तथा कानुन तर्जुमा,
- सहकारी साक्षरता तथा जागरण,
- सहकारी संस्थाहरूको क्षमता विकास,
- सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन,
- वित्तीय सेवाको पहुँच विस्तार,
- उद्यमशीलता विकास तालिम,
- सहकारी संस्थाहरूको क्षमता विकास,
- सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन,
- सहकारी क्षेत्र विशेष अनुदान कार्यक्रम,
- सहकारी क्षेत्रको प्रवर्द्धन,
- एक व्यक्ति एक सहकारी निति,
- सहकारी संस्था समायोजन प्रोत्साहन कार्यकम,
- नगर सहकारी बुलेटिन प्रकाशन,
- सहकारी पसल स्थापना,
- वित्तीय साक्षरता ।

### ४.६.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

उत्पादन, वितरण र सेवामा सहकारीको संलग्नता विस्तार भएको हुनेछ । कृषि उत्पादन, कृषिजन्य उद्योग, भण्डारण, बजारीकरणमा सहकारी संस्थाहरूको भूमिका बढेको हुनेछ । सहकारी सम्बन्धी एकीकृत सूचना प्रणालीको विकास भएको हुनेछ र स्वरोजगारी तथा रोजगारी अभिवृद्धि भएको हुनेछ । सहकारी संघसंस्थामा महिला, विपन्न र बञ्चितीकरणमा परेका वर्ग समुदायको पहुँच अभिवृद्धि भई सामाजिक समावेशीकरणमा योगदान पुगेको हुनेछ । सहकारी सामूहिक खेती प्रणाली विकास भई कृषिको व्यवसायीकरणमा योगदान पुगेको हुनेछ । वित्तिय सेवा कार्यक्रम विस्तार भएको हुनेछ ।

### ४.६.६ अनुमान तथा जोखिम पक्ष

सहकारी तथा बैंकहरूको स्थापना तथा व्यवस्थापनका लागि जग्गा जमिन, पूर्वाधार, स्रोत र साधनको पर्याप्तता रहेको हुनेछ । ऐन कानूनको सरलिकरण साथै प्राकृतिक प्रकोपको प्रभाव कम रहेको हुनेछ । साथै जोखिम पक्ष जग्गा जमिनको अभाव,  स्रोत र साधनको अभाव, ग्रामिण स्थलमा सहकारी तथा बैंकहरु शाखा विस्तार गर्न चासो कम दिन सक्छन्, प्रविधि तथा उपकरणको अभाव, निर्माण समाग्री, प्राकृतिक प्रकोप, विद्यमान ऐन कानून र विद्युत् आपुर्ति अभाव हुन सक्छ ।

# परिच्छेद -५
# सामाजिक क्षेत्र

नागरिकहरूको सम्मानजनक जीवनयापनका लागि सामाजिक क्षेत्रको विकास अनिवार्य छ । घोडाघोडि नगरपालिका भित्र विभिन्न जातजाती, धर्म सँस्कृति तथा परम्परा अपनाउने समुदायहरू बीचको पारस्परिक सहयोग र सहिष्णुता नै एउटा सुन्दर पक्ष हो । सामाजिक रूपमा पिछडिएको वर्ग/समुदायको सामाजिक अवस्थालाई सुधार ल्याई सम्मानजनक ढंगले बाँच्न पाउने अवस्था सिर्जना गर्नु पर्नेछ । सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार तयार गर्न संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले विशेष जिम्मेवारी बहन गर्नु पर्दछ । वर्तमान संविधानले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरूलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत **लक्ष्य-३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य-४ ( गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ पानी तथा सरसफाई)** संग सम्बन्धित छ । सामाजिक विकास अर्न्तरगत शिक्षा तथा सीप विकास, स्वास्थ्य तथा पोषण, खानेपानी, सरसफाई तथा फोहरमैला ब्यवस्थापन, लैङ्गिक समानता तथा महिला सशक्तिकरण, भाषा, साहित्य, संस्कृति र सम्पदा, युवा तथा खेलकुद आदि क्षेत्र पर्दछन् । जसवाट गुणस्तरीय शिक्षा र स्वास्थ्य, दक्ष, सक्षम, सिर्जनशिल, प्रतिस्पर्धी तथा उत्पादक जनशक्ति, सुसंस्कृत एवं समतामूलक समाज निर्माणका लागि सामाजिक विकास योजना तर्जुमा गरिएको छ ।

### ५.१ स्वास्थ्य तथा पोषण
### ५.१.१ पृष्ठभूमि

नेपालको संबिधानले प्रत्येक नागरिकलाई राज्य बाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । आफ्नो कार्यक्षेत्र भित्रको आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, आधारभुत स्वस्थ्य सेवाको व्यवस्थपन, प्रजनन् स्वास्थ्य तथा पोषण सेवा सञ्चालन, स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार निर्माण विकास, खानेपानी तथा खाद्य पदार्थको गुणस्तर नियन्त्रण, ध्वनी तथा वायु प्रदुषण नियन्त्रण, स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन र सरसफाई, रक्त सञ्चार सेवा, औषधी पसल सञ्चालन, नियमन तथा व्यवस्थापन, परिवार नियोजना तथा मात्रृशिशु स्वास्थ्य सेवा साथै कुपोषण न्यूनिकरण सम्बन्धी जिम्मेवारीहरू स्थानीय तहमा राखिएको छ ।

नगरपालिकामा स्वास्थ तथा पोषणको अवस्थालाई हेर्दा १२ वटा वडा रहेको यस नगरमा स्वास्थ्य सेवाका लागि ४ वटा स्वास्थ्य चौकीहरु, २ वटा नगर स्वास्थ्य चौकीहरु, सरकारी स्वास्थ्य संस्थाका रुपमा रहेका छन् यस नगरमा सरकारी अस्पताल रहेको छैन । नगरमा २ वटा निजि अस्पताल, ४६ वटा स्वास्थ्य क्लिनिकहरु र करिब ४० वटा औषधी पसलहरु रहेका छन् । यस नगरपालिका ८४ जना महिला स्वास्थ्य स्वयमसेविकाहरु रहेका छन् । त्यसै गरि नगर स्तरिय ३ वटा एम्बुलेन्स

संचालनमा रहेका छन् संग संगै आयुर्बेद तथा आँखा उपचार केन्द्रवाट सेवाग्राहीहरुले सेवा पाइ रहेका छन् ।

### ५.१.२ समस्या तथा चुनौती

यस नगरपालिकामा दक्ष जनशक्तिको परिपूर्ति र व्यवस्थापन, विशेषज्ञ सेवा सहितको आकस्मिक सेवा सुविधा सम्पन्न प्रयोगशाला, एम्बुलेन्स सेवा, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व सेवामा स्तरोन्नति गर्न, यस नगरपालिका भित्र रहेका अन्य आधारभुत स्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी आदिमा आवश्यक दरवन्दी, औषधी उपकरण, सुविधा सम्पन्न भवन, प्रयोगशाला सेवाको व्यवस्थापन गर्न, पर्याप्त आर्थिक श्रोतको व्यवस्थापन गर्न साथै स्वास्थ्य क्षेत्रमा स्थानीयबासीको समतामुलक पहुँचको विस्तार र व्यवस्थापन, स्वास्थ्य बिमाको प्रभावकारी कार्यान्वयन, स्थानीय जडिबुटीको ज्ञान र प्रयोग, बालबालिका तथा महिलाको प्रजनन् स्वास्थ्यमा सुधार, सरुवा रोगको नियन्त्रण, खाद्य गुणस्तर नियन्त्रण, मानिसको आनिवानीमा सुधार र चेतनाको विकास, स्वास्थ्य क्षेत्रमा भईरहेको अधिक खर्च कटौती, भरपर्दो र विश्वासिलो सूचना प्रणालीको विकास र व्यवस्थापन, नीति निर्माणका लागि आवश्यक तथ्याङ्कको व्यवस्थापन, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन साथै स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि जस्ता विषयबस्तु यस क्षेत्रका समस्या तथा चुनौतीको रुपमा रहेका छन् ।

### ५.१.३ संभावना तथा अवसर

संबिधानतः तीनै तहका सरकार विच स्वास्थ्य सेवासम्बन्धी अधिकारको बाँडफाँट हुनु, स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनमा आउनु, नगरपालिकाले आफ्नै श्रोतबाट नगर अस्पताल तथा स्वास्थ्य क्षेत्रका पूर्वाधार निर्माण, उपकरणको व्यवस्थापन र जनशक्तिको परिपूर्तिमा लगानीको सुनिश्चितता गर्दै जानु, नगर क्षेत्रभित्रका सबै जनतामा सर्वसुलभ रुपम गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न सकिने गरिका आधार तयार हुँदै जानु, घर-घरमा एम्बुलेन्स सेवा प्रवाह गर्न सकिने गरिका सडक सञ्जाल निर्माण हुँदै जानु, आपतकालिन अवस्थामा जनप्रतिनिधि तथा कर्मचारी विच आपसी समन्वयहुनु,
विगतको तुलनामा औषधी तथा उपकरणको उपलब्धता बढ्दै जानु, नगरपालिकावासिमा स्वास्थ्य सचेतना र चासो क्रमिक रुपले बढ्दै जानु, स्वास्थ्य क्षेत्रमा कार्यरत गैर सरकारी संघसंस्था नगरपालिकासँग सहकार्य गर्न अग्रसर हुनु, स्थानीय स्तरमा स्वास्थ्य क्षेत्रका भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा जमिन स्थानीयबासीबाट निशुल्क उपलब्ध गराउन तयार हुनु, देश भित्रै दक्ष जनशक्तिको उपलब्धता बृद्धि हुँदै जानु लगायतका सम्भावना र अवसरहरू यस नगरपालिकामा रहेका छन् ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

स्वास्थ्यको अधिकार सुनिश्चित पार्न गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि गरि सुरक्षित मातृत्वको सुनिश्चितता तथा बाल मृत्यूदर घटाउनु ।

**उद्देश्य :**

- आवश्यक स्थानीय ऐन कानून समेत निर्माण गरी नगरपालिकाका सवै वडामा सवै प्रकारका आधारभुत स्वास्थ्य सेवाहरूको सन्तुलित विकास र विस्तार गर्नु ।

- नगरपालिकाबासी सर्वसाधारण नागरिकको सहज पहुँच स्थापित गरी नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभुत स्वास्थ्य सेवा लाई निशुल्क र गुणस्तरीय बनाउनु ।
- वर्तमान बाल तथा मातृ मृत्यू दर घटाउनु ।
- सरकारी, निजी तथा सामुदायिक सहभागिता र साझेदारीको माध्यमबाट बहुक्षेत्रगत स्वास्थ्य सेवामा उपभोग बढाई सेवा प्रदायक र सेवाग्रहीलाई थप जिम्मेवार बनाउने ।
- नगरपालिका क्षेत्रभित्र स्वस्थ जीवनशैली कार्यक्रमको प्रवर्द्धन गर्ने ।
- सबै नागरिकको स्वास्थ्य विमा गरि कायन्वयन गर्ने ।

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| स्वास्थ्य सेवाको व्यवस्थापन र नियमनका लागि स्थानीय ऐन कानून निर्माण गर्ने । | • स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी कार्यान्वनयमा ल्याउने ।<br>• नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिलाई थप कृयाशिल बनाउने ।<br>• नियमित रुपमा आधारभुत स्वास्थ्य सेवा प्रवाह र प्रभावकारिता सम्वन्धी तथ्याङ्क अध्यावधिक गर्ने |
| नगर अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी लगायत नगर क्लिनिकका लागि समेत भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापन गरी सुविधा सम्पन्न बनाउने । | • संघीय सरकारको लक्ष्य बमोजिम नगरपालिका स्तरीय अस्पतालको स्तरोन्नती गरी सञ्चालन तथा व्यवस्थापन गर्ने ।<br>• नगर अस्पताल साथै नगरपालिकाका वडामा सञ्चालित तथा अव निर्माण हुने सवै आधारभुत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीका लागि निर्धारित आवश्यक न्यूनतम भौतिक पूर्वाधार ( जग्गा भवन, परिक्षण कक्ष, बिरामी आराम कक्ष, औषधि भण्डारण तथा वितरण कक्ष, प्रतिक्षालय, खानेपानी, शौचालय, बिद्युतीय सेवा लगायतको निर्माण व्यवस्थापन गरी सुविधा सम्पन्न बनाउने । |
| प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुर्नस्थापनात्मक जस्ता आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा सबै नगरपालिकाबासिको सहज पहुँचको सुनिश्चितता गर्ने । | • निशुल्क आधारभूत स्वास्थ्य सेवामा सवै नगरपालिकाबासिको पहुँच स्थापित गर्ने ।<br>• सवै स्वास्थ्यकर्मि तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको सीप र दक्षता वृद्धिका लागि नियमित तथा प्रशिक्षणको व्यवस्था मिलाउने ।<br>• स्वास्थ्य विमालाई अनिवार्य र प्रभावकारी बनाउने स्वास्थ्य केन्द्र मार्फत गर्भवती जांच सेवालाई प्रभावकारी वनाउने ।<br>• स्वास्थ्य स्वयंसेविका तथा सामाजिक अगुवाहरूलाई प्राथमिक उपचार सम्वन्धी तालिम दिने ।<br>• पशु विकास शाखासँगको समन्वयमा रेविज रोग नियन्त्रण तथा पशुपंन्छी स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने । |

**प्रमुख कार्यक्रम**

- १५ शैयाको नगरपालिका स्तरको अस्पताल निर्माण,
- स्वास्थ्य पूर्वाधार तथा औजार उपकरणको व्यवस्था,
- औषधि खरिद, व्यवस्थापन,
- स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि,
- नगर स्वास्थ्य स्वयंसेविका समूहको बैठक नियमित सञ्चालन,
- एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन,
- स्वास्थ्य जनचेतना कार्यक्रम सञ्चालन,
- बिपन्न नागरिक उपचार कोष स्थापना गर्ने,
- बिभिन्न स्वास्थ्य सूचकाङ्कको तथ्यांक सङ्कलन गर्ने,
- वडा स्तरीय स्वास्थ्य संस्था केन्द्रित घुम्ती स्वास्थ्यसेवा,
- प्रयोगशाला स्थापना,
- पूर्ण खोप कार्यक्रम,
- शहरी स्वास्थ्य ईकाईको स्थापना साथै व्यवस्थापन,
- रोग देखि डराउनु पर्दैन, उपचार नपाई मर्नुपर्दैन स्वास्थ्य विमा कार्यक्रम सञ्चालन ।
- परिवार स्वास्थ्य तथा सुरक्षित मातृत्व,
- बाल स्वास्थ्य तथा पोषण कार्यक्रम,
- आयुर्वेद उपचार केन्द्र/योग ध्यान केन्द्रको स्थापना,
- विद्यालय स्वास्थ्य शिक्षा सञ्चालन ।

### ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरपालिकामा कम्तिमा १५ शैयाको बिशेषज्ञ जनशक्ति र न्यूनतम भौतिक पूर्वाधार सहितको सुविधा सम्पन्न अस्पताल, आधारभुत स्वास्थ्य केन्द्रमा सेवा सुविधा बिस्तार सहितको स्तरोन्नती, औषधालयहरूको स्थापना र विकास भई सम्पूर्ण गर्भवती महिला, नवजात शिशु, जेष्ठ नागरिक लगायत सवै नगरपालिकाबासीले सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य उपचार सेवा, प्रसुती सेवा तथा आवश्यक खोप सेवा प्राप्त गरेका हुनेछन । साथै पूर्ण स्तनपान, पोषणको सुनिश्चितता भई बर्तमान मात्र तथा बाल मृत्यूदरमा ९५ प्रतिशतले कमी आएको हुनेछ । गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन्, टिटानस विरुद्धको २ वटा खोप लिएका, आवश्यक मात्रामा आईरन चक्की खाएका तथा दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । त्यसै गरि जन्मेको १ वर्ष भित्रका सवै बालबालिकाले नियमित रुपमा पूर्ण खोप पाएका तथा ६ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन र ६ महिनासम्म उमेर समुहका ९५ प्रतिशत बालबालिकाले आमाको दुध मात्र खाएका साथै एचआईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिका हरूले ARV Prophylaxis पाएका हुनेछन् ।

### ५.१.६ अनुमान तथा जोखिम पक्ष

आर्थिक, प्राविधिक, सामाजिक, राजनैतिक पक्ष बलियो र दृढ भएको हुनेछ । श्रोत र साधनको पर्याप्तता हुनेछ । प्राकृतिक प्रकोप तथा दुर्घटनाका घटनामा कमि आएको हुनेछ । साथै जोखिम पक्ष विद्यमान ऐन कानून  स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघसंस्थाको अभाव, प्रविधिको अभाव,  निर्माण सामग्रीको,  अपर्याप्तता तथा अभाव  रोगनिरोधक औषधीको अभाव आदि जोखिम पक्ष रहने छन् ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

भनिन्छ शिक्षा ज्ञानको ज्योति हो । शिक्षाको ज्योति बाट कोहि पनि मानिस बन्चित रहनु हुँदैन । शिक्षा मानव सभ्यता र समृद्धि निर्माणको प्रमुख आधार हो । वर्तमान आधुनिक दुनियामा दिन प्रति दिन नयाँ नयाँ प्रविधिको विकास भईरहेको छ । शिक्षाको विकास बाट भएका विज्ञानमा आधारित नवप्रवर्तन युक्त प्रविधिको विकास र विस्तारले आज दुनियाँ घरको एउटा कोठा जस्तो हुँदै गईरहेको छ । वर्तमान विश्वमा विज्ञानले गरेको चमत्कार साच्चै उत्साहजनक रहेको छ र नवप्रवर्तनका क्षेत्रमा अझ धेरै विषय बस्तु हाम्रो सामु आउने तयारीमा रहेका छन ।
पन्ध्रौ योजनाका आधारमा नेपालमा १५ बर्षभन्दा माथिका जनसङ्ख्याको साक्षरता दर ७८ प्रतिशत, १५ देखि २४ बर्ष सम्मका यूवाको साक्षरता दर ९२ प्रतिशत, पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर ८४.१ प्रतिशत, कक्षा १ देखि ५ सम्मको खुद भर्नादर ९७.२ प्रतिशत, कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर ९२.३ प्रतिशत, माध्यमिक तह (कक्षा ९ देखि १२) को खुद भर्नादर ४६ प्रतिशत रहेको छ भने वर्तमानमा यो मात्रामा केहि बढोत्तरी भएको अवस्था छ । वर्तमान अवस्थामा जतीजती माथिल्लो कक्षामा जाने गर्दछन् बालबालिकाको विद्यालय छाड्ने दर समेत त्यसैगरी बढ्दो अवस्थामा रहेको छ ।

यस नगरपालिकामा ५१ वटा सामुदायिक विद्यालय, ३ वटा क्याम्पस, ३३ वटा निजि विद्यालयअरु रहेको र नगरमा आधारभुत तहको शिक्षा हासिल गरेका ३९१४८ (४१.१ प्रतिशत) माध्यामिक विद्यालय तहको शिक्षा हासिल गरेका १८१५० (१९ प्रतिशत) जना र स्नातक वा सोभन्दा माथीको शिक्षा हासिल गरेका २९८४ (३.१३ प्रतिशत) जना रहेको तथ्याङकले देखाएकोछ । लैंगिक हिसाबले यो नगरपालिकामा पनि विभेद रहेको पाईन्छ । जस्तैः यस नगरपालिकाको पुरुषको साक्षरता दर ८३.७ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६९.७ प्रतिशत मात्र रहेको छ । पुरुष र महिलाको साक्षारता दरमा लगभग १७.९५ प्रतिशतको फरक देखिन्छ । नगरपालिकामा बसोबास गरिरहेकाहरुको कुल जनसंख्या मध्ये ६ वर्ष भन्दा माथीका १७९८४ (१८.८ प्रतिशत) जना निरक्षर सामान्य लेखपढ पनि गर्न नसक्ने रहेका छन् भने १७१०८ (१७.९ प्रतिशत) जना साक्षर रहेका छन् ।

### ५.२.२ समस्या तथा चुनौती

धेरै जसो सामुदायिक तथा संस्थागत विद्यालयहरूमा आधारभुत स्तरका भवन, बालमैत्री कक्षा कोठा, खेलमैदान, शौचालय, खानेपानी, कम्पाउण्ड घेराबारा, अभिभावक प्रतिक्षालय, कक्षाकोठामा पङ्खाको व्यवस्थापन, पुस्तकालय तथा बिज्ञान प्रयोगशाला, बालबालिकाका लागि खाजा घर, शिक्षक तथा बिद्यार्थीका सवारीका साधनका लागि पार्किङ स्थल लगायतका अति आवश्यक पूर्वाधार तथा संरचना पुरा हुन नसकेको, विद्यार्थीले विचैमा विद्यालय छाड्ने दर उच्च रहेको, तहगत र विषयगत दरवन्दी व्यवस्थापन गर्न नसकिएको, दक्ष तथा तालिम प्राप्त जनशक्तिको समेत अभाव रहेको, अंग्रेजी

माध्यमको सिकाइलाई व्यवस्थापन गर्न नसकिएको, शैक्षिक क्षेत्र सुधारका कार्यक्रम तीनै तहका सरकारले प्रमुख प्राथमिकताका साथ सञ्चालन गर्दै आएको भएता पनि वालविकास केन्द्र तथा विद्यालय भर्ना दरलाई शतप्रतिशत गर्न नसकिएको जस्ता समस्या रहेका छन् ।
विद्यालय भर्ना भएका बालबालिकाको निरन्तरताको सुनिश्चितता, रोजगारीको सुनिश्चितता, प्रतिस्पर्धी क्षमताका सहतिका बालबालिकाको उत्पादन, प्राविधिक उच्च शिक्षाको सुनिश्चित अवसर, शिक्षा क्षेत्रमा उत्तरदायित्व बहन र सुशासनको प्रत्याभूति, शैक्षिक प्रशासनको समय सापेक्ष पुर्नसंरचना, शैक्षिक संस्थाहरूको नक्साङ्कन साथै सूचना प्रविधिले विकास गरेका विविध अवसरहरूको सदुपयोग, आर्थिक स्रोतको व्यवस्थापन र मा.वि. तहसम्म पूर्ण निशुल्क शिक्षाको सुनिश्चितता गर्ने कार्यहरू वर्तमानमा चुनौतीका रुपमा रहेका छन् ।

### ५.२.३ संभावना तथा अवसर

विद्यालयमा बालबालिकाको अनुपात करिव बराबरको अनुपातमा रहनु, शिक्षा तीनै तहको साझा अधिकार क्षेत्रभित्र समेटिनु, आगामी वर्षहरुमा गरिने वजेट विनियोजनले शिक्षामा लगानी भन्ने अभियानले क्रमसः आकार ग्रहण गर्दै जानु, अभिभावक चेतनामा अभिबृद्धि हुनु, सामाजिक संस्कारमा अनुभव गर्न सकिने गरि सकारात्मक परिवर्तन आउनु, छुवाछुत प्रथा र सानो र ठूलो जातको नाउँमा हुने विभेद क्रमसः अन्त्य हुँदै जानु, रोजगारमूल शैक्षिक तथा सीपविकास कार्यक्रम सञ्चालनमा बढोत्तरी हुदै जानु, शिक्षा, विज्ञान र नवप्रवर्तनका सम्भावना र अवसरहरू रहेका छन् ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य:**

नगर क्षेत्रभित्रका विद्यालयमा सबै उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याई व्यवहारिक, सिपमुलक, प्रविधिमैत्री र पूर्ण निःशुल्क गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता गर्नु ।

**उदेश्य:**

- आवश्यक स्थानीय ऐन कानून समेत निर्माण गरी मा.वि. तह सम्म पूर्ण निशुल्क शिक्षा प्रदान गर्ने ।
- वालमैत्री पूर्वाधारयुक्त वातावरणमा सिकाइ अवसर सिर्जना गर्ने ।
- विद्यायल शिक्षालाई गुणस्तरीय, जीवन उपयोगी, प्रविधिमैत्री, बैज्ञानिक, नवप्रवर्तनात्मक, व्यवसायमूलक र प्रतिस्पर्धी बनाएर प्रविधिमा आधारित व्यावहारीक र सिपमुलक शिक्षाको सुनिश्चितता गर्ने ।
- विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने साथै सवै नगरपालिकाबासिका लागि जीवन पर्यन्त शिक्षाको अवसर सिर्जना गर्ने ।
- कक्षा छोड्ने र दोहऱ्याउने दरमा न्युनिकरण गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| नगरपालिका शिक्षा योजना तयार गर्ने तथा त्यसमा आधारित आवश्यक ऐन, नियम, निर्देशिका,तथा कार्यविधि तयार | • यस नगरपालिकाको नगर शिक्षा नीति, योजना तथा दिर्घकालिन रणनिति तयार गर्ने तथा त्यसमा आधारित आवश्यक ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गर्ने । |

| | |
|---|---|
| गर्ने । | ● मातृभाषामा शिक्षण सिकाईलाई प्राथमिकताका साथ अघि बढाउने ।<br>● कृषि, पशुपन्छी, इन्जिनियरिङ, स्वास्थ्य लगायतका प्राविधिक शिक्षालाई विद्यालय स्तरबाटै अघि बढाउन आवश्यक व्यवस्थाका लागि संघीय सरकार समक्ष आवश्यक पहल र पैरवी गर्ने । |
| विद्यालय उमेरका सवै बालबालिकालाई विद्यालय भर्ना गर्ने साथै बिचैमा विद्यालय छाड्ने दर घटाउने । | ● सामाजिक नक्साङ्कनका आधारमा विद्यालय उमेरका तर विद्यालय जाने अवसरबाट बन्चित रहेका बालबालिकाहरूको अवस्था विवरण सहितको तथ्याङ्क संकलन गर्ने ।<br>● अति गरिव तथा बिपन्न बर्गका बालबालिकाहरूलाई निशुल्क शैक्षिक सामग्री र छात्रबृतिको व्यवस्थापन गर्ने ।<br>● अनाथ, असहाय साथै सडक बालबालिकाहरूका लागि खाना, नाना र छाना सहितको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।<br>● नगरपालिकाका सवै वडामा साक्षरता अभियान सञ्चालन गर्ने ।<br>● कक्षा ६ देखि माथिका विद्यालयमा कम्प्यूटर शिक्षा सहितको प्राबिधिक शिक्षालाई अनिवार्य गर्ने ।<br>● बालबालिकाका लागि विद्यालय खाजा कार्यक्रमलाई अनिवार्य र ब्यवस्थित गर्ने । |
| बालमैत्री वातावरण विकास गरी शैक्षिक गुणस्तर सुधार गर्ने । | ● सवै विद्यालयमा आवश्यक दरवन्दी श्रृजना सहित दक्ष जनशक्तिको व्यवस्थापन गर्ने ।<br>● सवै विद्यालयमा खेलकुद सामग्रीको व्यवस्थापन गर्ने गराउने ।<br>● नगरपालिकाका सवै सामुदायिक तथा संस्थागत विद्यालयहरूले कक्षा ५ देखि माथिका बालबालिकाको संलग्नता रहने गरी अनिवार्य विद्यालय स्तरीय बालक्लव गठन तथा परिचालन गर्ने,<br>● विद्यालयको समग्र विकासका लागि SMC / PTA को बैठक नियमित गर्ने साथै बालबालिकाको शैक्षिक विकासमा नियमित अन्तरकृया कार्यक्रम सञ्चालन गर्ने । |

**प्रमुख कार्यक्रम**

- हाम्रो विद्यालय, राम्रो विद्यालय हामी सिक्नेछौ, अरुलाई सिकाउनेछौ अभियानहरु संचालन गर्ने,
- शैक्षिक नीति तथा योजना तर्जुमा,
- नगरपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकूद,
- विद्यालय पूर्वाधार सुधार तथा शैक्षिक सामग्री,
- सबै तहका विद्यार्थीहरू सहभागी हुने गरी विभिन्न बौद्धिक र शारीरिक कार्यक्रम,
- भर्ना अभियान घरदैलो कार्यक्रम,
- हरेक बिद्यालयमा कम्तिमा एक कम्प्युटर शिक्षकको व्यवस्थापन,
- शैक्षिक चुनौती कोष,

- सूचना प्रविधि तथा कम्प्युटर ल्याब,
- जसको कोई छैन, उसको लागि स्थानीय सरकार
- शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि,
- वालमैत्री, अपाङ्गतामैत्री, महिलामैत्री विद्यालय,
- अभिभावक शिक्षा कार्यक्रम,
- विद्यार्थीहरूलाई दिवाखाजा,
- गरिव तथा जेहेन्दार तथा संरक्षक नभएका विद्यार्थीहरूलाई छात्रवृत्ति,
- सामाजिक परीक्षण,
- घोडाघोडी क्याम्पस प्रविधिकधार तर्फको व्यवसायिक शिक्षा कार्यक्रम,
- शिक्षक तथा जनशक्ति व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम,
- विद्यालयको व्यवस्थापन सुधार कार्यक्रम,
- शिक्षक दरवन्दी मिलान,
- आवासिय विद्यालय स्थापना,
- विद्यालयहरुविच सिकाई आदान प्रदान कार्यक्रम,
- स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन,
- नगर प्रमुख शैषिक सहयोग कार्यक्रम ।

### ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरपालिका क्षेत्र भित्रका सबै सामुदायीक तथा सस्थागत विद्यालय तथा उच्च शिक्षा प्रदान गर्ने शिक्षालयहरूमा सुविधा सम्पन्न भवन, प्रयाप्त मात्रामा कक्षाकोठा तथा फर्निचर उपलब्ध, कम्पाउण्ड घेराबार ८५ प्रतिशत, विद्युतिकरण ९० प्रतिशत विद्यालय तथा सबै विद्यालयमा छात्रछात्राको लागि अलग अलग वास (WASH) सहितको पर्याप्त शौचालयको व्यवस्था हुनेछ । नगरपालिका क्षेत्रका ४ वर्ष सम्मका ८५ प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनेछन्, ५ देखि १२ वर्ष उमेर समूहका ९५ प्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ कक्षा देखि ८ सम्म) क्रमिक रुपले पुरा गर्दै गरेका हुनेछन् । बालबालिकाले विचैमा विद्यालय छाड्ने (Dropout) दर ९५प्रतिशतले घटेको हुनेछ । संघीय तथा प्रदेश सरकारको समेत सहयोगमा तालिम प्राप्त विषयगत दक्ष जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

बालमैत्री विद्यालय व्यवस्थापन र गुणस्तर सुधारका लागि आर्थिक तथा प्राविधिक पक्ष बलियो रहेको हुनेछ । विषयगत जनशक्ति व्यवस्थापन पूर्ण भएको हुनेछ । साथै जोखिम पक्ष स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघसंस्थाको अभाव, प्रविधिको अभाव, निर्माण सामग्रीको अपर्याप्तता तथा अभाव, प्रविधियुक्त पाठ्यक्रम र पठ्यपुस्तकको अभाव आदि ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

वर्तमान अवस्थामा नेपालका ८९ प्रतिशत मानिसहरूले आधारभूत स्तरको र २१ प्रतिशतले सुधारिएको (उच्च तथा मध्यम स्तरको) खानेपानी सेवा प्राप्त गरिरहेका छन् भने ९९ प्रतिशत घरपरिवारले आधारभूत स्तरको सरसफाई सेवाको उपभोग गरिरहेको अवस्था छ । स्वास्थ्य र सरसफाई मानव सभ्यताको एक प्रमुख सूचक हो । शुद्ध र सुरक्षित खानेपानी तथा आधारभूत स्तरको सरसफाईको पहुँच बृद्धिसँगै समग्रमा नेपालीको सरदर आयुमा बृद्धि गर्न, बाल मृत्यूदरलाई कम गर्न सहयोग पुगेको छ भने नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा बृद्धि तथा बालबालिकाको विद्यालयमा उपस्थिति दर र सर्वसाधारण नागरिकको सामाजिक रहन सहनमा सुधार गर्न योगदान पुगेको छ ।

यस पालिकाको खानेपानीको अवस्थालाई हेर्दा नगरपालिकामा १२४९४ घरपरिवारका ७३८५१ (७७.४%) जनताहरुको खानेपानीको मुख्य श्रोतको रुपमा टयुबवेल/हेन्डपम्पको पानी प्रयोग गरेका छन्, त्यसै गरि ३५०४ परिवारका २०६६९ जनताले पाईपधाराको पानी प्रयोग गरेका छन् भने ८१ परिवारका ४७८ मानिसले अन्य स्रोतको पानी र ५० परिवारले डिप बोरिङग र १२ परिवारले ढाकिएको इनार कुवाको पानी प्रयोग गरेका छन् ।

## ५.३.२ समस्या तथा चुनौती

मानववस्तीको विकास र विस्तारसँगै मानवीय कृयाकलापका कारण सिर्जित हुन गएको फोहोरमैलाको उचित व्यवस्थापन स्थल र प्रविधिको प्रयोग गर्न नसकिएका कारण बस्ती, नदीनाला, जलाशय तथा वातावरण प्रदूषित हुने कम बढ्दै गएको छ । अझै केहि घरपरिवारको पारिवारिक शौचालय नवनेको, सरसफाइ र शौचालयको प्रयोगमा कमि रहेको, सवै विद्यालयमा बालबालिकाका लागि अलग अलग र पर्याप्त मात्रामा शौचालयको व्यवस्था हुन नसकेको, विद्यालयमा बालकाका लागि चेन्जिङ कक्षको व्यवस्था हुन नसकेको, सार्वजनिक स्थलमा पर्याप्त शौचालयको व्यवस्था हुन नसकेको जस्ता समस्या तथा अभाव कायम नै रहि रहेको छ ।

नेपालको संबिधानले मौलिक हकको रुपमा स्थापित गरेको खानेपानी तथा सरसफाईको अधिकार अनुरुप प्रत्येक वडामा खानेपानीका लागि जमिनको व्यवस्था गरी डिप बोरीङ्ग र ट्यांकी सहित सवै नगरबासीलाई शुद्ध र सुरक्षित खानेपानी उपलब्ध गराउने, जमिनमुनिबाट प्रयोग गरिएका पानीहरुको शुद्धता परिक्षण गरि व्यवस्थापन गर्नु, दिन प्रतिदिन ह्रसहुँदै गएका खानेपानी मुहान तथा श्रोतहरूलाई पहिलेकै अवस्थामा ल्याउनु, सरसफाईका संरचनालाई जलवायु परिवर्तन अनुकुल र वातावरण र विपद् व्यवस्थापनमैत्री बनाउनु, बालबालिकाहरुमा शुद्ध खानेपानी र सरसफाई सम्बन्धी चेतना अभिबृद्धि गर्न सकेको छैन ।

## ५.३.३ संभावना तथा अवसर

प्रत्येक वडामा जमिन मुनिबाट पानी निकाली सुरक्षित उपयोग गर्न सक्ने अवस्था, वर्तमान व्यवस्था बमोजिम टोल बस्ती स्तरबाट योजना तर्जुमा गर्ने प्रकृया र पद्धतीको विकास, नगरपालिकाको सेवा प्रवाह इकाईका रुपमा स्थापित वडा कार्यालय र तीनका सहयोगीको रुपमा स्थापित हुँदै गएका टोल विकास संस्था र सामुदायिक संघसंस्थाको क्रियाशिलता, जीवनशैलीमा आएको परिवर्तन, चेतनाको सकारात्मक अभिबृद्धि, प्रविधिको विकास र विस्तार, नगरपालिकाको अधिकार सहितको नेतृत्व, निजी क्षेत्र साथै समुदायको सहयोग र सहभागितामा क्रमिक बृद्धि, संघीय तथा प्रदेश सरकार लगायत विकास साझेदारको सहयोग र चासो यस क्षेत्रका संभावना र अवसरको रुपमा रहेका छन् ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य:**

आगामी ५ वर्षभित्र यस नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने कम्तिमा ९० प्रतिशत नागरिकहरुलाई सफा, शुद्ध र सुरक्षित खानेपानी र सरसफाईको समुचित व्यवस्थापन गर्ने ।

**उद्देश्य**

- जलवायु परिवर्तन अनुकूल तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाई सेवाको सुनिश्चित गर्ने ।
- हाल संचालनमा रहेका ट्यांकीहरुको मर्मत संभार तथा सुधार गर्ने, आवश्यकता अनुसार खानेपानी ट्यांकी निर्माण गर्ने ।
- बैज्ञानिक तवरले खानेपानी नपुगेको स्थानमा धारा विस्तार गरी सवै नगरबासीलाई शुद्ध र सुरक्षित खानेपानी उपभोगको सुनिश्चितता गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| खानेपानी व्यवस्थापनका आवश्यक भौतिक पूर्वाधार निर्माण विकास गरी सहज रुपमा शुद्ध, स्वच्छ, सफा र गुणस्तरीय खानेपानी उपभोगको सुनिश्चिता गर्ने । | • आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्ने ।<br>• खानेपानीका मुहान तथा श्रोतहरूको संरक्षण संबर्द्धन एवं विकास गर्ने सहितको खानेपानी व्यवस्थापन गुरुयोजना तयार गर्ने ।<br>• बर्तमान खानेपानी सुविधाको वास्तविक अवस्थाको तथ्याङ्क अध्यावधिक गर्ने ।<br>• एक घर एक खानेपानी धारा निर्माण कार्यक्रम अन्तरगर्त खानेपानी पूर्वाधार विस्तार तथा उपभोगलाई नगरपालिकाबाट प्रवाह हुने सेवासँग आवद्ध गर्ने ।<br>• सवै बिद्यालय तथा सार्वजनिक भवन र स्थानमा सुरक्षित खानेपानी पूर्वाधारको विकास अनिवार्य गर्ने ।<br>• प्रत्येक टोल बस्तीमा शुद्ध र सुरक्षित पानीको उपभोगका बारेमा जनचेतना अभियान सञ्चालन गर्ने । |
| सवै घरपरिवार र सर्वजनिक स्थलहरूमा सुविधा सम्पन्न शौचालयको निर्माण गरी खुला दिशामुक्त क्षेत्रको पूर्ण कार्यान्वयन गर्ने साथै सुरक्षित र व्यवस्थित शौचालयको पूर्ण प्रयोगको सूनिश्चितता गर्ने । | • शौचालय नभएका घरपरिवारको पुरक बिबरण सङ्कलन गर्ने ।<br>• पारिवारिक तथा सार्वजनिक सवै शौचालयहरू बालमैत्री तथा अपाङ्गमैत्री समेत वनाउन अनिवार्य गर्ने ।<br>• शौचालयको नियमित प्रयोग र त्यसबाट पुग्ने फाईदा लगायत शौचालयको प्रयोग पछी साबुनपानीले हात धुनु पर्ने आवश्यकताका बारेमा जनचेतना अभियान सञ्चालन गर्ने । |
| खानेपानी तथा सरसफाई आयोजनाहरूलई जलवायु अनुकूलत तथा विपद् जोखिम न्यूनिकरण हुने गरी दिगोपना कायम गर्ने । | • भूमिगत पानीको पुर्नभरण गर्ने उपाय र प्रविधिको प्रयोग गर्ने<br>• सडक, पुल तथा भवन जस्ता भौतिक पूर्वाधार निर्माण गर्दा तथा बनजङ्गलको सदुपयोग गर्दा पानीका प्राकृतिक स्रोतको संरक्षण र सम्बर्द्धनका लागि विशेष अभियान सञ्चालन गर्ने ।<br>• खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाको छनौट, प्राथमिकिकरण र निर्माणमा नगरपालिकाको क्षमता विकास गर्ने ।<br>• प्रदेश तथा संघीय सरकार साथै विकास साझेदारको सहयोग र |

| | |
|---|---|
| | सहकार्यलाई थप व्यवस्थित बनाउन समन्वयात्मक कार्यलाई प्रभावकारी बनाउने । |

**प्रमुख कार्यक्रम**

- ठुला तथा साना खानेपानी आयोजना निर्माण तथा मर्मत,
- खानेपानीको गुणस्तर सुधार,
- फोहोरमैला व्यवस्थापन पूर्वाधार विकास,
- फोहरमैला तथा सरसफाई ब्यवस्थापन क्षमता विकास,
- फोहरमैलाबाट बायोग्यास उत्पादन,
- स्मार्ट सार्वजनिक शौचालय निर्माण,
- अस्पताल जन्य फोहरमैला व्यवस्थापन,
- एकघर एक धारा, एक चर्पी,
- मेरो गाउँ/शहर मै सफा गर्छु अभियान,
- वातावरणिय स्वच्छता सम्बन्धि अभियान ।

### ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस नगरपालिकाभित्र सञ्चालनमा रहेका तथा सञ्चालनमा आउने सवै विद्यालय, सार्वजनिक स्थलमा रिजर्वायर ट्यांकी सहितको पाइपलाईनबाट स्वच्छ र सुरक्षित खानेपानीको सुविधा ९५ प्रतिशत उपलब्ध भएको हुनेछ, त्यसै गरि खाद्य पदार्थ तथा खानेपानी परिक्षणका लागि उपयुक्त परिक्षण प्रयोगशालासँग साझेदारी गरी वा आफ्नै प्रयोगशाला निर्माण तथा सञ्चालन गरी नियमित परिक्षणको कार्य भएको हुनेछ, नगरपालिका क्षेत्रभित्र खानेपानीका कारण मानिसमा लाग्ने रोगमा ९५ प्रतिशतले कमि आएको हुनेछ र नगरपालिका पूर्ण सरसफाईको अभियानगत योजना तथा कार्यक्रमबाट खुला शौच र सरसफाईमा हुने गरेको असावधानीका कारण उत्पन्न हुने रोगब्याधीमा ९५ प्रतिशतले कमि आएको हुनेछ ।

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

स्थानीय ऐन, कानूनको समेत व्यवस्था भई खानेपानी तथा सरसफाईका कार्यमा संघीय, प्रदेश सरकार, विकास साझेदारको सहयोग र समन्वयमा विस्तार भएको हुनेछ । स्थानीयबासीमा स्वास्थ्य र सरसफाईका बारेमा पूर्ण सचेतनाको विकास भएको साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून भएको हुनेछ । त्यसै गरि जोखिम पक्ष उपयुक्त स्थानमा जग्गा जमिनको अभाव, स्रोत साधनको अभाव र अपर्याप्तता, सहयोगी तथा साझेदार संघसंस्थाको अभाव, प्रविधि तथा उपकरणको अभाव, निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव जोखिम पक्ष हुनसक्ने छन् ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

लैङ्गिक समानता तथा महिला सशक्तिकरण, बालमैत्री स्थानीय शासनको माध्यमबाट बाल अधिकार संरक्षण र सम्बर्द्धन साथै लक्षित बर्गको सामाजिक समावेशीकरण र सशक्तिकरण आजका मूख्य

सवालहरूको रुपमा रहेका छन् । नेपालको वर्तमान संबिधानले महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मतृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सवै निकायमा समानुपातिक र समावेशीताका आधारमा सहभागी हुने हकलाई मौलिक हकको रुपमा स्थापित गरेको अवस्था छ ।

यस नगरपालिकाको जम्मा जनसंख्या ८६०३४ रहेको छ । जसमध्ये महिला जनसंख्या ५३.३ प्रतिशत र पुरुष जनसंख्या ४६.७ प्रतिशत रहेको छ । नगरपालिकामा रहेका परिवारको औषत आकार ४.६८ रहेको छ, जुन राष्ट्रिय स्तरको परिवारको औषत आकार भन्दा बढि रहेको छ । यसैगरी लैङ्गिक अनूपात ८७.६१ रहेको छ । यसै गरी बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरु राज्यबाट प्रत्याभुत गरेका सेवा सुविधाहरुमा न्युन सहभागिता रहेको अवस्था छ । यस नगरपालिकामा अझै पनि छुवाछुत प्रथाको अन्त्य हुन सकेको छैन भने जाती जाती बिचको विभेद सामान्यतया कायम नै रहेको अवस्था छ । सवै जातजाती भित्र महिला र बालबालिका प्रतिको हेराई र व्यवहारमा अझै पनि विभेद कायमै रहेको पाईन्छ । सवै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानव अधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई यस योजनाले समेट्नेछ ।

### ५.४.२ समस्या तथा चुनौती

महिला, बालबालिका तथा लक्षित वर्ग अन्तर्गत यस नगरपालिकामा महिला तथा बालबालिका माथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, पितृसत्तात्मक सोच लगायत अशिक्षा, हानिकारक अभ्यास, लैङ्गिक विभेद तथा हिंसालाई प्रश्रय र वढावा दिने सामाजिक संरचना, सोच, मूल्य र मान्यता, प्रथा तथा परम्परा केहि हदसम्म कायम नै रहनु, सवै बालबालिकाको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच नहुनु, बाल सहभागिताको विषय ओझेलमा रहनु, विभिन्न सङ्गठित तथा असङ्गठित क्षेत्रमा श्रमिक बालबालिका रहनु,

जेष्ठ नागरिकका लागि पर्याप्त सुविधा सहितका आवश्यक दिवा सेवा केन्द्र तथा क्लव, आश्रमको व्यवस्थापन गर्न चुनौती रहेका छन् भने ऐन कानूनले निर्दिष्ट गरेका अपाङ्गमैत्री संरचना निर्माण गर्ने, स्रोत र साधनको समुयोचित व्यवस्थापन गर्ने, आवश्यकताका आधारमा सेवा सुविधा र अपाङ्गताको सहायताका लागि निर्मित प्रविधियुक्त उपकरणको व्यवस्था गर्ने, विपन्न लक्षित वर्गलाई सामाजिक सम्मान र सहभागिताका साथ विकासको मूलधारमा समेट्ने जस्ता आधारभूत कार्य समेत यस नगरपालिकाका लागि चुनौतीको रुपमा रहेका छन् ।

### ५.४.३ संभावना तथा अवसर

बदलिदो विश्व परिवेश र नेपालमा भएको सामाजिक, आर्थिक तथा सांस्कृतिक रुपान्तरणसँगै लैङ्गिकमैत्री संविधान र संघीय तथा प्रदेश सरकार जस्तै स्थानीय तहले समेत लैङ्गिकमैत्री स्थानीय ऐन कानूनहरू निर्माण गर्ने कार्यको प्रारम्भ हुनु, राज्यको तीनै तहमा महिलाहरूको सहभागिता उत्साहजनक हुँदै जानु, नगर कार्यपालिकामा महिला वालवालिका सम्बन्धि काम गर्न कर्मचारीको व्यवस्था रहनु, नगरपालिका स्तरमा लैङ्गीक निवारण कोष संचालनमा रहनु, महिलामैत्री नीति तथा कार्यक्रमले प्राथमिकता पाउनु, नगरपालिकामा स्थानीय न्यायिक समिति हुनु यस नगरपालिकाका लागि संभावना र अवसर रहेका छन् ।

नगरपालिका क्षेत्रमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरूको बर्गिकरणका आधारमा परिचय पत्रको व्यवस्था, सेवा सुविधाको प्रवाह, सीप विकास तालिम, सहयोगी सामाग्रीको वितरण लगायत

सम्पूर्ण लक्षित बर्ग तथा समुदायलाई समाज विकासको मूलधारमा ल्याउने गरी नगरपालिका क्षेत्रभित्र कार्यक्रमहरू सञ्चालनमा रहनु यस क्षेत्रका सम्भावना र अवसरको रुपमा रहेका छन् ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

विपन्न महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी, जनजाती, पिछडिएको वर्ग, लक्षित समूहलाई सामाजिक समावेशीकरणको माध्यमबाट सशक्तिकरण गर्दै विकासको मुलप्रवाहमा समाहित गर्ने ।

उदेश्य :

- नगरपालिका क्षेत्रका सबै महिलाहरु हिंसामुक्त वातावरणमा घरायसी तथा सामाजिक निर्णयमा सहभागी हुन पाउने व्यवस्था सहित लैङ्गिक उत्तरदायी स्थानीय शासनको संस्थागत व्यवस्थापन गर्ने ।
- बालबालिकाका नैसर्गिक अधिकारका रुपमा स्थापित बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चितता गर्ने ।
- सामाजिक सम्मान र संरक्षणलाई दिगो बनाएर जेष्ठ नागरिकसँग रहेको ज्ञान, सीप र अनुभवलाई नगरपालिकाको समृद्धिमा सदुपयोग गर्ने ।
- अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण गरी आत्मनिर्भर बनाउने साथै विशेष संरक्षणको आवश्यकता रहेकाको हकमा सहज जीवनयापनमा सुनिश्चितता गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| आर्थिक र सामाजिक समानताको आधारमा विकास र सामाजिक रुपान्तरणको नेतृत्व गर्न सक्ने गरी महिलाहरूको क्षमता विकास गर्ने साथै नगरपालिका क्षेत्रबाट महिला हिंसा, शोषण तथा लैङ्गिक विभेदको अन्त्य गर्ने । | • नगरपालिका स्तरीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार गर्ने ।<br>• तथ्याङ्क अध्यावधिक गर्ने, नगरपालिकामा महिला अधिकार सम्पर्क ईकाई तथा हेल्प डेस्कको व्यवस्था गर्ने ।<br>• महिला अधिकार संरक्षण नगरपालिका समितिको गठन गरी यसलाई संस्थागत स्वरुप प्रदान गर्ने ।<br>• लैङ्गिक हिंसा निवारण कोषलाई थप प्रभावकारी बनाउने । |
| बालमैत्री नगरपालिका निर्माण विकास गर्ने । | • बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनीतिक योजना तथा कार्यविधि तयार गरी पूर्ण कार्यान्वयन गर्ने ।<br>• बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनीतिक योजनाले निर्धारण गरेका बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितासँग सम्वन्धित सवै सूचकहरू पुरा गर्ने गरी निर्धारण गरिएको योजना तथा कार्यक्रमहरू समय तालिकाका आधारमा नियमित सञ्चालन व्यवस्थापन गर्ने ।<br>• सवै विद्यालयले अनिवार्य बालमैत्री कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । |
| क्षमताका आधारमा अपाङ्ग तथा फरक क्षमता भएकाहरूको आत्मसम्मान अभिवृद्धिको सुनिश्चितताका साथ अपाङ्ग तथा फरक क्षमतामैत्री नगरपालिकाको | • अपाङ्ग तथा फरक क्षमता भएकाहरूको सामाजिक शुरक्षा र सम्मान सँग सम्बन्धित नगरपालिका स्तरीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार गर्ने ।<br>• अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिको क्षमता पहिचान |

| | |
|---|---|
| रुपमा विकास गर्ने । | सहित तथ्याङ्क अध्यावधिक गर्ने तथा परिचयपत्र वितरण गर्न अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माणलाई अनिवार्य गर्ने ।<br>● अपाङ्गहरूका लागि आवश्यक सहायक तथा सहयोगी सामग्री वितरण गर्ने ।<br>● अपाङ्गता भएका व्यक्तिका लागि सीप विकास केन्द्रको स्थापना र सञ्चालन गर्ने ।<br>● अपाङ्गहरूबाट प्रवर्द्धित तथा सञ्चालित साथै अपाङ्गहरूले मात्र रोजगारी प्राप्त गर्ने गरी एक नमुना उद्योग वा व्यापार वा व्यवसाय सञ्चालन व्यवस्थापनमा नगरपालिकाले सहयोग र साझेदारी गर्ने ।<br>● आफ्नो ज्ञान, सीप र अनुभवको सदुपयोग गरी सामाजिक तथा आर्थिक विकासमा पुर्‍याएको योगदानका आधारमा जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्ने । |

**प्रमुख कार्यक्रम**

- सामाजिक सुरक्षाका सेवाग्राहीहरूको व्यवस्थित अभिलेखीकरण,
- अन्तर पुस्ता सीप हस्तान्तरण,
- एकल महिला, मुक्तकमैया, कमलरी, सिमान्कृत वर्गका लागी जिवन उपयोगी सीपहरु,
- आय आर्जन तथा रोजगारी मुलक तालिम,
- लैङ्गिक विभेद, हिँसा तथा शोषण सम्वन्धी अभिमुखीकरण,
- नेतृत्व विकास तथा क्षमता अभिवृद्धि,
- खण्डीकृत तथ्याङ्क व्यवस्थापन,
- छोरीको सम्मान, घोडाघोडीको पहिचान कार्यक्रम,
- लैससाससम्बन्धी सचेतना कार्यक्रम,
- लैंगिक हिंसा निवारण कोष सञ्चालन,
- उपप्रमुख महिला उत्थान कार्यक्रम,
- लैङ्गिक संवेदनशील बजेट,
- GRB Audit/GESI Audit सम्बन्धी जनप्रतिनिधि कर्मचारीको क्षमता विकास,
- लैससास सम्बन्धी बिद्यालय केन्द्रीत अभिमुखीकरण कार्यक्रम,
- महिला तथा वालवालिका सेलको स्थापना,
- जेष्ठ नागरिक लक्षित बुढेसकालको सहारा कार्यक्रम,
- बालश्रम उन्मूलन,
- बालमैत्री स्थानीय शासन,
- अवलोकन भ्रमण,
- संघसंस्थाहरुको नियमन तथा सहजिकरण डेस्क स्थापना ।

### ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरपालिकाले आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भएको हुनेछ, परिवार र समुदायबाट महिला हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना

तयार गरी कार्यान्वयनमा आएको हुनेछ, सरोकारवालाहरू संघसंस्था कार्यालय, उद्योगी, व्यापारी तथा व्यवसायीहरूले महिला तथा बाल अधिकार संरक्षण र संबर्धनमा प्रतिवद्धता जाहेर गरेका हुनेछन र आ-आफ्नो क्षेत्रबाट आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याएका हुनेछन्, त्यसै गरि ३०० जना एकल महिलाले सिप सिकेर स्वरोजगार भएका हुनेछन्, प्रत्येक वडा कार्यालयले जेष्ठ नागरिक दिवा सेवा स्थापना गरेको हुनेछन्, बालमैत्री नगरपालिकाको रुपमा घोषित भई यसको दिगोपना व्यवस्थापनमा कृयाशिल भएको हुनेछ साथै बालश्रम शोषण र बालबिवाहको अन्त्य भएको हुनेछ महिला तथा लक्षित वर्ग र समुदायको शिप विकास र व्यवसाय सञ्चालन क्षमता विकास र व्यवस्थापनको हिसावले यो नगरपालिका सशक्त भएको हुनेछ साथै महिला तथा लक्षित बर्ग र समुदायको आर्थिक आत्मनिर्भरताको मात्रामा ५० प्रतिशतले वृद्धि भएको हुनेछ तथा यस नगरपालिकामा कम्तिमा एक वडा ५ महिला उद्यमी अन्तरगत ६० वटा महिला उद्यमीको विकास भएको हुनेछ ।

### ५.४.६ अनुमान तथा जोखिम पक्ष

स्थानीय ऐन कानूनको निर्माण र कार्यान्वयनमा नगरपालिका, प्रदेश सरकार र संघीय सरकारको समन्वय स्थापित भएको हुनेछ । सामाजिक सचेतना बृद्धिका साथ सामाजिक न्याय र समानताका पक्षमा वकालत तथा पैरवी र कृयाशिलतामा अभिबृद्धिका साथै चेतनाको स्तर उच्च भएको हुनेछ । भने जोखिम पक्ष विद्यमान ऐन कानून, स्रोत साधनको अभाव तथा अपर्याप्तता, सहयोगी तथा साझेदार संघसंस्थाको अभाव, प्रविधि तथा उपकरणको अभाव जस्ता जोखिम पक्ष रहेका छन् ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

उत्पादन क्षमता र श्रमशक्तिको प्रमुख आधार हुन् । कुनै पनि प्रकारको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तन यूवा शक्तिलाई अलग गरेर सम्भव छैन र रहदैन पनि । वर्तमान संबिधानले नेपालको विकासमा युवा सहभागिता अभिबृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र यूवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । नेपालमा १६ देखि ४० बर्ष उमेरका युवाहरू (कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत) रहेका छन् ।

नगरपालिकाको कुल जनसंख्या मध्ये करिव ६८ प्रतिशत जति युवाहरु रहेका छन् । जसमध्ये २०८७९ हजार युवाहरु बैदेशिक रोजगारको सिलसिलामा रहका छन् भने करिव ६ हजार युवाहरु लागु औषध जस्ता कुलतमा रहको पाइन्छ । बाँकी रहेका युवाहरु बेरोजगार रहेको अवस्था देखिन्छ । घोडाघोडी नगरपालिकामा प्रशस्त मात्रामा खेलमैदान तथा चौरहरु रहेको देखिन्छ । जसबाट यस नगरपालिकामा खेलकुद तथा मनोरञ्जनका प्रशस्त संभावना रहेको देखिन्छ । यस नगरपालिकामा बिभिन्न खेलकुलका व्यवसायिक खेलाडी १६ जना रहेका छन् ।

### ५.५.२ समस्या तथा चुनौती

स्वदेशमा पर्याप्त रोजगारको अवसर र व्यवस्था नहुनु, युवा लक्षित नीति, योजना तथा कार्यक्रम प्रभावकारी हुन नसक्नु, बजारको माग बमोजिमका दक्ष युवा शक्तिको उत्पादन गर्न नसक्नु, यस नगरपालिकाको आर्थिक विकासका मूल आधार उद्योग, व्यापार, कृषि, पशुपालन, उद्योग, व्यवसाय

लगायतका बजारको माग र जनशक्तिको आपूर्ति बिच सामनजस्य नहुनु, वास्तविक तथ्याङ्कको अभाव रहनु, उद्यमशीलताका अवसर सिमित हुनु, नगरपालिका क्षेत्रको युवाशक्ति विदेश पलायन हुनु, विभेद, अन्धविश्वास र कुरिती जस्ता समाज विकासका बाधक अहिले पनि केहि मात्रामा रहिरहनु, युवाहरु कुलतमा फस्ने कम नरोकिनु, उच्च शिक्षा हासिल गर्न उपयुक्त र पहुँच योग्य विश्वविद्यालय नहुनु जस्ता समस्याहरू रहेका छन् ।

प्रत्येक वडास्तरबाट प्रशिक्षक र प्रशिक्षण केन्द्र स्थापना गर्दै खेलाडी उत्पादन र खेलाडीलाई आयआर्जनसँग जोड्न, आर्थिक लगानीका लागि पर्याप्त स्रोतको व्यवस्था गर्न, खेलकुदको विकासमा नयाँ प्रविधिको प्रयोग गर्न, व्यवसायिक खेलाडिको थप उत्पादन र व्यवस्थापन गर्न, खेल क्षेत्रमा लागेका युवाहरूको भविश्य सुनिश्चित गर्न, भौतिक संरचना निर्माण विकासका लागि जग्गा जमिनको पर्याप्त व्यवस्था गर्न, निजी क्षेत्र र गैरसरकारी संघ संस्थाको लगानी आकर्षित गर्न चुनौती रहेको छ ।

### ५.५.३ संभावना तथा अवसर

युवा विकास र सशक्तिकरणका लागि संविधानमा नै व्यवस्था गरिनु, नगरपालिका स्तरमा युवा विकाससँग सम्बन्धित विभिन्न संरचना निर्माण विकास हुँदै जानु, युवा विकासमा राजनैतिक ईच्छा शक्तिको विकास हुँदै जानु, राज्यका तीनै तहमा साथै यस नगरपालिकामा समेत युवाको प्रतिनिधित्व बलियो बन्दै जानु, सूचना प्रविधिको विकासले युवाहरूलाई आर्थिक विकासको मूल प्रवाहमा समेट्दै लानु, प्राकृतिक श्रोत र सम्पदाको धनी मुलुक तथा नगरपालिका भएका कारण नगरपालिका भित्रै रोजगारी श्रृजनाका लागि विभिन्न अवसरको खोजि, विकास र विस्तारमा सिंगो नगरपालिका कृयाशिल रहनु ।

स्थानीय सरकारको हैसियतमा स्थानीय तहलाई खेलकुदको क्षेत्रको विकासका लागि आधारभूत जगको रुपमा जिम्मेवार बनाईनु, शारीरिक व्यायाम लगायत खेलकुदका क्षेत्रमा आम नागरिकको चासो बढ्दै जानु, नगरपालिकाले खेलकुदको विकास र व्यवस्थापनमा आफ्ना नीति, योजना तथा कार्यक्रम बजेट व्यवस्थापन सहित कार्यान्वयनमा ल्याउनु, यस नगरपालिकाका अधिकांश युवाहरु मर्यादित, अनुशासित र स्वस्थ जीवनको विकास गर्न अग्रसर रहनु यस क्षेत्रका संभावना र अवसरहरू रहेका छन् ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

युवा जनशक्ति लक्षित कार्यक्रम सञ्चालन गरी स्वस्थ, सकारात्मक सोच भएका, सीपयुक्त, उद्यमशील, सिर्जनशील र कर्तब्यप्रति प्रतिवद्ध युवाहरूको उत्पादन गरी खेलकुदको विकास र विस्तार गर्ने ।

**उद्देश्य :**

- यूवामा अन्तरनिहित क्षमता र दक्षताको अभिबृद्धि गरी यूवाशक्तिको पूर्ण सदपयोगका लागि उद्यमशील, स्वरोजगार बनाउने ।
- नगरको सामाजिक, साँस्कृतिक र आर्थिक समृद्धि निर्माणका कृयाकलापमा युवाको सहभागितालाई गुणात्मक, सार्थक र प्रभावकारी बनाउने ।

- खेलकुदको क्षेत्रलाई स्थानीय स्तरबाटै प्रतिस्पर्धी बनाएर यसको विकास र विस्तारका माध्यम बाट नगरपालिकालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा परिचित र स्थापित गराउँदै आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउने साथै खेलकुदका सवै आयामहरूलाई स्थानीयकरण गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| रोजगारी श्रृजना, शिप विकास, स्वरोजगार अभिवृद्धि, आर्थिक श्रोतको सुनिश्चिता सहितको समग्र युवा विकास कार्यक्रम सञ्चालनमा गतिशिलता ल्याउने । | • यूवा विकास ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार गर्ने ।<br>• बेरोजगार यूवायूवतीहरूको तथ्याङ्क अध्यावधिक गर्ने ।<br>• स्थानीय तहको शासन सञ्चालन, नीति निर्माण र कार्यान्वयनमा युवा सहभागिता अभिबृद्धि गर्ने ।<br>• वैदेशिक रोजगारीबाट आर्जन गरेको पूँजी, सीप र प्रविधिलाई नगरपालिकाको आर्थिक समृद्धि निर्माणमा कार्यक्रम तर्जुमा गरी परिचालन गर्ने ।<br>• युवा यूवतीहरूमा व्याप्त लागुपदार्थको दुर्व्यसनी रोक्न सचेतना तथा उद्धार कार्यक्रम सञ्चालन गर्ने ।<br>• व्यवसायिक शिक्षामा आधारित सामुदायिक युवा पुस्तकालय तथा युवा सुचना केन्द्र स्थापना गरी सञ्चालन गर्ने । |
| युवा सम्मान तथा यूवा स्वयंसेवी संस्कृतिको विकासबाट नगरपालिकाको समग्र विकास र सेवा प्रवाहमा गतिशिलता ल्याउने । | • निश्चित तह निर्धारण गरी उक्त तह उतिर्ण गरेका युवालाई नगरपालिकाको समग्र आर्थिक विकासका कार्यमा निश्चित समयसम्म स्वयंसेवीको रुपमा परिचालन गर्ने ।<br>• प्रदेश सरकारको सहयोग र सहकार्यमा स्काउटको आधारभूत मूल्य र मान्यतालई विद्यालय स्तरमा प्रवाहित र व्यवस्थित बनाउने । |
| खेलकुद क्षेत्रको विकासमा निजी क्षेत्र, समुदाय तथा संघसंस्थाको सहभागिता र साझेदारी अभिबृद्धि गर्ने । | • सार्वजनिक निजी साझेदारी साथै सार्वजनिक निजी तथा सामुदायिक साझेदारीमा खेलकुद पूर्वाधारहरूका निर्माण विकास गर्ने ।<br>• व्यवसायिक खेलाडी उत्पादनमा निजी क्षेत्रको योगदान स्थापित हुने गरी स्थानीय संयन्त्रको निर्माण गर्ने ।<br>• खेलकुदसँग सम्बन्धित संघसंस्थाहरूको संस्थागत क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाउने ।<br>• साहासिक, पर्यटकीय, मनोरञ्जनात्मक र व्यवसायिक खेलकुदको स्थापना, विकासको सम्भाब्यता अध्ययन गर्ने । |

**प्रमुख कार्यक्रम :**

- लागु औषध प्रयोग गर्ने युवाहरूको पुनर्स्थापना,
- युवा समूह र क्लबहरूको संजालको विकास, विस्तार तथा क्षमता विकास,
- नगरस्तरीय खेलकुद प्रतियोगिता,
- मेयर/उपमेयर कप खेलकुद प्रतियोगिता,
- खुल्ला म्याराथुन दौड प्रतियोगिता,
- सबै वडामा युवा क्लवहरूको गठन,

- नियमित खेलकुद प्रतियोगिता,
- युवा लक्षित सीपमूलक तालिम,
- युवा रोजगार तथा स्वरोजगार कार्यक्रम,
- युवा लक्षित समुदायमा आधारित विपद् व्यवस्थापन,
- घोडाघोडी मेयर कप कार्यक्रम,
- वैदेशिक रोजगारबाट फर्केकालाई लक्षित उद्यमशील युवा विकास कार्यक्रम,
- नगरपालिका स्तरको खेलकुद मैदान,
- मेरो सिप मेरो रोजगारीको आधार भन्ने अभियान यूवाहरुसंग जोड्ने ।

### ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस नगरपालिकामा यूवा विकास कार्यक्रमसँग सम्बन्धित स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भई कार्यान्वयनमा आएको हुनेछ, बर्तमान रोजगारिको अवस्थामा २० प्रतिशतले वृद्धि भई रोजगारी र अवसरको खोजीमा विदेशिने यूवा यूवतीको वर्तमान संख्यामा ५० प्रतिशतले कमि आएको हुनेछ, रोजगारी तथा स्वरोजगारी श्रृजना र व्यवस्थापनको माध्यमबाट नगरपालिकामा रहेको वर्तमान निरपेक्ष गरिवी ३० देखि ३५ प्रतिशतले घटेको हुनेछ, त्यसै गरि नगरपालिका स्तरीय रङ्गशाला (खेलमैदान) को निर्माण तथा सञ्चालन व्यवस्थापनको कार्य पुरा भएको हुनेछ, नगरपालिका भित्रका सत प्रतिसत विद्यालयहरूमा न्यूनतम मापदण्ड बमोजिमका खेलमैदानको व्यवस्था भई सञ्चालनमा आएका हुनेछन्, वार्षिक रुपमा नगरपालिका स्तरीय घोडाघोडि मेयर कप प्रतियोगिता सञ्चालनमा आएको हुनेछ, साथै व्यवसायीक खेलाडी उत्पादनका साथ नगरपालिकाले खेलकुदको माध्यमबाट आफ्नो पहिचान स्थापित गरेको हुनेछ ।

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

नगरपालिका क्षेत्रभित्र रोजगारीका अवसरहरूको सिर्जना र विकास पर्याप्त भएको हुनेछ । रोजगारी र अवसरको खोजीमा विदेशिनु पर्ने वर्तमान वाध्यात्मक अवस्थाको अन्त्य भएको हुनेछ । खेलकुदसँग सम्बन्धित संरचनागत पूर्वाधारहरू सुविधा सम्पन्न भएका हुनेछन् । तथापि जोखिम पक्ष श्रोत र साधनको पर्याप्तता रहेको हुनेछ, विद्यमान ऐन कानून कार्यन्वयन नहुन सक्छन्, उपयुक्त स्थानमा जग्गा जमिनको अभाव, स्रोत साधनको अभाव र अपर्याप्तता, सहयोगी तथा साझेदार संघसंस्थाको अभाव, प्रविधि तथा उपकरणको अभाव र निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव जोखिम पक्ष हुन् ।

# परिच्छेद -६
# पूर्वाधार क्षेत्र

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो । पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा वस्ती विकास र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन् । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रूपमा लिने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका **लक्ष्यहरू मध्ये लक्ष्य-७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा), लक्ष्य-९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य-११ (शहरहरू र समुदायहरूको दिगोपना)** यस क्षेत्रसंग प्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्यहरू सम्वन्धित रहेका छन् । सुदूरपश्चिम प्रदेश भूकम्पिय जोखिमको क्षेत्र रहेको तथा समय समयमा बाजुरा तथा बझाङ केन्द्र विन्दु भएर जाने पराकम्पले झन् बढी सर्वसाधारण मानिसहरुलाई तर्साएको अवस्थामा नगरपालिकाले भूकम्पिय पूर्व तयारीका कार्यक्रमहरु ऋढी बढाउन जरुरी रहेको छ ।

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

नेपालका अधिकाङ्स बस्तीहरू ग्रामिण स्तरका छन् । संघीयता सँगै भएको राज्यको पुनरसंरचनाले अत्याधिक ग्रामिण बस्तीलाई सहर उन्मुख नगरपालिका अन्तरगत समेटेको अवस्था छ । नेपालको संबिधानले आवसको हकलाई मौलिक हकको रुपमा स्थापित गर्दै सबै नागरिकको सुरक्षित, उपयुक्त र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने, आवास विहिन नगारिकलाई आवास सुविधा उपलब्ध गराउने, अव्यवस्थित बसोबासलाई योजनाबद्ध विकासको माध्यम बाट व्यवस्थापन गर्ने साथै विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका परिवारलाई नजिकको सुरक्षित स्थानमा आर्थिक रुपले सवल हुने गरी एकीकृत बस्तीमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था सहित नागरिकको सुरक्षित आवासको हकको पूर्ण प्रत्याभूति गरेको अवस्था छ ।

यस नगरपालिकामा सबै भन्दा बढी काठको खम्बाको प्रयोग भएका घरहरु १०४४१ छन् र सिमेन्ट ढुङगाको जगहरु भएको घरहरु ४७१३, माटो र ढुङगाको जग भएको ९५९ घरहरु रहेका छन् । त्यसै गरि अधिकांश ४५.३ प्रतिशत ७३०४ घरधूरी जस्ता पाता टिन/च्यादरले छाएका र २९.६ प्रतिशत ४७७५ घरधुरी टायल तथा ढुंगा (Slate) छाएको, १४.५ प्रतिशत २३४१ घरधुरी सिमेन्टको ढलान भएको, १०.६ प्रतिशत १७०४ घरधुरी खर पराल छावलीले छाएको र जम्मा १७ घरधुरीमा काठ फल्याकले छाएको घरहरु रहेकोछन् ।

### ६.१.२ समस्या तथा चुनौती

यस नगरपालिकामा स्थानीय स्रोत तथा साधन (निर्माण समाग्रि समेत) प्रयोग गरी कम लागतमा माफदण्ड बमोजिमका सुरक्षित भवन तथा घर निर्माण गर्ने, गरिव, सिमित स्रोत र साधनका कारण

न्यून आय भएका, सीमान्तकृत तथा विपद जोखिममा रहेका बर्ग तथा न्यून आय भएकालाई आवास सुविधा उपलब्ध गराउने, एकीकृत वस्ती तथा सामुहिक आवसका फाईदाका बारेमा सकारात्मक वातावरण सिर्जना गर्ने, सामुहिक आवास योजनामा निजी क्षेत्रलाई सहभागि गराउने, निर्माण सामाग्रिको गुणस्तरमा सुधार सहितको एकरुपता ल्याउने, वर्तमानको आवश्यकता बमोजिम नयाँ प्रविधिलाई प्रयोगमा ल्याउने, नगरपालिका भित्र भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्रभावकारी रुपमा पूर्ण कार्यान्वयन गराउने, परम्परागत सीप, निर्माण प्रविधि तथा बस्तुकलाको संरक्षण र सम्बर्द्धन गर्ने तथा निर्माण कार्यमा सम्लग्न सवै जनशक्तिलाई समयानुकुल तालिम प्रदान गरी दक्ष बनाउने जस्ता कार्य चुनौतीको रुपमा रहेका छन् ।

### ६.१.३ संभावना तथा अवसर

संघीय तथा प्रदेश सरकारबाट अति बिपन्न, लोपोन्मुख र सीमान्तकृत जातजातीकालागि नागरिक आवास र जनता आवास कार्यक्रम सञ्चालनमा आउनु, आवास अधिकार सम्बन्धि ऐन, २०७५ कार्यान्वयनमा आउनु, राष्ट्रिय भवन संहिता स्थानीयकरण हुनु, भूकम्प प्रतिरोधी भवन निर्माण तर्फ क्रमिक रुपले जनचेतना अभिबृद्धि हुँदै जानु, सुरक्षित तथा व्यवस्थित वस्ति विकास तथा भूकम्प प्रतिरोधी भवन निर्माणमा नगरपालिकावासी जागृत हुँदै जानु प्राविधिक क्षमता बढ्दै जानु, भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न दक्ष डकर्मी स्थानिय स्तरमा उत्पादन गर्न सकिने अवस्था रहनु वर्तमानका संभावना र अवसरको रुपमा रहेका छन् ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य:**

स्थानीबासीको चेतनाको स्तर र अवस्थामा सकारात्मक अभिबृद्धि गरी सुरक्षित, आकर्षक, वातावरणमैत्री र भूकम्प प्रतिरोधी किफायती भवन निर्माण गरी दिगो र भरपर्दो आवासको सुनिश्चितता गर्ने ।

उदेश्य :

- भूउपयोग नीति तथा योजना तर्जुमा गरी सुरक्षित तथा व्यवस्थित वस्ती विकासको व्यवस्थापन गर्नु ।
- नगरपालिकाबासिको आवश्यकता र चाहाना बमोजिमका उपयुक्त, सुरक्षित, वातावरणमैत्री, सुलभ र उत्थानशील आवास निर्माण गर्नु ।
- आवश्यकता अनुसार नगरका अतिआवश्यक भौतिक संरचना निर्माण गर्नु साथै विपन्न तथा सुकुम्बासीहरूका लागि व्यवस्थित र सुरक्षित आवासको सुनिस्चितता गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| भौगोलिक बनौटका आधारमा योजना तर्जुमा गरी विपद्को उच्च जोखिम युक्त क्षेत्र तथा स्थानमा रहेका बस्तीहरूलई सामुहिक आवास गृह निर्माण गरि व्यवस्थापन गर्ने । | • बर्तमान भू-उपयोगलाई आधार विन्दु मानी दिगो विकास लक्ष्यलाई सार्थक वनाउने भूउपयोग नीति तथा योजना निर्माण गर्ने ।<br>• आवश्यक ऐन, निमय, निर्देशिका वा कार्यविधि तयार गर्ने ।<br>• सवै खाले भूमिको उपयोगितका आधारमा आवास क्षेत्र, कृषि तथा पशुपालन क्षेत्र, ग्रामिण बजार तथा शहर उन्मुख क्षेत्र, औद्योगिक क्षेत्र, पर्यटन क्षेत्र, वन क्षेत्र लगायतका भू-उपयोग क्षेत्रको सार्थक |

| | |
|---|---|
| | बर्गिकरण गर्ने ।<br>● भुउपयोग नीति, योजना र कार्यक्रम तर्जुमा गरी कृषि योग्य जग्गा जमिनको अनावश्यक र अनुपयुक्त खण्डिकरण रोकेर व्यवस्थ्ति र दिगो नगरपालिका विकासको आधार तयार गर्ने । |
| सुरक्षित र व्यवस्थित एकीकृत वस्तीहरूको निर्माण गरि उक्त वस्तीमा कमजोर आर्थिक अवस्था भएका लक्षित बर्ग र समुदायका परिवारलाई विशेष अवसर प्रदान गरी सुरक्षित आवसको व्यवस्थापन गर्ने । | ● सुकुम्बासी समस्या समाधान, घरजग्गा नहुनेकालागि आवस क्षेत्रको व्यवस्थापन र अव्यवस्थित बसोबास व्यवस्थापन लगायतका आधारभूत आवास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>● आर्थिक अवस्था कमजोर भएका सवै बर्ग र तहका व्यक्ति तथा परिवारका सुरक्षित आवस उपलब्ध गराउने ।<br>● नगरपालिकाको ग्रामिण क्षेत्रमा रहेका बजारहरूलाई क्रमस व्यवस्थित ग्रामिण बजार समेतका बस्ती विकास सम्वन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने ।<br>● आर्थिक अवस्था कमजोर भएका सवै बर्ग र तहका व्यक्ति तथा परिवारका सुरक्षित आवस उपलब्ध गराउने । |
| भवन संहिताको पूर्ण कार्यान्वयन मार्फत वर्तमानमा रहको सवै प्रकृतिक घर तथा भवनहरू अनिवार्य अभिलेखिकरण र नयाँ बन्ने घरको अनिवार्य रुपमा निर्माण इजाजत लिनुपर्ने व्यवस्थालाई कडाइकासाथ कार्यान्वयनमा ल्याउने । | ● भवन निर्माण सम्वनधी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा गर्ने ।<br>● नगरपालिका भित्र निर्माण हुने सवै प्रकारका भवन निर्माणका लागि तहगत नक्शा स्वीकृति, संशोधन, नियमन गर्ने ।<br>● पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बर्द्धन र पुन:निर्माणलाई प्राथमिकता दिने ।<br>● सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार गर्ने । |

**प्रमुख कार्यक्रम** ।

- जग्गा विकास कार्यक्रम निरन्तता,
- संयुक्त आवासमा लगानीको सहजिकरण,
- न्यून आय वर्गका लागि आवास सहयोग,
- भवनहरूको अभिलेख अद्यावधिक र व्यवस्थापन,
- एकिकृत वस्ति विकास (Town Planning) कार्यक्रम,
- नगरपालिकाले जग्गा अधिक्रण गरी भू उपयोग नीति अनुरुप वस्ति विकास,
- भवन संहिता अनिवार्य कार्यक्रम साथै डिटीजलाईजेसन,
- नक्सा पास का साथै भूकम्प प्रतिरोधि भवन निर्माण गर्न आवश्यक तालिम तथा सचेतनामुलक कार्यक्रम,
- महेन्द्र राजमार्ग आसपासमा बस्ति विकास,
- ट्राफिक व्यवस्थापन,
- डिपिआर तयार भएका आयोजना कार्यान्वयन तथा बहुउद्धेशीय भवन निर्माण,
- सीपमूलक (डकर्मी सिकर्मी, प्लम्बर आदि) तालिम,
- जोखिम नक्साङ्कन,
- प्रवलिकरण तथा मर्मत सम्भारको कार्य गर्नको लागि स्थानीय सरोकारवालहरुसंग समन्वय तथा सहजीकरण ।

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

भवन निर्माणको नक्सा पास गर्दा भवन मापदण्डलाई कडाइकासाथ पालना गर्नु पर्ने र घर परिसमा कम्तिमा र्दुवटा रुख रोप्ने कार्यक्रम सुरुवात गरिनेछ, सबै बस्ति लाई व्यवस्थित गर्न Town Planning को नीति लिइनेछ, नगरपालिकाको आन्तरीक श्रोतको दिगो व्यवस्थापनाका लाति प्राप्त डिपिआर अनुसार बहुउदेशीय भवन निर्माण कार्य शुरु गरिनेछ, नगर क्षेत्र भित्र निर्माण गरिने घरको घरनक्सा जाँचपास र अभिलेख कार्यलाई डिजिटलाईजेशन प्रणाली अवलम्बन गरि सुचारु गरिनेछ, नक्शा पास गर्ने गराउन र भुकम्प प्रतिरोधी भवन बनाउन आवश्यक तालिम र सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ र मुख्य शहरी क्षेत्रलायई सुन्दर र व्यवस्थित गराउनको लागि पार्किकङ्ग स्थलको व्यवस्था गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

भूउपयोग नीति तथा योजना कार्यान्वनय लागि संघ तथा प्रदेश सरकारको आवश्यक श्रोत साधन सहित समन्वय र साझेदारी भएको हुनेछ  प्रकोप पूर्व तयारी र प्रकोप व्यवस्थापन भएको हुनेछ भने जोखिम पक्षमा विद्यमान ऐन कानून  कार्यान्वयन नहुन सक्छन्, जग्गा जमिन तथा स्रोत र साधनको अभाव,  सहयोगी तथा साझेदार संघ संस्थाको अभाव,  प्रविधिको अभाव,  निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव र  दक्ष जनशक्तिको अभाव हुनसक्छ ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

मानिसहरूलाई एक ठाउँ बाट अर्को ठाउँमा जानहोस वा व्यापार, व्यवसाय तथा सेवा प्रवाहलाई सहज र सम्भव पार्न होस यातायात क्षेत्रको महत्वपूर्ण भूमिका रहिआएको छ र रहन्छ पनि । आर्थिक पूर्वाधारका रुपमा स्थापित रहेका कृषि, पशुपालन, उद्योग, पर्यटन, व्यापार, व्यवसाय, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको सन्तुलित र दिगो विकास यातायात क्षेत्रको विकास बाट मात्र संभव छ र रहन्छ । यस नगरपालिकामा १५ कि.मि.महेन्द्र राजमार्ग रहेकोछ भने यस नगरको वडा नं. २, १, १० राजमार्ग सगै जोडिएर वडा कार्यालयहरु रहेकोछ नगर क्षेत्रमा सडकले पुर्ण रुपमा सबै वडाहरुलाई जोड्न नसकेको हुँदा सबै क्षेत्रमा सार्वजनिक सवारि साधनहरु पुग्न नसकेतापनी कहिले काँही साना सवारीसाधनहरु (अटोहरु) नगरपालिका सम्म र केही वडा कार्यालयहरु सम्म पुग्ने पुगेकोछ ।

नगर क्षेत्रमा प्राय सबैजसो सवारि साधनहरु चल्ने गरेकोमा बस, जिप, ट्रक, ट्याक्टर, हाईस, मोटरसाईकल, अटो रिक्सा, आदी प्रमुख रहहेका छन साथै नगरपालिकामा १३ वटा पुल पुलेसाहरु रहेकोमा काठेपुलहरुको अवस्था जिर्ण देखिन्छ भने ३ वटा पक्की पुल राजमार्गमा रहेका छन । राजमार्ग संग सडक संजाल जोड्नकालागी अन्य धेरै पुलहरु निर्माणाधिन अवस्थामा रहेकाछन्  । नगरपालिकामा ३ वटा पक्की, ५ वटा काठे र २ वटा झोलुङगे पुल रहेको छन् ।

### ६.२.२ समस्या तथा चुनौती

नगरपालिकामा सानासाना योजना धेरै हुनु, दक्ष प्राविधिक जनशक्ति न्यून हुनु तथा तालिम प्राप्त श्रमिकको अभाव रहनु, संस्थागत व्यवस्थापकीय क्षमता अपेक्षाकृत विकास गर्न नसकिनु, नदीजन्य

सामग्री (ग्राभेल, ढुङ्गा तथा बालुवा) स्थानीय स्तरमा उपलब्धता नहुनु, गुणस्तरीय निर्माण सामाग्रिको समयानुकुल अभाव रहिरहनु, सडक, नाला तथा पुल पुलेसा प्रति स्थानीयबासिको अपनत्व विकास हुन नसक्नु, पानी निकासकालागि निर्माण गरिएका अधिकांस नाला फाहोरमैला विर्शजन स्थलको रुपमा रहनु, स्थानीय तह तथा अन्तर सरकारी निकाय समन्वय र साझेदारी विकास गर्ने, योजनाका लागि आवश्यक पूर्व तयारीका सम्पूर्ण चरण समय सिमा भित्र पुरागर्ने, प्राकृतिक प्रकोप बाट निर्मित सडक लगायतका पूर्वाधारलाई सुरक्षित राख्ने, निजी क्षेत्रको व्यवसायिक क्षमता अभिबृद्धि गर्ने साथै निजी क्षेत्रको लगानीलाई आकर्षित गर्ने जस्ता कार्य वर्तमान चुनौतीका रुपमा रहेका छन् ।

### ६.२.३ संभावना तथा अवसर

नगरपालिकाले सहज यातायात सुविधा उपलब्ध गराउने लक्ष्य स्थापित गरी आन्तरिक क्षमता विकासका साथ आफ्नो जिम्मेवारीलाई कुसलता पूर्वक अघि बढाउनु, सबै वडा र टोलसम्म सहज रुपमा पुग्न सकिने गरी सडकको ट्र्याक खोलिएको अवस्था रहनु साथै नगरपालिकाबाट संचालन हुने सम्पुर्ण पुर्वाधारको मर्मत सभार गर्ने भएकाले विभिन्न संभावना तथा अबसरहरु रहेका छन् ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य** :

नगरपालिकामा रहेका सबै सडक, नाला, ढल, पार्किङ स्थल तथा पुल निर्माण विकास बाट नगरको आर्थिक समृद्धि निर्माणमा योगदान पुगेको हुनेछ ।

**उदेश्य :**

- नगरपालिकका सवै वडाका महत्वपूर्ण क्षेत्र र स्थानमा न्यूनतम ग्राभेल सडक र अधिकतम कालोपत्रे सडक निर्माण गरी नगरपालिकाको सन्तुलित विकासको आधार निर्माण गर्नु ।
- वर्तमानमा भई रहेको यातायात तथा ढुवानी लागत खर्च घटाएर स्थानीयबासीको जनजीवन सञ्चालन व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउनु ।
- सडक, पुल, कलभर्ट लगायतका संरचनाको सुरक्षा, संरक्षण र मर्मत सम्भार गरी सहज र सुरक्षित सवारी तथा ढुवानीका साधनको आवत जावतको सुनिस्चतता गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| सडक, नाला, पुल तथा कलभर्टको डिजाईन, निर्माण, मर्मत सम्भार समेतमा आधुनिक प्रविधिको उच्चतम प्रयोग गर्ने साथै स्रोत साधनको प्रयोगमा क्रमस परनिर्भरता घटाउनका लागि संस्थागत क्षमता अभिबृद्धि गर्ने । | • वर्तमान आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी नगरपालिकाको भौगोलिक अवस्थिति र स्वरुप बमोजिम सडक, नाला, पुल तथा कलभर्टको डिजाईन गर्ने ।<br>• सडक पूर्वाधार निर्माण तथा मर्मत सम्भार लागत घटाउन बढि टिकाउ हुने कम लागतका साथै उपभोक्ताको सार्थक सहभागिता हुने योजनालाई उच्च प्राथमिकता दिने ।<br>• आन्तरिक आय बृद्धिका बैकल्पिक उपायहरूको खोजी गरी स्रोत व्यवस्थापन गर्ने । |
| प्राकृतिक प्रकोप बाट हुन सक्ने सम्भावित हानि नोक्सानीलाई | • सडक, ढल र नाला, पुल तथा कलभर्ट निर्माण गर्दा मापदण्डका आधारमा कमसल गुणस्तर हुने गरी कुनै सम्झौता नगर्ने । |

| | |
|---|---|
| न्यूनिकरण गर्ने । | ● सडक समेतका पूर्वाधार निर्माणका लागि न्यूनतम गुणस्तर मापदण्ड निर्धारण गर्ने ।<br>● अनुगमन मूल्याङ्कन कार्यविधि सहित चेक लिष्ट तयार गर्ने ।<br>● प्राकृतिक प्रकोप बाट हुन सक्ने सम्भावित जोखिम न्यूनिकरणका लागि स्थानीय उपभोक्ता सडक सचेतना समूह निर्माण गर्ने । |
| नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने सवै प्रकारका सवारी तथा ढुवानीका साधनका लागि आवश्यक पार्किङ स्थलको व्यवस्था गर्ने साथै ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने । | ● मूख्य बजार क्षेत्र भित्र प्रत्येक पसल वा व्यवसाय स्थलको अगाडि सवारिका साधन पार्किङ गर्ने कार्यको अन्त्य गर्ने ।<br>● सडक मार्किङ तथा सवारीका साधनको व्यवस्थित सञ्चालनका लागि ट्राफिक कार्यालय र ट्राफिक प्रहरी सँग समन्वयात्मक साझेदारी गर्ने ।<br>● मुख्य सडक तथा राजमार्ग साथै सहायक सडकका निस्चित स्थानमा मात्र आवधिक रुपमा सवारी तथा ढुवानीका साधन रोक्न पाउने गरी स्टेसन सुनिश्चित गर्ने ।<br>● बालबालिका, जेष्ठ नागरिक लगायतका सवै खाले पैदल यात्रीको सुरक्षाकालागि मुख्य बजारको मुख्य सडकमा जेब्रा क्रसिङको व्यवस्था मिलाउने साथै सडकको विच तथा किनारामा मार्क लगाउने ।<br>● ट्राफिक व्यवस्थापनकालागि मुख्य सडकककाका चौकहरूमा ट्राफिक आईल्याण्ड निर्माण गर्ने । |

**प्रमुख कार्यक्रम**

- नगर यातायात गुरूयोजना अनुसार पक्की सडक सञ्जाल निर्माण कार्यक्रम ।
- सार्वजनिक यातायातका सेवाहरू व्यवस्थित र सुरक्षित गर्ने कार्यक्रम ।
- सवै वडा छुनेगरी रिङरोड जोड्ने कार्यक्रम ।
- बसपार्क तथा प्रतिक्षालय निर्माण कार्यक्रम ।
- सडक अतिक्रमण र न्यूनीकरणका लागि जनचेतना सम्बन्धी कार्यक्रम ।
- संघीय सरकारको सहकार्यमा विद्युतीय वस सञ्चालन ।
- महेन्द्र राजमार्ग अर्न्तगतको क्षेत्रमा सडक बिस्तार कार्यक्रम ।
- सडक क्षेत्रमा सोलार सहितको स्ट्रीट लाईट जडान ।
- राजमार्गमा सिसिटीभि फुटेज सहितको व्यवस्थापन ।
- घोडाघोडी तालको सौन्दर्य तथा पर्यावरणमा ह्रास नआउने गरि रोड, तथा पथमार्ग निर्माण ।

## ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरपालिकाको पञ्च बर्षिय पुर्वाधार विकासको योजना तयार गरी कार्यान्वयनमा त्याइनेछ, काठे पुलहरु क्रमश विस्थापित गर्दै लगिनेछ, नगरपालिका भित्रका सडकहरुमा संभव भएसम्म पक्कि नाला निर्माण पश्चात मात्र कालोपत्रे गरिनेछ, नगरपालिकाबाट संचालन हुने सम्पुर्ण पुर्वाधारको मर्मत सम्भारका लागि संचालित योजना बाट २ प्रतिशत रकम कट्टा गरी छुट्टै मर्मत सम्भार कोषको स्थापना गरिनेछ, स्थानीय पुर्वाधार विकास कार्यक्रममा डिपिआर तयार भएका अपरिहार्य सेवाहरु सडक, खानेपानी सिचाई, तटबन्धन, फोहोरमैला व्यवस्थापन लगायतका आयोजनाहरुलाई उच्च प्राथमिकतामा राखिनेछ, नगरपालिका स्तरीय बाहिरी चक्रपथ निर्माणको विस्तृत आयोजना प्रतिबेदन

तयार गरिनेछ, नगरपालिका केन्द्र र नगरपालिका वडा केन्द्रहरुलाई जोड्ने सडक लाई कालोपत्रे गर्न प्राथमिकता दिईनेछ, विभिन्न सडकहरुको सडक अधिकार क्षेत्रभित्र अतिक्रमण गर्ने प्रबृतिलाई निरुत्साहित गरिनेछ, कृषिजन्य उत्पादन र कृषि बजारको बजारिकरण विस्तारका लागी कृषि मार्गको विस्तार र स्तरोन्नतीमा जोड दिईनेछ र नगरपालिकाका सडक हरुलाई Clean & Green सडकका रुपमा विस्तार गर्दै लगिनेछ ।

### ६.२.६ अनुमान तथा जोखिम पक्ष

नगरपालिकाको आन्तरिक क्षमतामा विकास भएको हुनेछ । मूल्य स्थिरता, आधुनिक उपकरणको उपलब्धता, स्थानीय उपभोक्ता र साझेदारहरूको सकारात्मक सहयोग रहनेछ साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून रहेको हुनेछ । जोखिम पक्षमा विद्यमान ऐन कानून  कार्यान्वयन नहुन सक्छन्, जग्गा जमिन तथा स्रोत र साधनको अभाव,  सहयोगी तथा साझेदार संघ संस्थाको अभाव, प्रविधिको अभाव,  निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव र  दक्ष निर्माण जनशक्तिको अभाव हुनसक्छ ।

## ६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

प्राकृतिक रुपले नेपाल जलश्रोतको धनी देश हो । जलबिद्युत र सिंचाई जलश्रोतको प्रयोगका प्रमुख गन्तव्य हुन् । यँहाको अधिकांश टोल तथा वस्तीहरुमा विद्युतको पहुच पुगेका अवस्था रहेको र ग्रामीण भेगमा वैकल्पीक उर्जा अन्तर्गतको बायो ग्यासको प्रयोग हुने गरेको साथै विभिन्न महत्वका सडक तथा बजारहरुमा सोलार सडक बत्तिको व्यवस्था भएको छ ।

यस नगरपालिकामा कुल घरपरिवारको ६३.४% ले विजुली प्रयोग गर्ने गरेको देखिएको छ भने त्यस पछिको बत्तीको श्रोतको रुपमा सोलार बत्ती प्रयोग गर्ने २४.८%, बिजुली र सोलार बत्तीको प्रयोग ९.९% परिवारले गरेको देखिन्छ भने अन्य १.९% परिवारले अन्य श्रोतको उपयोग गरेको पाईन्छ यस नगरपालिकामा बसोबाँस १६१४१ परिवार मध्ये खाना पकाउन प्रयोग गरिने ईन्धनको आधारमा वर्गिकरण गर्दा सबैभन्दा बढि दाउरा प्रयोग गर्ने गरेका छन् जम्मा ५९.७% प्रतिशतले दाउरा प्रयोग गर्ने गरेका छन् भने त्यसैगरि दाउँरा र एल.पि ग्यास १६.२% प्रतिशतले प्रयोग गर्ने गरेका छन्  यस नगरपालिकाको अधिकांस घरपरिवारले ईन्धनको रुपमा दाउरा प्रयोग गर्ने गरेको हुनाले आगामी दिनमा वन संरक्षणमा विषेश जोड दिनुपर्ने देखिन्छ ।

### ६.३.२ समस्या तथा चुनौती

राष्ट्रिय विद्युत वितरण प्रणाली व्यवस्थित र सुदृढ नहुनु, वातावरण प्रभाव मूल्याङ्कन प्रभावकारी हुन नसक्नु, सुकुम्बासी र सिमान्तकृत परिवारको क्रय शक्ति कमजोर रहेका कारण परम्परगत रुपमा प्रयोग गरिदै आएको दाउरा, गुइठाको प्रयोग अपेक्षाकृत रुपमा घट्न नसक्नु, उच्च महत्वका सडक तथा स्थानहरुमा सौर्य सडक बत्तिको स्थापना वा जडान लागत खर्चिलो हुनु, नगर क्षेत्र भित्र जडित कम क्षमताका ट्रान्सफरमरहरुलाई आवश्यक क्षमतामा अपग्रेड गर्न नसकिएको कारण उद्योग तथा व्यवसायिक प्रतिष्ठानहरूमा पटक पटक लो भोल्टेज र ट्रिपिङको समस्या रहने गरेको जस्ता समस्या रहेका छन् भने विद्युत प्राधिकरण र नगरपालिका बिच समन्वय र सहकार्य गरी विद्युत वितरणको कार्यलाई साझा जिम्मेवारी भित्र समेटेर एक द्वार प्रणाली माफर्त स्थानीयबासिका माग बमोजिमको

आवश्यकता पुरा गर्ने, सिमित स्रोतका कारण नगरपालिकाको लगानीलाई यस क्षेत्रमा प्रशस्तिकरण गर्ने, वैकल्पीक उर्जा सम्बन्धी चेतना अभिबृद्धि गरी स्थानीयबासिको सहभागिता र साझेदारीलाई परिणाममूखि बनाउने यस नगरपालिकामा झण्डै ५९.७ प्रतिशत व्यक्तिहरु दाउराको प्रयोग गर्ने भएकाले बनजगंल फडानी चोरि पैठारी हुने जस्ता कार्यहरू चुनौतीको रुपमा रहेका छन् ।

### ६.३.३ संभावना तथा अवसर

यस नगरपालिका क्षेत्रमा आर्थिक गतिसिलता सहितका औद्योगिक, व्यापारिक, व्यवसायिक कृषि तथा पशुपालन, पर्यटनका क्षेत्रहरू क्रमस विकास र विस्तार हुँदै जानु, राष्ट्रिय रुपमा सञ्चालन भएका, स्थानीय तहको विद्युत व्यवस्थापन र वितरण प्रणाली स्रोत र साधन सहित स्थानीय तहको जिम्मेवारी भित्र समेटिने क्रममा हुनु साथै विद्युतको बहुउपयोगिताका बारेमा सर्वसाधारण स्थानीयबासी जानकार र आकर्सित हुँदै जानु, पशुपालन व्यवसाय बढ्दै जाँदा बायो ग्यास प्रवीधिको संभावना बढ्दै जानु, सौर्य उर्जाको विकास र व्यवस्थापनमा क्रमस आकर्षण बढ्दै जानु, यस नगरपालिकाका संभावना तथा अवसरका रुपमा रहेका छन् ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य:**

विद्युत प्रसारणलाई व्यवस्थित बनाउँदै उद्योग, व्यापार तथा व्यवसायिक क्षेत्र र प्रतिष्ठान लगायतमा विद्युत तथा उर्जा सेवा सहज, सरल, नियमित र पर्याप्त रुपमा वितरणको व्यवस्था मिलाउने ।

**उदेश्य :**

- फोहोर व्यवस्थापनबाट उर्जा उत्पादन गरि गोबर ग्यास प्रविधिको विस्तार एवम् प्रर्वद्धन गर्ने ।
- बायो ग्याँस र सौर्य उर्जा जस्ता बैकल्पिक तथा नविकरणीय उर्जाको उत्पादन र उत्पादकत्व बढाउने ।
- सोलार सिस्टमलाई व्यापकता दिई शहरी भवन निर्माणमा सोलारको प्रयोग गर्ने ।
- नगरपालिका क्षेत्रका सवै घरपरिवार र आर्थिक उपार्जन सँग सम्बन्धित क्षेत्रमा गुणस्तरयुक्त र भरपर्दो विद्युत सेवाको पहुँच विस्तार गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| नगरपालिका क्षेत्रमा विद्युत आपूर्ति प्रणालीलाई सुदृढ, प्रभावकारी र पर्याप्त बनाउने । | • गुरुयोजना बमोजिमको बिद्युत प्रवाहको सहज व्यवस्थापनका लागि नगरपालिका, विद्युत प्राधिकरण र सरोकारवाला बिच समन्वयात्मक कार्य सञ्चालन व्यवस्थापन सञ्जाल निर्माण गरी कार्यान्वयन गर्ने ।<br>• तत्कालै ट्रान्सर्फमरको आवश्यकता रहेका स्थानमा ५० केभिए र १०० केभिएका ट्रास्सर्फमरको जडानकालागि बिद्युत प्राधिकरण सँग समन्वय र साझेदारी गर्ने ।<br>• बिद्युत सेवा नपुगेका नगरपालिकाका टोलबस्तीहरूमा समेत बिद्युत प्राधिकरण सँगको समन्वय र साझेदारीमा विद्युत पोल |

| | |
|---|---|
| | तथा ट्रान्सफर्मरको व्यवस्था गरी टोलटोलमा राष्ट्रिय प्रशारण अर्न्तगत बिद्युतिकरणको माध्यम बाट बिद्युत सुविधा उपलब्ध गराउने । |
| नवीकरणीय तथा बैकल्पिक उर्जा (बायो, बायु तथा सौर्य उर्जा) को उत्पादन बृद्धि गरी स्थानीयबासीको सहज पहुँच स्थापित गर्ने । | • स्थानीय उपभोक्ता तथा समुदायको सहभागितमा सौर्य, वायु तथा बायोग्यॉस आदीमा आधारित बैकल्पिक उर्जाको विकास र विस्तार गर्ने ।<br>• बैकल्पिक उर्जा उत्पादन र व्यवस्थापनमा निजी क्षेत्र सँग साझेदारी स्थापित गर्ने । |

**प्रमुख कार्यक्रम**

- उर्जा विकास सम्बन्धी स्थानीय नीति,
- कानून, मापदण्ड तर्जुमा,
- जलविद्युत आयोजनाको सम्भाब्यता अध्ययन,
- वैकल्पिक उर्जाको विकास,
- सडक बत्ती तथा सिसि क्यामेरा जडान,
- विद्युत वितरण लाइन मर्मत तथा स्तरोन्नती,
- सुधारिएको चुलो प्रर्वद्धर्न ।

## ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

घोडाघोडी नगरपालिकाको विद्युत वितरण तथा व्यवस्थापन गुरुयोजना तयार भएको हुनेछ, बिद्युत सेवा नपुगेका सवै वडाका टोल बस्ती, समुदाय तथा परिवारले सहज रुपमा विद्युत सेवा उपभोग गरेका हुनेछन, यस नगरपालिकाको औद्योगिक क्षेत्र, व्यापार तथा व्यवसायिक क्षेत्र, कृषि तथा पशुपालन क्षेत्र, पर्यटन क्षेत्र लगायतका महत्वपूर्ण क्षेत्र र स्थानमा पर्याप्त बिद्युत सेवा प्रवाह हुन सक्ने वातावरणको विकास भई उद्योग, व्यापार तथा व्यवसायको विकास र बिस्तारले गति प्राप्त गरेको हुनेछ, उर्जाको आन्तरिक आवश्यकता र खपतको कम्तिमा ५ प्रतिशत हिस्सा बैकल्पिक उर्जा ( सौर्य, बायु तथा बायोग्यॉस) ले ओगटेको हुनेछ ।

## ६.४.६ अनुमान तथा जोखिम पक्ष

संघीय तथा प्रदेश सरकार र वैकल्पीक उर्जा केन्द्र लगायतका विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोग र साझेदारी प्राप्त भएको हुनेछ । प्राकृतिक प्रकोपको कमि हुनुको साथै स्थानीयबासिको रुची र आकर्षणमा बढोत्तरी भएको हुनेछ । जोखिम पक्षमा विद्यमान ऐन कानून कार्यान्वयन नहुन सक्छन्, जग्गा जमिन तथा स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघ संस्थाको अभाव, प्रविधिको अभाव, निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव र दक्ष निर्माण जनशक्तिको अभाव हुनसक्छ ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

नेपालको संबिधानले पूर्ण प्रेस स्वतन्त्रता, वाक् तथा प्रकाशन स्वतन्त्रता साथै सञ्चार र सूचनाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । सूचना र सञ्चार प्रविधिको विकासले वर्तमान

विश्वलाई एउटा साँघुरो कोठामा ल्याई पुऱ्याएको छ नेपालको दिगो विकास लक्ष्यले समेत सवैले धान्न सक्ने गरी ईन्टरनेटको पहुँचलाई विस्तार गर्ने अठोट लिएको छ। नेपालमा कुल जनसङ्ख्याको ७२ प्रतिसतमा टेलिभिजन, ८६ प्रतिसतमा रेडियो, ६५.९ प्रतिसतमा इन्टरनेटको पहुँच पुगेको छ भने डिजिटल साक्षरता ४० प्रतिशतको हाराहारिमा रहेको छ।

यस नगरपालिकामा ५ वटा रेडियो एफ.एम.सञ्चालनमा रहेका छन् नगरपालिकाको अधिकांस स्थानमा सूचना प्रविधिको पहुँच विस्तार भएको छ। कार्यपालिका भवन, वडाकार्यालय भवनमा, सार्वजनिक स्थल तथा सेवाको क्षेत्र, उद्योग, व्यापार तथा व्यसायका क्षेत्र, विद्यालय, स्वास्थ्य केन्द्र, चौकी साथै स्वास्थ्य सेवा प्रदायक संघ संस्था, पर्यटनका क्षेत्र लगायतमा नेट ईन्टरनेटको सेवा विस्तार भई सकेको अवस्था छ भने केहि विद्यालय साथै सार्वजनिक महत्वका स्थलहरूमा यसको व्यवस्थापन गर्न बाँकि रहेको अवस्था छ। नगर कार्यपालिका भवनमा सर्भर व्यवस्थापन गरी केही आवस्यक सफ्टवेयरहरु संचालन गरिएका छन्।

## ६.४.२ समस्या तथा चुनौती

नगरपालिकाको अधिकांस स्थानमा सूचना प्रविधिको पहुँच विस्तार भएको छ। कार्यपालिका भवन, वडाकार्यालय भवनमा, सार्वजनिक स्थल तथा सेवाको क्षेत्र, उद्योग, व्यापार तथा व्यसायका क्षेत्र, विद्यालय, स्वास्थ्य केन्द्र, चौकी साथै स्वास्थ्य सेवा प्रदायक संघ संस्था, पर्यटनका क्षेत्र लगायतमा नेट ईन्टरनेटको सेवा विस्तार भई सकेको अवस्था छ भने केहि विद्यालय साथै सार्वजनिक महत्वका स्थलहरूमा यसको व्यवस्थापन गर्न बाँकि रहेको अवस्था छ।

नगरपालिका आफैले एफ. एम. रेडियो सञ्चालन व्यवस्थापन गर्न, सवै सामुदायिक तथा संस्थागत विद्यालयलाई डिजिटल प्रविधिमा सहज प्रवेश र प्रयोगको व्यावस्थपन गर्न सूचना प्रविधिको बढ्दो परिवर्तन, प्रयोग र प्रभावलाई पूर्ण आत्मसात गरी सोहि बमोजिम बजेटको व्यवस्था गर्न, सूचना प्रविधि मैत्री पालिकाको रुपमा पूर्णत विकास गर्न यस क्षेत्रका चुनौतीका रुपमा रहेका छन्।

## ६.४.३ संभावना तथा अवसर

संबिधानत सवै नागरिकको सूचनाको हक सुनिस्चित हुनु, डिजिटल प्रविधिको विकसले विश्व बजार एक ध्रुवीय गतिमा अघि बढ्नु, सञ्चार गृहहरूको सेवा ग्रामिण बस्ती सम्म विस्तार हुदै जानु, शैक्षिक तथा आर्थिक गतिविधीहरूमा सञ्चार प्रविधिको प्रयोगमा उल्लेख्य बढोत्तरी हुँदै जानु, व्यापार व्यवसाय, सार्वजनिक सेवा, प्रविधिको विकास र सो सम्बन्धी ज्ञानको प्रवाहका क्षेत्र समेत डिजिटल मैत्री हुँदै जानु, नगरपालिकाले समेत डिजिटल प्रविधिको प्रयोगलाई प्रथम प्राथमिकतामा राखि आफ्ना सवै गतिविधिहरू वेभसाईट मार्फत सरोकारवालाको सहज पहुँच स्थापित गर्नु, सञ्चार स्रोतका प्रयोग र विस्तारमा स्थानीय युवाशक्तिको आकर्षण दिन प्रतिदिन बढ्दै जानु, सूचना प्रविधि आर्थिक विकासको एक आधारभूत अङ्गको रुपमा स्थापित हुँदै जानु, नगरपालिकामा मोवाइल, नेट ईन्टरनेट प्रयोगकर्ताको सङ्ख्या तिब्रगतिले बढ्दै जानु यस क्षेत्रका संभावना र अवसरहरू रहेका छन्।

## ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सर्वसुलभ, प्रभावकारी व्यवस्थापन र प्रयोग बाट नगरबासिको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने।

**उदेश्य :**

- नगरबासी, पर्यटक, उद्योगि, व्यापारी, व्यवसायी लगायत सवैमा सूचना तथा सञ्चार प्रविधि सेवाको पहुँच स्थापित गर्नु साथै उपयोगको विविधिकरण र विस्तार गर्नु ।
- सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउन सम्बन्धित सेवा प्रदायक संघ संस्थालाई सहयोग र समन्वय गर्नु ।
- सूचना र सञ्चार प्रविधि मैत्री उद्योग, व्यापार, व्यवसाय तथा सेवाको विकास र विस्तार बाट रोजगारीका अवसरहरू सिर्जना गर्नु ।
- सफ्टवेयर, डाटाबेस, सर्भर लाई सुरक्षित र व्यवस्थित बनाएर नागरिकलाई सूचना तथा प्रविधिमैत्री सेवा संचालन गर्नु ।
- सूचना प्रविधिको प्रयोग बाट नगरपालिका स्तरका विकास निर्माण र सेवा प्रवाहलाई जनता सँग प्रत्यक्ष जोडिने अवस्थाको विकास गरी स्थानीय सरकार प्रति स्थानीयबासीको विश्वास र भरोसा स्थापित गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| सवै नगरपालिकाबासिमा सूचनाको हक स्थापित गर्ने । | • सवै नगरपालिकाबासीमा सूचनाको पहुँच स्थापित गर्न आवश्यक संस्थागत, नीतिगत तथा कानूनी व्यवस्था गर्ने ।<br>• सर्वसाधारण नगरबासी लगायत विद्यालय, स्वास्थ्य केन्द्र, उद्योगि, व्यापारी, व्यवसायी लगायत सवै सरोकारवालालाई ईन्टरनेट सेवाको पहुँच सुनिस्चित गर्ने ।<br>• बजारका मुख्य बजार केन्द्र, सार्वजनिक स्थल, सरकारी तथा गैरसरकारी कार्यालय लगायत नगरपालिकाका गौरवका आयोजना भित्र समेटिएका प्रस्तावित स्याटलाईट स्मार्ट बजारका प्रस्तावित केन्द्रहरूमा फ्रि वाईफाई जडान गर्ने । |
| नगरपालिकाका सवै टोल बस्तीमा सूचना तथा सञ्चार स्रोतको पहुँचको सुनिश्चित गर्ने | • संघीय तथा प्रदेश सरकार सँग समन्वय गरी नगरपालिकाका सबै वडाहरुमा सूचना तथा प्रविधि केन्द्र (Tele Communication Center को स्थापना गर्ने ।<br>• नगरपालिकाले आफ्नै रेडियो सञ्चालनमा नल्याउँदा सम्म सञ्चार माध्यम सँग साझेदारीको नीति अवलम्बन गर्ने । |
| नगरपालिका क्षेत्र भित्र सञ्चालन तथा व्यवस्थापन हुने सवै प्रकृति र प्रकारका विकास निर्माण , लगायत आर्थिक, सामाजिक, सांस्कृति, वातावरणीय तथा वित्तीय व्यवस्थापनका कार्यका सेवा प्रवाहलाई डिजिटल प्रविधिमा आवद्ध गर्ने । | • इन्ट्रानेट तथा नेटवर्किगं, सिसिटिभि, आइपिफोन, निशुल्क वाइफाई सबै वडा, विद्यालय, न.पा., स्वास्थ्य संस्थामा व्यवस्थापन गर्ने ।<br>• अनलाइन / ईपेमेन्ट भुक्तानी प्रणाली प्रयोग गरी राजश्व कर संकलन गर्ने ।<br>• विभिन्न आवश्यकता अनुसारका सफ्टवेयर प्रयोगमा ल्याउन।<br>• न्गारपालिका भित्रका सवै सामुदायिक तथा संस्थागत विद्यालयमा अनिवार्य ईन्टरनेट सेवा जडान गर्ने ।<br>• न्गारपालिकाको वित्तीय व्यवस्थापनलाई सूचना प्रविधि सँग आवद्ध |

| | |
|---|---|
| | गरी कर तथा गैरकर राजश्व सङ्कलन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने ।<br>● सूचना प्रविधिको माध्यम बाट स्थानीय भाषा, कला, संस्कृति तथा मौलिकताको संरक्षण र सम्बर्द्धन गर्ने । |

प्रमुख कार्यक्रम

- एफ.एम.रेडियो प्रशारणमा सहयोग र सहजीकरण,
- पत्र-पत्रिका निष्काशन छापाखानाको स्थापना,
- विद्युतीय सूचना पूर्वाधार निर्माण,
- ई-लाइब्रेरी,
- WIFI टावर निर्माण,
- विद्यालयमा कम्प्युटर प्रविधि शिक्षा ।

**६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका**

दुरसञ्चार सेवाको क्षमता बिस्तार, विकास र सहज पहुँच सहितको सुविधाले शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार, ब्यावसाय तथा प्रशासनिक सेवा प्रवाहमा बढोत्तरी हुनुको साथै सर्वसाधारण नगरकाबासी आन्तरिक तथा बाह्य पर्यटक, अध्ययन तथा अनुसन्धान कर्ता लगायत सम्पूर्ण सरोकारवालालाई सूचना ग्रहण र प्रवाहमा सहजता भएको हुनेछ, राष्ट्रिय तथा अन्तराष्ट्रिय घट्ना परिघट्नाका बारेमा सहज जानकारी उपलब्ध गर्न सकिने अवस्थाको श्रृजना भई आर्थिक, सामाजिक र सास्कृतिक जीवन, जीवन पद्धती तथा जीवन स्तरमा सकारात्मक प्रभाव परेको हुनेछ, सर्भर र डाटा सुरक्षा सहति वडा कार्यालय, विधालय, नगरपालिका तथा वडा कार्यालयहरु, स्वास्थ्य संस्था सबै एकआपसमा जोडिन गई सेवा प्रवाह सरल, सहज, सर्वसुलभ र प्रभावकारी भएको हुनेछ ।

**६.४.६ अनुमान तथा जोखिम पक्ष**

नगरपालिकाका सवै स्थान र सेवाका क्षेत्रमा ईन्टरनेटको सेवा स्थापित भएको हुनेछ । दुर सञ्चार सेवा प्रदायक संस्थाहरूले आफ्नो कार्यक्षेत्र विस्तार गरेका हुनेछन्, जोखिम पक्षमा विद्यमान ऐन कानून  कार्यान्वयन नहुन सक्छन्, जग्गा जमिन तथा स्रोत र साधनको अभाव,  सहयोगी तथा साझेदार संघ संस्थाको अभाव,  प्रविधिको अभाव,  निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव र दक्ष निर्माण जनशक्तिको अभाव हुनसक्छ ।

# परिच्छेद -७
# वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक श्रोतको दिगो व्यवस्थापन विना मानव जीवन संभव छैन । वन संरक्षण, भू तथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् व्यवस्थापन जस्ता विषयहरू नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछन ।

नेपाल सरकारले विक्रम सम्वत २०७५ देखि २०८५ लाई **"समृद्धिका लागी वन"** भन्ने नारा तय गरी वन दशक घोषणा गरी विशेष कार्यक्रम संचालन भईरहेकाछन् । ती कार्यक्रमहरुको कार्यान्वन गर्नका लागी स्थानीय तहहरुले पनि आफ्नो स्तरमा यी रीष्ट्रिय कार्यक्रम गर्नुपर्ने भए बमोजिम यस घोडाघोडी नगरपालिकाले पनि वनक्षेत्र संरक्षण र सम्वर्द्धनका लागी वार्षिक तथा आवधिक योजनामा कार्यक्रम बनाउनु पर्ने देखिन्छ । नगरपालिकामा धार्मिक वन, नीजि वन र संरक्षण क्षेत्रहरु रहेका छन् । देशको आर्थिक तथा वातावरणीय विकासमा वन, जलाधार तथा जैबिक विविधताको महत्वपूर्ण भूमिका रहन्छ । काठ, दाउरा, घाँसपातका साथै पशुचरन, कृषि, पर्यटन जस्ता आर्थिक गतिविधिको प्रवर्द्धनमा वन तथा जैविक विविधताले ठूलो मद्दत पुऱ्याएको हुन्छ । हाल देखिएको वातावरण प्रदुषण न्यूनीकरण गर्नमा पनि वन तथा जैविक विविधताले सहयोग गर्दछ ।

यो नगरपालिका जैविक विविधतामा अब्बल नगरपालिका रहेको छ, यहाँ विश्व रामसार सूचिमा सूचिकृत घोडाघोडी ताल लगायतका २४ वटा तालहरु, नदीनालाहरु ल्गायत विभिन्न प्रजातीका चराहरु, यस क्षेत्रमा रहेका छन् । जैविक विविधता संग मानव जगतको विशेष सम्बन्ध रहेको हुन्छ, यि जैविक विविधतालाई संरक्षण तथा प्रवर्धन गरि आर्थिक र सामाजिक रुपमा घोडाघोडी नगरपालिकाको विकास गर्न सकिन्छ ।

## ७.१ वन तथा जैविक विविधता
### ७.१.१ पृष्ठभूमि

कैलाली जिल्लाको जम्मा क्षेत्रफल मध्ये तेस्रो ठुलो भुगोल ३५४.४४ वर्ग किमि क्षेफल ओगटेको घोडाघोडी नगरपालिकाको कुल भु क्षेत्र मध्ये १५७.२८ (४४.३७%), वन जंगलले ओगटेकोछ । यस नगरपालिकामा रहेका ६० वटा सामुदायिक वन र यहाँ रहेको राष्ट्रिय वनक्षेत्रमा विविध किसिमका वनस्पति, घांस, दाउरा, जडीबुटी र काठदाउरा मुख्य स्रोतहरु हुन । बिशेष गरी साल, साँजका विभिन्न प्रजातिका देखि लिएर सिसौं, हर्रो, बर्रो, अमला, कुरिलो, विजयसाल, रुईना, जामुन, फल्दा आदी प्रजातिहरु पनि प्रचुर मात्रामा पाईनुका साथै विभिन्न प्रकारका जडीबुटीहरु मेन्था, क्यामोमाईल, लेमनग्रास, असारे कडीपत्ता, लिपटीस, सर्पगन्धा जस्ता जडीबुटीहरु र त्यसैगरी लोपउन्मुख प्रजातीका हरजोद, विजसाल, रक्तचन्दन सेतो र रक्तचन्दन रातो जस्ता विरुवाका विविध प्रजातिहरु संगै चितुवा

वाघ, पाटे बाघ, हात्ती, यहाँको वनक्षेत्रमा पाईन्छन । यस नगरपालिकाको मुख्य पर्यटकिय गन्तव्यका रुपमा रहेको घोडाघोडी ताल संरक्षित क्षेत्रमा ४५० भन्दा बढी प्रजातीका वनस्पती, ३१ प्रजातीका

माछा, २९९ प्रजातीका चरा, ७ प्रजातीका घस्रने जनावरहरु पाईन्छन्। सामुदायिक वनहरुमा जडीबुटी ( मेन्था, केमोमाई, कुरिल्लो) खेती गरि जडीबुडीमा आधारित उद्योगको विकास गर्दै रोजगार तथा रोजगारीका अवसरहरु सृजना गर्न सकिने संभावना रहेकोछ ।

### ७.१.२ समस्या तथा चुनौती

नगरपालिकाको क्षेत्र भित्र ६० वटा वटा सामुदायिक वनहरु रहेका छन । यस नगरपालिकामा कुल बन ४३२१.०७ हेक्टर क्षेत्रफल सामुदायिक वनले ओगटेकोछ यस क्षेत्रमा रहेको बनस्पति, बन्यजन्तु तथा जैविक विविधताको यथार्थ विवरण सङ्कलन तथा अध्यावधिक हुन नसक्नु, यस नगरपालिकाको आर्थिक समृद्धिको आधारस्तम्भको रुपमा स्थापित गर्न नसक्नु, अनाधिकृत रुपमा हुने बन अतिक्रमण, चोरी सिकारी, अवैध व्यापार, मानव र वन्यजन्तु विचको द्वन्द व्यवस्थापन र नियन्त्रण गर्न नसक्नु, वनजङ्गल क्षेत्रमा पानीका श्रोत सुक्दै जानु, जलचर तथा जङ्गली जनावरको वासस्थान घट्दै जानु, जङ्गली जनावरको आतङ्क बढ्दै जानु, वनजङ्गलमा रहेका बन्यजन्तुकालागि वनजङ्गलमानै उपयुक्त र पर्याप्त आहाराको व्यवस्था हुन नसक्नु, वन क्षेत्रमा घेराबारा नहुनु, निजी वन दर्ता गर्न कानूनी प्रवन्ध हुन नसक्नु, नगरपालिकामा वनजङ्गल विज्ञ प्राविधिक जनशक्तिको अभाव रहनु यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

स्थानीय स्तरमा हुने भौतिक पूर्वाधार निर्माण विच उत्पन्न हुने द्वन्द व्यवस्थापन गर्न, यस क्षेत्र बाट बस्तु र सेवाको विस्तार र तीनबाट प्राप्त हुन लाभलाई समन्यायीक वितरण गर्न, खुल्ला सिमानाका कारण हुने चोरी निकासी लाई नियन्त्रण गर्न, वन क्षेत्रलाई पूर्ण घेरावारा गर्न, हरितगृहको प्रभाव सन्तुलन गर्न, डिपबोरिङका कारण जमिन मुनिको पानीको सतह व्यवस्थपन गर्न, वनजङ्गलमानै वन्यजन्तुका लागि आवश्यक र पर्याप्त आहारको व्यवस्थापन गर्न यस क्षेत्रका चुनौतीका रुपमा रहेका छन् ।

### ७.१.३ संभावना तथा अवसर

नेपाल प्राकृतिक श्रोत र साधन सम्पन्न मुलुक हो । प्रकृतिक श्रोत साधन मध्ये वन, बन्यजन्तु र जैविक विभिदता मानव विकास क्रम सँगै सदियौं देखि नेपाली जनताको जीविकोपार्जन सँग जोडिएको अति महत्वका विषय बस्तु हुन ।

नगरपालिका, निजी क्षेत्र मार्फत वन्य जन्तुको संरक्षण गर्न, बनक्षेत्र भित्र पाईने विभिन्न प्रकारका जडिबुटीको खोजी, संरक्षण र विकास गर्न, घाँस दाउराको नाममा हुने बन क्षेत्रको अनाधिकृत अतिक्रमण रोक्न, सामुदायिक वनजङ्गल भित्र पाईने साल, सिमल, कदम, हर्रो, चिलाउने, खयर लगायतका रुख विरुवाको संरक्षण र सार्थक रुपमा स्थानीयबासिको जीवनस्तरको सुधारमा प्रयोग योग्य बनाउन, बनजङ्गलमा आधारित उद्योग व्यवसायको स्थापना र विकास गर्न, वन क्षेत्र भित्रका खुल्ला स्थानको पूर्ण सदुपयोग गर्न, खोला किनारामा बृक्षारोपण गरी पार्क निर्माण गर्न, वन क्षेत्रमा खुल्ला पोखरी निर्माण गरी संरक्षण सिंचाईको प्रवन्ध गर्न, वन्यजन्तुकालागि आहाराजन्य वनस्पतिको बृक्षारोपणको कार्यलाई प्राथमिकताका साथ अघि बढाउन, थोरै भए पनि कार्वन सञ्चितीबाट अन्तराष्ट्रिय भुक्तानीमा संघीय सरकारलाई सहयोग पुऱ्याउन साथै कानूनी प्रावधानको व्यवस्थापन गरी निजी स्तरमा बन क्षेत्रको विकास गर्न साथै वातावरणीय सन्तुलनमा योगदान पुऱ्याउन सकिने प्रसस्त सम्भावना र अवसर रहेका छन् ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य:**

वन तथा जैविक विभिदताको संरक्षण र विकास गरी सहभागितामूलक व्यवस्थापन बाट दिगो विकासमा आधारित वातवरणीय सन्तुलन कायम राख्दै वनजन्य उद्यम व्यवस्थापन गर्ने ।

**उदेश्य :**

- वन तथा जैविक विभिदताको संरक्षण, सम्बर्द्धन र विकासका साथमा उत्पादन, उत्पादकत्व र वातावरण सुदृढिकरणमा अभिबृद्धि गर्ने ।
- वन क्षेत्र बाट प्राप्त लाभको न्यायोचित वितरण गर्न सहयोग गर्ने साथै निजी वनको विकास र विस्तारमा स्थानीवासिलाई प्रत्साहन गर्ने ।
- वन, वनपैदावर र जैविक विभिदतामा हुने गरेको अतिक्रमण र चोरी निकासी नियन्त्रण र निरुत्साहित गरी सार्थक सदुपयोगकको वातावरण तयार गर्ने ।

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| वनजङ्गलको संरक्षण, सम्बर्द्धन, विकास र व्यवस्थापन गरी बहुउपयोगि बनाउँदै स्थानीयबासीको जीवनस्तर उठाउने । | • सम्भाब्य सवै वडामा नर्सरी स्थापना गरी आवश्यक विरुवाको व्यवस्थापन गर्ने ।<br>• दिगो वन व्यवस्थापन अवलम्वन गर्ने तथा खाली तथा नाङ्गो रहेका सरकारी, पर्ति तथा निजी जग्गामा वृक्षारोपण गर्ने गराउने ।<br>• निजी वन लगाउने लाई प्रोत्साहित गर्ने साथै अवस्था हेरि सहुलियत रिण दिने ।<br>• बिभिन्न जङ्गली जनावर तथा पशुपंक्षी नियन्त्रण, संरक्षण तथा व्यवस्थापन गरी पर्यटन गन्तब्यको रुपमा समेत विकास गर्ने ।<br>• सिमसार तथा पोखरीको वरिपरी बृक्षारोपण सहित संरक्षण सम्बर्धन तथा  प्रबर्द्धनमा जोड दिने ।<br>• लोपोन्मुख र सङ्कटाग्रस्त बनस्पती र बन्यजन्तुको संरक्षण र विकास गर्ने ।<br>• वनमा आधारित लघु उद्यम संचालनमा जोड दिने साथै सम्भाब्य स्थानमा वन पैदावर प्रशोधन उद्योगको स्थापना गरी रोजगारीको श्रृजना गर्ने । |
| विद्यामान वन क्षेत्रमा रहको वन तथा वनस्पती, वन्यजन्तु र जैविक विभिदताको अध्ययन अनुसन्धान गरी जनतेतना अभिबृद्धि गने | • सम्बन्धित विश्वविद्यालय, अध्ययन संस्थान, स्थानीय विद्यालय साथै सम्बन्धित सरोकारवाला संघ संस्था सँग साझेदारीमा विद्यामान वन क्षेत्रमा रहको वन तथा वनस्पती, वन्यजन्तु र जैविक विभिदताको अध्ययन अनुसन्धान गर्ने ।<br>• नारपालिका स्तरको विद्यालय पाठ्यक्रममा स्थानीय वन, वन्यजन्तु तथा जैविक विभिदतालाई समावेश गर्ने । |
| वन क्षेत्रको दिगो व्यवस्थापनका लागि संघीय तथा प्रदेश सरकार सँग समन्वय गरी आवश्यक कानून निर्माण र कार्यान्वयनमा सहयोग गने | • वातावरण संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन सॅग सम्बन्धित नगरपालिका स्तरीय ऐन, कानून तथा कार्यविधि निर्माण गर्ने ।<br>• नगरपालिका क्षेत्र भित्रका सामुदायिक वन लगायत समुदायमा आधारित तथा सरकारद्वार व्यवस्थित वन समेतमा उद्यम |

| | |
|---|---|
| | विकास गर्ने ।<br>● निजी वन बाट उत्पादित वन पैदावारको सङ्कलन, ओसार(पसार, प्रशोधन, विकिवितरण र बजारीकरणलाई सरलीकरण गर्ने ।<br>● संस्थागत तथा व्यक्तिगत रुपमा हुने चोरी निकासी, वन डढेलो नियन्त्रण गर्न, मिचाहा प्रबृतिका बोट विरुवा वा प्रजातिको नियन्त्र र व्यवस्थापन गर्न, स्रोत साधन माथिको पहुँच र लाभको बाँडफाँडलाई न्यायोचित बनाउने ।<br>● सरोकारवाला निकायको आचरण र व्यवहारमा सुधार गरी पारदर्शीता कायम गर्न साथै अनुगमन र नियमनका कार्यमा तीनै तहका सरकारको स्पष्ट जिम्मेवारीको व्यवस्थापन गर्ने गरी कानून निर्माण गर्न संघीय तथा प्रदेश सरकर सँग समन्वय र साझेदारी गर्ने । |

**प्रमुख कार्यक्रम**

- वन तथा जैविक विविधता संरक्षण,
- जडीवृटी तथा व्यावसायिक काठ उत्पादन,
- वन पैदावारको दिगो उपयोग कार्यक्रम,
- स्थायी नर्सरी निर्माण र विरूवा वितरण,
- सडक किनारा तथा पर्ति जग्गामा बृक्षारोपण तथा संरक्षण,
- शहरी पार्क, बगैचा निर्माण र बृक्षारोपण,
- भू-संरक्षण कार्यक्रम,
- गैरकाष्ठ वन पैदावारको उत्पादन, संकलन तथा बजारीकरण प्रवर्द्धन कार्यक्रम,
- हरियाली बृद्धि विकास कार्यक्रम,

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरभित्रको वन सम्पदालाई जगेर्ना गर्दै स्वच्छ, स्वस्थ र हरित नगरका रुपमा विकसित गर्दै लगिने छ, नगरक्षेत्र भित्रका निजि तथा सामुदायिक वन क्षेत्रमा बाताबरण मैत्रि स्थानिय शासन कार्यक्रमका सुचकहरुलाई प्रभावकारी रुपमा लागु गर्दै आय आर्जन संग जोड्दै लगिने छ, वातावरण मैत्रि स्थानिय शासनको सुनिश्चिता गर्न प्रत्येक वडामा कम्तिमा एउटा खुला क्षेत्रमा पार्क निमार्ण गर्ने कार्यलाई प्रोत्साहनका रुपमा अगाढी बढाईनेछ, सडक, बाटोघाटो र सार्वजनिक स्थलमा हुन सक्ने दुर्घटनालाई न्युनिकरण गर्न प्रत्येक घर परिवारलाई आ आफ्नो गाई बस्तुलाई आफ्नै जग्गा जमिनमा व्यवस्थापन गरेर राख्न आवश्यक रणनीतिय गरिनेछ, नगर सरसफाई र हरियाली प्रबद्धर्न एव सुन्दरता वढाउन फुलहरु रोप्ने, बृक्षारोपण गर्ने कार्यक्रमलाई उत्साहका साथ अगाडि बढाईनेछ, सामुदायिक वन भित्र रहेका तालतलैया क्षेत्र बाट आय आर्जन गरिनेछ, दिगो रुपमा पुर्वाधार विकास कार्यक्रमलाई अगाढी बढाई बस्ती तथा बजार व्यवस्थापन कार्यलाई स्वच्छ र प्रभावकारी वनाउन ढल व्यवस्थापन योजना प्रणाली निर्माणमा विशेष जोडदिईने छ र सम्पुर्ण नगरवासीहरुलाई स्वच्छ,

सफा र दुर्गन्ध रहित वातावरणमा जिवन निर्वाह गर्ने वाताबरण सृजना गर्न दिशाजन्य लेदो व्यवस्थापनका लागी आवश्यक योजना तर्जुमा गरी कार्यान्यनमा ल्याईनेछ ।

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

वन विनासको रोकावट, खाद्यजालमा न्यून प्रभाव भई वन, वन्यजन्तु तथा जैविक विभिदताको संरक्षण भएको हुनेछ । श्रोत र सानधनको पर्याप्ता साथै संघीय तथा प्रदेश सरकार, वन उपभोक्ता समिति र नगरपालिका बिच समन्वय र साझेदारीको दरिलो अधार तयार भएको हुनेछ जोखिम पक्षमा विद्यमान ऐन कानून  कार्यान्वयन नहुन सक्छन्, जग्गा जमिन तथा स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघ संस्थाको अभाव,  प्रविधिको अभाव,  निर्माण सामाग्रिको अप्रर्याप्तता तथा अभाव र  दक्ष निर्माण जनशक्तिको अभाव हुनसक्छ ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक श्रोतको दिगो व्यवस्थापन विना मानव जीवन संभव छैन । वन संरक्षण, भू तथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् व्यवस्थापन जस्ता विषयहरू नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछन । दिगो विकास र विपद् उत्थानशीलतामा अभिवृद्धि नै विकासको समृद्धि भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ ।

### ७.२.१ पृष्ठभूमि

घोडाघोडी नगरपालिकामा मुख्य रुपमा कान्द्रा नदी, अन्य साना खोला र ताल तलैयाहरु र जमिनमुनिको पानि प्रमुख जलाधारको रुपमा रहेका छन । धेरै जसो घरपरिवारले सिंचाईका लागि ट्युवेल, खोलानालाको पानिको प्रयोग गरिरहेका रहेछन्  । भने केहि घरपरिवारले कुलो लगायत खोल्साको पानीको प्रयोग गरिरहेको छन् त्यसै गरि कान्द्रा नदी नगरका वडाहरु ५, ७, ९, १०, , ११ र १२ जलस्रोत तथा जलाधार क्षेत्रको रुपमा रहेको छ । घोडाघोडी नगरपालिकामा मुख्य रुपमा कान्द्रा नदी रहेकोछ भने स–साना नालाहरु पनी धेरै रहेका छन । बर्षायाममा यि नदि तथा खोल्साहरुले डुवानको समस्या पार्ने गरेको र धनजनको क्षती समेत हुने गरेकोछ ।

### ७.२.२ समस्या तथा चुनौती

खोलानाला बाट अनाधिकृत रुपमा गिट्टी, ढुङ्गा तथा बालुवा निकाल्ने कार्यले तिब्रता पाउनु, वातावरण प्रभाव मूल्याङ्कन एकातीर गिट्टी, ढुङ्गा तथा बालुवा निकाल्ने कार्य अर्कातिर रहनु, भूसंरक्षण तथा जलाधार व्यवस्थापन सँग सम्बन्धित पूर्वाधार विकास र व्यवस्थापन विच संघीय तथा प्रदेश सरकार साथै सरोकारवाला स्थानीय तह बीच समन्वय र साझेदारीलाई प्रभावकारी बनाउन नसकिएको, भूसंरक्षण तथा जलाधार व्यवस्थापन सँग सम्बन्धित पूर्वाधार विकास र व्यवस्थापन विच संघीय तथा प्रदेश सरकार साथै सरोकारवाला स्थानीय तह बीच समन्वय र साझेदारीलाई प्रभावकारी बनाउन, अन्तर सरकारी तथा अन्तर स्थानीय तहका इच्छाशक्ति एकीकृत गर्न, नगरपालिकाको आन्तरिक स्रोत पर्यात पार्न र प्राकृतिक प्रकोपले पार्ने क्षतिको आँकडाको बस्तुगत अवस्थाका बारेमा पूर्वानुमान

गर्ने साथै न्यूनलागतमा गुणस्तरीय पूर्वाधारको निर्माण व्यवस्थापन गर्ने जस्ता कार्य यस क्षेत्रका चुनौतीको रुपमा रहेका छन् ।

### ७.२.३ संभावना तथा अवसर

यस नगरपालिका क्षेत्र भित्रका खोलानाला, सिमसार, पोखरीहरूलाई प्राकृतिक उपहारको रुपमा स्वीकार गरी तीनको संरक्षण र सम्बर्द्धन बाट यस पालिकाको दिगो आयको आधार निर्माण गर्दै आर्थिक समृद्धि निर्माण गर्न सकिने संभावना रहेको अवस्था छ  विषेश गरि कान्द्रा नदीले ५, ७, ९, १०, , ११ र १२ वडाहरु संग जोडिएको छ उक्त नदिलाई दिर्घकालिन योजना सहितको तटवन्धन गरि संरक्षण गरिएको अवस्थामा बिकासको संभावना देखिन्छ भने यदि संरक्षण भएन भने यसै नदिले असर गर्ने देखिन्छ  । वर्तमान समस्या र चुनौतीको सहज समाधान गरी तीनलाई आर्थिक रुपान्तरण र स्थानीयबासीको जीवनस्तर माथि उठाउने साधनको रुपमा उपयोग गर्न सके यी क्षेत्र र स्थानबाट नगरपालिकाले आन्तरिक आयमा पर्याप्त बृद्धि गर्न सक्ने र उक्त आयलाई नगरपालिकाको विकास निर्माण र सेवा प्रवाहमा प्रयोग गर्न सकिने संभावना र अवसर रहेका छन् ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

तटबन्ध निर्माण, बृक्षारोपण, नदी तथा खोला जन्य उत्खननको नियमन प्राकृतिक प्रकोप भूक्षय न्यून प्रभावित क्षेत्रको रुपमा स्थापित गरि विद्यामान जलाधारको उपयुक्त व्यवस्थापन गर्ने ।

**उदेश्य :**

- भूसंरक्षण तथा जलाधार व्यवस्थापनको माध्यम बाट उर्वर भूमिको क्षति न्यूनिकरण गर्ने ।
- जलाधार व्यवस्थापन बाट पालिका क्षेत्रमा भईरहेको तथा सम्भावित आर्थिक तथा सामाजिक क्षति न्यूनिकरण गर्ने ।
- विद्यमान जलाधारलाई यस नगरपालिकाको प्रकृतिक देनको रुपमा स्थापित गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई दिगो बनाउनुको साथै डुवान बाढि जन्य जोखिमको दिगो एवं भरपर्दो व्यवस्थापन गर्ने । | • जोखिमयुक्त क्षेत्रको लगत सङ्कलन गर्ने  आवश्यक ऐन, नियम, निर्देशिका तथा कार्यविधि निर्माण गर्ने ।<br>• भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी एकीकृत गुर योजना निर्माण गर्ने ।<br>• नगरपालिका स्तरीय जलाधार संरक्षण तथा व्यवस्थापन समितिको निर्माण गर्ने ।<br>• नगरपालिका क्षेत्र भित्रका खोलानालामा प्राथमिकताका आधारमा आवश्यक तटवन्ध निर्माण गर्ने ।<br>• खोला किनाराका आवश्यक स्थनमा बृक्षारोपण गर्ने ।<br>• खोला क्षेत्रको अनाधिकृत दोहनलाई पूर्ण रुपमा नियन्त्रण गर्ने । |
| भूसंरक्षण र जलाधार व्यवस्थापनकालागि जनचेतना अभिबृद्धि गर्ने । | • भूक्षय र जलाधारको व्यवस्थापन साथै खोलानालाको अनाधिकृत दोहन बाट निम्तन सक्ने जोखिमका बारेमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>• सहायोगि र साझेदारहरूको पहिचान गरी सहभागि गराउने । |

| | |
|---|---|
| | ● जलाधार संरक्षण र व्यवस्थापनकालागि संघीय तथा प्रदेश सरकार सँग समन्वय गर्ने । |

**कार्यक्रमहरुः**

- खोलानाला खोल्सी नियन्त्रण र तटबन्धन र लघु जलाधार तथा भूसंरक्षण कार्यक्रम,
- घरवगैचा, फलफूल र आयमूलक कार्यक्रम,
- पानीका मुहान संरक्षण कार्यक्रम,
- पोखरी निर्माण तथा संरक्षण |संरक्षण ताल,
- विकासका पूर्वाधार संरक्षण,
- भू-उपयोग क्षेत्र पहिचान, निर्धारण तथा योजना तर्जुमा र कार्यान्वयन,
- कान्द्र नदिको संरक्षण,

### ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सम्भावित भूक्षय हुन सक्ने जोखिम युक्त स्थानको लगत सङ्कलन तथा अभिलेखिकरण गरी उच्च जोखिम, मध्यम जोखिम र सामान्य जोखिमका क्षेत्रमा विभाजन गरी विवरण अध्यावधिक भएको हुनेछ, भूसंरक्षण तथा जलाधार संरक्षण कोष सञ्चालन व्यवस्थापन कार्यविधि समेत तयार भई कायान्वयनमा आएको हुनेछ, भूसंरक्षण तथा जलाधार व्यवस्थापन गुरु योजना तयार भएको हुनेछ, सम्भावित बाढीको प्रकोप रहन सक्ने मुख्य स्थानीय खोला किनारामा बृक्षारोपण सहित संघीय तथा प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोगमाा उच्च जोखिमयुक्त स्थानमा तटवन्ध निर्माण गरिएको हुनेछ र कान्द्रा नदीको तटिय व्यवस्थापन भएको हुनेछ ।

### ७.२.६ अनुमान तथा जोखिम पक्ष

नगरपालिका, संघीय तथा प्रदेश सरकार, स्थीयबासी लगायत विकास साझेदारको सहयोगमा जोखिमयुक्त क्षेत्र र स्थानमा तटबन्ध निर्माण गरिएको हुनेछ । भू(संरक्षण तथा जलाधार व्यवस्थापकालागि आर्थिक तथा भौतिक श्रोत र साधनको पर्याप्तता रहनुको साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून रहेको हुनेछ । जोखिम पक्षमा विद्यमान ऐन कानून  कार्यान्वयन नहुन सक्छन्, जग्गा जमिन तथा स्रोत र साधनको अभाव,  सहयोगी तथा साझेदार संघ संस्थाको अभाव,  प्रविधिको अभाव,  निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव र  दक्ष निर्माण जनशक्तिको अभाव हुनसक्छ ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

नेपालको संबिधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने गरी मौलिक हकको व्यवस्था गरेको छ । प्रदुषण रोकथाम र नियन्त्रणका माध्यम बाट वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनी, जल, जमिन र वायु सँग सम्बन्धित केहि मापदण्ड निर्धारण भई कार्यान्वयनमा आएका छन्।

घरपरिवार तथा उद्योग, व्यापार र व्यवसायबाट निस्कनेफोहोरमैला तथा धुलो, धुवाँ र स्वस्थ्यलाई प्रतिकुल असर गर्ने सबै खाले प्रदुषणलाई न्यूनीकरण गर्न सरोकारवालासँग समयसमयमा छलफल

तथा अन्तर्क्रिया गर्ने, घरपरिवार लगायत बाट निस्कने फोहोरमैला निस्चित स्थानमा मात्र फाल्न पाईने, जैविक विविधता र श्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ बृद्धि गरी त्यसलाई न्यायोचित वितरण सुनिश्चित गर्ने ।

यस नगरपालिकामा बसोबाँस गर्नेले फोहोर व्यवस्थापनमा ९९३९ (६१.६%) घरधुरीले निश्चित स्थान खाल्डो बनाएर फोहोर व्यवस्थापन गर्ने गरेका छन् । त्यसैगरि करेशाबारी र आफ्नै कम्पाउण्डमा फोहर व्यवस्थापन गर्ने घरपरिवार संख्या ४८१५ (२९.८%) रहेकोछ । कुल घरधुरी मध्ये १०६५ ( ६.६%) घरधुरी संख्याले जथाभावी फोहोर विसर्जन गर्ने गरेका छन् ।

### ७.३.२ समस्या तथा चुनौती

फोहोरमैला व्यवस्थापनको उपयुक्त र व्यवस्थित क्षेत्र वा स्थलको अभाव रहनु, वर्तमानमा समेत फोहोरमैलालाई प्रयोग गरी मानव जीवन उपयोगि बस्तुमा परिवर्त गर्न सकिने स्थानीयवासिको चेतना विकास सहित फोहोरमैला प्रशोधन केन्द्रको स्थापना गर्न नसक्नु, फोहोर उत्पादक वा जन्मदाता मानव स्वयं भएको भएता पनि यसको व्यवस्थापनमा आफ्नो कर्तव्य र जिम्मेवारी बाट पन्छिनु आदि समस्याहरु रहेका छन् भने फोहोरमैला व्यवस्थापनको उपयुक्त र व्यवस्थित क्षेत्र वा स्थलको व्यवस्थापन गर्ने, प्लाष्टिक तथा अस्पतालजन्य फोहोरमैलाको उचित व्यवस्थपन गर्ने, फोहोरमैला प्रशोधन केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थपन गर्ने, आफुले उत्पादन गरेको फोहोरमैलालाई वर्गिकरण गरी नगरपालिकाले निर्धारण गरेको समय र स्थानमा मात्र विषर्जन गर्ने बानिको विकास गर्ने, शहरका मूल्य र महत्वपूर्ण स्थान र क्षेत्रमा सार्वजनिक शौचालयकालागि जग्गाको व्यवस्थापन गर्ने साथै बिशेस गरि यस पालिकाको मुख्य अति महत्पुर्ण पर्यटनको गन्तव्य स्थान घोडाघोडि तालमा फोहोर मैला व्यवस्थापनको चुनौतीको रुपमा रहेको छ ।

### ७.३.३ संभावना तथा अवसर

स्वच्छ तथा स्वस्थ वातावरणको अनिवार्य व्यवस्थालाई संबिधानले मौलिक हकको रुपमा स्थापित गर्नु, वातावरण संरक्षण र फोहोरमैला व्यवस्थानमा सर्वसाधारण नागरिक, उद्योगी, व्यापारी तथा व्यवसायीको दायित्व स्थापित हुँदै जानु, जग्गा जमिन प्रसस्त रहकै बेला फोहोरमैला प्रशोधन केन्द्रकालागि जग्गाको व्यवस्थापनमा नगरपालिका कृयाशिल हुनु, वातावरणीय स्वच्छताकालागि सवै सरोकारवालाहरूले आफ्ना कृयाकलापलाई केन्द्रिकृत गर्दै जानु साथै जनचासोमा बृद्धि हुँदै जानु, सरसफाई अभियानकर्ताको फोहोरमैला व्यवस्थापनमा सहयोगी र सकारात्मक भवनाका साथ कार्यान्वयनमा रहनु, वातावरण प्रदुषण कर्तालेनै दायित्व निर्वाहा गर्नुपर्ने विश्वव्यापि मान्यता स्थानीय स्तरमा स्थापित हुँदै जानु, पर्यटन विकासको माध्यम बाट अर्थतन्त्रमा योगदान पुऱ्याउने कार्यमा स्वच्छ तथा स्वस्थ वातावारणको भूमिका कमस स्थापित हुँदै जानु, संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकाय तथा विभागहरू स्थानीय तहहरू सँग समन्वय र साझेदारीकालागि तयार रहनु, फोहोरमैलालाई कच्चा पदार्थको रुपमा प्रयोग गरी बस्तु तथा सेवाको उत्पादन र विकिवितरण बाट रोजगारी सिर्जना गर्ने साथै अर्थत्रमा योगदान गर्ने कुरामा संघीय तथा प्रदेश सरकार सहमत हुँदै जानु, वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा स्थानीय तहहरूको समन्वयात्मक कार्यजालो स्थापित हुँदैजानु वर्तमानका संभावना र अवसर रहेका छन्।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

फोहोरमैला प्रशोधन तथा उचित व्यवस्थापन, प्रदुषण नियन्त्रण र वातावरण संरक्षणका साथ पालिकाबासिको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संबैधानिक अधिकारको सुनिस्चिता गर्ने ।

**उद्देश्य:**

- वातावरण संरक्षण र प्रदुषण नियन्त्रणकालागि अति अवाश्यक रहेका स्थानीय ऐन कानूनको निर्माण गरी कार्यान्वयनमा ल्याउने ।
- प्रदुषण नियन्त्रण सहितको पालिका स्तरीय वातावरण व्यवस्थापनकालागि स्थानीय स्तरका सवै सरोकारवालाको प्रतिनिधित्व रहने गरी प्रभावकारी संरचना निर्माण गर्ने ।
- जनचेतनाको विकास गरी वातावरण संरक्षणमा आम नगरवासिको सहभामिगताको सुनिस्चितता गर्ने साथै घरपरिवार, उद्योग, व्यापार, व्यवासायीक तथा सेवाका क्षेत्र समेत बाट सिर्जित फोहोमैलाको उचित र उपयुक्त व्यवस्थापन गर्ने ।
- नगरपालिका क्षेत्र भित्रका सवै प्रकृति र स्वरुपका भौतिक पूर्वाधार निर्माण विकास र प्राकृतिक वातावरणवीच सन्तुलन कायम गर्ने ।
- जल, वायु, ध्वनी तथा विद्युतीय समेतका प्रदुषणको नियन्त्रण गर्ने ।

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| फोहोरमैलाको उपयुक्त प्रशोधन बाट मनव उपयोगि वस्तु तथा सेवाको उत्पादन गर्ने साथै यस कार्यकालागि नविन प्रविधिको प्रयोग सहित निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्ने । | • वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि लगायत नीति निर्माण गर्ने<br>• नगरपालिका क्षेत्र भित्र दैनिक रुपमा उत्पादन हुने फोहोर र तीनको प्रकृतिको तथ्याङ्क अध्यावधिक गर्ने ।<br>• वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रण गुरु योजना तयार गर्ने ।<br>• नगर फोहोरमैला प्रशोधन केन्द्रकालागि आवश्यक जमिनको व्यवस्थपना गर्ने ।<br>• निजी क्षेत्र तथा सामुदायिक संघ संस्थाहरू संग समन्वय र साझेदारी गर्ने ।<br>• फोहोरमैलाको प्रकृतिका आधारमा प्रशोधनकालागि आवशयक मेसिन तथा उपकरणको व्यवस्थापन गर्ने साथै फोहोरमैला प्रशोधन गरी सम्भाब्य वस्तुको उत्पादन गरी बजारिकरण गर्ने ।<br>• सडक किनारा, सार्वजनिक स्थल, खाली रहेका जग्गा जमिन, खोला किनार, पोखरी, पार्क, तलाउ, सिमसार क्षेत्रमा फोहोर फाल्न प्रतिवन्ध लगाउने ।<br>• स्थानीय खोला नालामा हुने गरेको फोहोरको नियन्त्रण गरी खोलामा बग्ने पानीलाई उपयोग योग्य वनाउने । |
| राष्ट्रिय मापदण्डका आधारमा जल, वायु, ध्वनी, विकिरणजन्य तथा घातक फोहोरमैला नियन्त्रण गरी | • नगरपालिकाको मुख्य बजार केन्द्रमा वायु प्रदुषण मापन यन्त्रको जडान गर्ने र नियमिति परिक्षणको व्यवस्थाप मिलाउने । |

| | |
|---|---|
| प्रदुषणको रोकथाम गर्ने | ● खोलानाला, पोखरी तथा तलाउ साथै सिमसार क्षेत्रको पानी परिक्षणको व्यवस्था गर्ने ।<br>● नगरपालिका क्षेत्र भित्र आपतकालिन अवस्थामा बाहेक साईरन बजाउन प्रतिवन्ध लगाउने ।<br>● प्रदुषण रहित इलेक्ट्रिक यातायातका साधनहरूको प्रयोगमा नगरपालिकाको अधिकार क्षेत्र भित्र रहि विशेष सहुलियत प्रदान गर्ने । |
| पूर्वाधार निर्माण र वातावरणबीच सन्तुलन कायम गर्न पालिका क्षेत्र भित्र वातावरण प्रभाव मूल्याङ्कनलाई पूर्वाधार निर्माणको अभिन्न अङ्ग बनाउने | ● सवै प्रकारका भौतिक संरचना निर्माण अघि वातावरण प्रभाव मूल्याङ्कन अनिवार्य गर्ने ।<br>● हरियाली प्रवर्द्धनकालागि बृक्षारोपण गर्ने तथा पुष्प बाटिका निर्माण व्यवस्थपन गर्ने ।<br>● सामुदायिक वन क्षेत्र बाट कुनै एक रुख तथा विरुवा काटेमा वा हटाएमा,त्यसको सट्टामा थप दुई वटा रुख तथा विरुवा रोप्नै पर्ने बाध्यकारी व्यवस्था गर्ने ।<br>● सम्बन्धित सरोकारवालाको क्षमता विकास गर्ने अनुगमन तथा मूल्याङ्कन विधि र प्रकृयालाई प्रभावकारी बनाउने । |

**कार्यक्रमहरु :**

- पूर्ण सरसफाईको मापदण्ड र सूचकको पालना अभियान कार्यक्रम,
- वडा र टोल प्रतिस्पर्धामूलक सरसफाई कार्यक्रम,
- ल्याण्डफिल साइट निर्माण, फोहोर संकलन र प्रशोधन कार्यक्रम,
- फोहोरमैला व्यवस्थापन कार्यक्रम (प्रमुख सार्वजनिक स्थल, चोक, कार्यालय र मुख्य पदमार्ग र घरघरमा डष्ट विन, कम्पोष्ट विन, फोहोर खाडल निर्माण र सो सम्बन्धी तालिम),
- ज्येष्ठ नागरिक, चिल्ड्रेन र पर्यटकीय पार्क तथा बाटिका निर्माण र संचालन,
- संस्थागत गार्डेन स्थापना र व्यवस्थापन कार्यक्रम ।

### ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन गुरु योजना तयार भएको हुनेछ, फोहोरमैला प्रशोधन केन्द्रको सञ्चालन व्यवस्थापनबाट वस्तु उत्पादनको कार्य प्रारम्भ भएको हुनेछ, नगरपालिकाको आन्तरिक आयमा कम्तिमा १ प्रतिशतले बृद्धिभएको हुनेछ, फोहोरमैला व्यवस्थापनका सुरक्षित ल्याण्डफिल साईटहरू वा डम्पिङ साईडहरूको व्यवस्थापन भई कार्यान्वयनमा अएको हुनेछ, फोहोरमैलाको उचित र उपयुक्त व्यवस्थस्थापन बाट नगरपालिका स्वास्थ्य, सफा र व्यवस्थ्ति भएको हुनेछ, खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग गरिरहेका सम्पूर्ण घर परिवारले सुधारिएको चुलोको प्रयोग गरेका हुनेछन, खोला, पोखरी तथा नालामा जल प्रदुषण सम्वन्धी समस्यामा कमि आई सफा पानीको प्रवाह हुनुको साथै जल तथा थल चर पशुपन्छीकालागि पिउन योग्य पानीको प्रवाह भएको हुनेछ, ठूला तथा साना उद्योग, कलकारखाना तथा सवारीका साधनमा स्वच्छ तर उत्पादन तथा वातावरण व्यवस्थापन प्रणाली कार्यान्वयन भई नगरपालिका क्षेत्र भित्रको विद्यमान

बायु प्रदुषणमा कमि आएको हुनेछ, सबै खाले ध्वनी प्रदुषण सँग सम्बन्धित वस्तु तथा साधनको प्रयोगमा रोक लागेको हुनेछ साथै ध्वनी प्रदुषणका कारण मानिसको मुटुमा तथा सुन्ने शक्तिमा पर्ने असर लगायत बालबालिकाको पठन पाठनमा पुग्न गएको क्षती न्यूनिकरण भएको हुनेछ ।

### ७.३.६ अनुमान तथा जोखिम पक्ष

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनका लागि नगरपालिका, संघीय तथा प्रदेश सरकार, स्थानीय नगरवासी, उद्योगि, व्यापारी तथा व्यवसायको साझेदारी र समन्वय विकास भएको हुनेछ । आवश्यक श्रोत र साधनको उपलब्धताको सुनिस्चितता भएको हुनेछ । जोखिम पक्षमा विद्यमान ऐन कानून कार्यान्वयन नहुन सक्छन्, जग्गा जमिन तथा स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघ संस्थाको अभाव, प्रविधिको अभाव, निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव र दक्ष निर्माण जनशक्तिको अभाव हुनसक्छ ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

घोडाघोडी नगरपालिका वाढीको उच्च जोखिममा रहेको पालिका हुँदा यहाँ समय समयमा विभिन्न प्रकारका प्रकोहरु समस्याको रुपमा रहेको पाईन्छन । यस्ता विपदबाट बच्न समयमै एकिकृत कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यान्यियन गर्नुपर्ने देखीन्छ यस पालिकामा बैशाख र जेठमा आगलागी, जेठ असार साउन भाद्र असोज बाढी डुवान, बैशाख जेठ खडेरी, बैशाख, जेठ, चैत्र हुरी बतास, पुष माघ शीतलहर, जेठ असार साउन भाद्र, असोज रोग महामारी, बैशाख जेठ असार साउन भाद्रअसोज सर्पको टोकाइ, बैशाख जेठ असार असोज कार्तिक मंसिर पाल्गुन चैत्र जंगली जनावरबाट क्षति हुने गरेको छ ।

### ७.४.२ समस्या तथा चुनौती

विपद्जोखिम व्यवस्थापनका बारेमा पर्याप्त ज्ञान, सीप र सूचना प्रणालिको कमि रहेको, विपद् जोखिम न्यूनिकरण र भौतिक संरचना निर्माणका कार्यमा आवश्यक तालमेलको कमी, छरिएर रहेका वस्तीका कारण विपद् उत्थानशील विकास प्रकृया अवलम्बन हुन नसकेको, सबै विषयगत क्षेत्रमा विवद् जोखिमको पहिचान र नक्साङ्कन नभएको, प्राकृतिक स्रोतहरूको अनियन्त्रीत र अव्यवस्थित दोहन, विपद् जोखिम व्यवस्थापनका लागि कार्ययोजनाको निर्माण हुन नसकेको, आपतकालिन व्यवस्थाकालागि यथेष्ट मानवीय स्रोत, यन्त्र उपकरण, बन्दोवस्ती तथा राहतका सामाग्रिको कमी, आपतकालिन स्रोत व्यवस्थापनमा कठिनाई लगायत यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् । विपद् जोखिम व्यवस्थापनका लागि कार्ययोजनाको निर्माण गरी कार्यान्वनयमा ल्याउने, आपतकालिन व्यवस्थाकालागि यथेष्ट मानवीय स्रोत, यन्त्र उपकरण, बन्दोवस्ती तथा राहतका सामाग्रिको व्यवस्थापन गर्ने, बिपद् व्यास्थापन कोषलाई पर्याप्त पार्ने, विपद् जोखिमको कार्यलाई तीन तहका सरकार वीच समन्वय गरी आन्तरीकिकरण गर्ने साथै पूर्वतयारीका कार्यमा नजर अन्दाज गर्ने जस्ता कार्य यस क्षेत्रका प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

### ७.४.३ संभावना तथा अवसर

विपद्जोखिम न्यूनिकरणकालागि समुदाय तथा निजी क्षेत्र समेत सचेत रहनु साथै सहयोग र साझेदारीमा सम्लग्न हुनु, गैरसरकारी संघ संस्थाको सकृयता अभिबृद्धि हुनु, दिन प्रतिदिन आधुनिक प्रविधिको विकास र व्यवस्थानमा पहुँच बृद्धि हुँदै जानु, यस नगरपालिकाको अधिक क्षेत्र ग्रामिण र खुला रहेका कारण व्यवस्थित शहरी विकास तथा वस्ती विकास गुरु योजना तर्जुमा गरी यथा समयमा कार्यान्वनयमा ल्याउन साथै उक्त क्षेत्रमा ढल तथा सतह पानी निकासको दिगो व्यवस्थापन गर्ने जस्ता अवस्था यस क्षेत्रका संभावना र अवसरको रुपमा रहेका छन् ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

नगरपालिका क्षेत्र भित्र सम्भावित सवै प्रकृति र प्रकारका प्रकृतिक तथा गैर प्राकृतिक प्रकोप तथा विपत्ती वा घट्ना बाट सिर्जिना हुन सक्ने मानवीय, भौतिक, आर्थिक, समाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्ने ।

**उदेश्य :**

- विपद्जोखिम न्यूनिकरण तथा व्यवस्थापनकालागि विपद्उत्थानमैत्री स्थानीय शासन पद्धती र प्रणालीको विकास, व्यवस्थापन तथा सुद्रिढिकरण गर्ने ।
- विपद जोखिम नक्साङ्कन, पूर्वानुमान, सूचना प्रणाली, पूर्वतयारी, प्रतिकार्य र पुनरलाभ सम्बन्धी कार्यमा क्षमता विकास गर्ने ।
- विपद् जोखिम सम्बेदनशील योजना तथा पूर्वाधार निर्माण प्रकृयालाई सुनिस्चित गर्ने ।
- सार्वजनिक, निजी तथा सामुदायिक लगानीमा मार्फत श्रोत र साधनको व्यवस्थापन गर्ने ।
- नारपालिका स्तरमा व्यापक जनचेतना अभिबृद्धि गर्दै पूर्व तयारीको सुनिस्चितताका कार्यलाई सवल र उत्थानशील बनाउने ।

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| विपद् उत्थानमैत्री स्थानीय शासन पद्धतीको विकास र व्यवस्थापन गर्न नीतिगत, संस्थागत र प्रकृयागत व्यवस्था गर्ने । | • विपद् जोखिम न्यूनिकरण र उत्थानमैत्री स्थानीय शासन पद्धतीको विकास र व्यवस्थापनका लागि आवश्यक नीति, स्थानीय ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने ।<br>• नगरपालिका स्तरीय प्राकृतिक प्रकोप उद्धार समितिको निर्माण गर्ने तथा वडा तह सम्म विस्तार गर्ने ।<br>• अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाउने ।<br>• विपद् जोखिम न्यूनिकरण सम्बन्धी योजना तथा आयोजना साथै कार्यक्रम तर्जुमा गर्दा लक्षित वर्ग र समुदायमैत्री बनाउने ।<br>• नगर कार्यापलिका तथा वडा कार्यालयहरूमा कार्य प्रवाह तालिका निर्माण गर्ने दमकल तथा एम्बुलेन्स खरिद गर्ने वा नजिकका नगरपालिका तथा संघ संस्था सँग साझेदारी र समन्वय विस्तार गर्ने ।<br>• प्रत्येक वडामा आकस्मिक स्वास्थ्य उपचार कक्षको व्यवस्था मिलाउने प्रकोप उद्धारकालागि मुख्य मुख्य बजार केन्द्रहरू |

| | |
|---|---|
| | दिर्घकालिन खुला क्षेत्र तथा पोखरीको व्यवस्थापन गर्ने ।<br>● विपद् व्यवस्थापनका लागि राहत तथा उद्धार सामाग्रि भण्डारण गृहको निर्माण गर्ने साथै उक्त भण्डार गृहमा अत्यावश्यक उद्धार सामाग्रि तयारी अवस्थामा राख्ने । |
| विपद् जोखिम न्यूनिकरण गर्न साथै उत्थानशीलता अभिबृद्धि गर्न सार्वजनिक, निजी, सामुदायिक साझेदार तथा सहकार्य अभिबृद्धि गन | ● विपद् जोखिम न्यूनिकरणकालागि विषयगत विकास प्रकृयाको अनुगमन प्रकृया र प्रणालीलाई सूचकमा आधारित बनाउने ।<br>● सम्भावित जोखिमलाई न्यूनिकरण गर्न साथै थप जोखिम हुन नदिन नगरपालिका, निजी क्षेत्र र समुदाय स्तरमा विपद् प्रभाव मूल्याङ्कन पद्धतीको विकास गर्ने,<br>● जीवन तथा निर्जीवन विमा, सामाजिक सुरक्षा लगायतका विधि र प्रकृयाहरू स्थापना र प्रवर्द्धन गर्ने ।<br>● विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका लागि सार्वजनिक, निजी, सामुदायिक साझेदार तथा सहकार्यलाई सुद्रिढ र प्रभावकारी बनाउने । |
| जोखिम नक्साङ्कन, आँकलन तथा पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य, पुर्नलाभ सम्बन्धी आवश्यक भौतिक पूर्वाधार, संरचना, जनशक्ति साथै प्राविधिक क्षमताको विकास र व्यवस्थापनगर्ने | ● विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनकालागि आवश्यक ज्ञान र सीपको अभिबृद्धि र व्यस्थापन गर्ने ।<br>● सवै सरोकारवालाको क्षमता विकास गर्न विपद् जोखिम न्यूनिकरण, प्रतिकार्य तथा व्यवस्थापनका सम्पूर्ण प्रकृया पद्धती साथै साझेदारहरूको पहिचानको जानकारीलाई प्रविधि सँग आवद्ध गर्ने । |

**कार्यक्रमहरु :**

- नगर विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा तथा अद्यावधिक,
- सर्पदंश सेवा केन्द्र स्थापना र संचालन,
- वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति गठन र क्षमता विकास तालिम
- सचेतना कार्यक्रम संचालन (रोकथाम, पूर्व तयारी, खोज उद्दार, कृत्रिम अभ्यास, प्राथमिक उपचार, खोज उद्दार तालिम र सामाग्री व्यवस्थापन)
- आगलागी, बाढी, महामारी, भूकम्प जोखिम क्षेत्र, पहिचान, नक्शाङ्कन र पूर्व तयारी,
- न्यूनतम पूर्वाधार सहितको आपत्कालीन आश्रयस्थल ट्रस हल तथा क्वारेण्टाइन निर्माण,
- वन्यजन्तु (बाँदर, दुम्सी, बाघ, बँदेल आदि) बाट सुरक्षा कार्यक्रम,
- विपद व्यस्थास्थापन कोष बृद्धि र संचालन,
- गोदाम घर निर्माण, विपद उद्धार तथा राहत सामग्री व्यवस्थापन कार्यक्रम,
- भुकम्पिय जोखिमबाट बच्ने उपायहरु अवलम्बन गर्ने ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य अभियान कार्यक्रमहरु ।

### ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनका लागी विपद व्यवस्थापन कोष संचालन कार्यविधि निमाण गरी कार्यान्वयन गरिनेछ, नगरपालिका १२ वटै वडाको विपद जोखिम क्षेत्र नक्साङ्कन गर्दै विपद जोखिम परेमा प्रभावकारी रुपमा तय गरिने छ, विपद जोखिम न्यूनिकरण गर्न पुर्व सुचना प्रणालीका साथै संचार जगतबाट सचेतनामुलक संदेश जारी गर्नुका साथै समुदाय स्तरबाट समेत प्रभावकारी कार्यक्रम संचालन गरिनेछ, सबै वडा कार्यालयहरुमा विपद् व्यवस्थापन लागी न्युन्तम खोज तथा उद्धारका साधानहरुको व्यवस्थापन गरिनेछ, नगर तथा वडा स्तरीय विपद व्यवथापन समितिका पदाधिकारीहरुको अभिबृद्धिका गरिनेछ, स्थानीय आपतकालिन कार्य संचालन केन्द्रलाई थप सुदढीकरण गर्दै लगिने छ, वाढी तथा नदिले कटान गर्ने क्षेत्रमा घर, टहरा केन्द्रलाई थप सुदृढीकरण गर्दै लगिने छ , वाढी तथा नदिले कटान गर्ने क्षेत्रमा घर टहरा तथा वस्ती बसाउन नदिई त्यस्ता क्षेत्रहरुमा आवश्यक बृक्षारोपण र तटवन्ध गर्ने र सुरक्षित स्थानमाा वस्ति स्थानान्तरण गरिनेछ, फोहोरमैला व्वस्थापन Soid Weste Management कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र गराउन फोहोर उत्पादनको श्रोतमै फोहोरको बर्गिकरणगरि फोहोर संकलन कर्तालाई फोहोर उपलव्ध गराउने कार्य प्राथमिकताका साथ अगाढी वढाईनेछ  र वाताबरण सन्तुलन कायम गर्न नगरस्तरमा प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन कार्यका लागी सरोकारवालाहरुको सहभागिता गराई समिति निर्माण गर्दै प्रभावकारी रुपमा नियन्ण गरिनेछ ।

### ७.४.६ अनुमान तथा जोखिम पक्ष

अनाधिकृत रुपमा हुने गरको खोला क्षेत्रको दोहनको अन्त्य, ढल तथा सतह पानी निकासको उपयुक्त व्यवस्थापन, आपतकालिन उद्धरका यन्त्र, उपकरण तथा साधन तथा तटबन्धको निर्माण र पूर्व सूचना प्रणालिको विकास भएको हुनेछ । आर्थिक तथा मानवीय श्रोत साधनको व्यवस्थापनमा संघीय तथा प्रदेश सरकार विकास साझेदारको साझेदारी भएको साथै प्राकृतिक प्रकोपको खतर कम भएको हुनेछ । जोखिम पक्षमा विद्यमान ऐन कानून  कार्यान्वयन नहुन सक्छन्, जग्गा जमिन तथा स्रोत र साधनको अभाव,  सहयोगी तथा साझेदार संघ संस्थाको अभाव,  प्रविधिको अभाव,  निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव र  दक्ष निर्माण जनशक्तिको अभाव हुनसक्छ ।

# परिच्छेद -८
# संस्थागत विकास तथा सुशासन क्षेत्र

संघीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको नजिकको सरकारको रूपमा स्थापित गरिएको छ । लामो समयदेखि जनप्रतिनिधि विहिन भए पश्चात निर्वाचित स्थानीय सरकारसंग नागरिकले ठूलो अपेक्षा राखेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाको प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाइ विधिसम्मत प्रक्रियाबाट जनअपेक्षा अनुसार कुशल, पारदर्शी, र जवाफदेही ढंगले सम्पादन गर्न आवश्यक छ । बदलिदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ ।
यसरी चुलिएको जनआकांक्षालाई सम्बोधन गर्नको लागि सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र प्रभावकारी उपायहरू अवलम्बन गर्न जरूरी छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्व दिएको छ । **दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य-१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य-१७ (लक्ष्यहरूका निम्ति साझेदारी)** यस क्षेत्रसंग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अन्तरगत कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, जवाफदेहिता, राजस्व तथा श्रोत व्यवस्थापनका क्षेत्र यस भित्र पर्दछन् ।

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

नगरको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनका लागि संघीय कानूनको अधिनमा रही ५ वटा विषयगत विकास समितिहरू र विधायन, नगर शिक्षा तथा स्वास्थ्य, साझेदारी विकास, स्थानीय समन्वय, नगर स्तरीय विपद् व्यवस्थापन, बजार अनुगमन, मल वितरण व्यवस्थापन सम्बन्धी स्थानीय समिति र सल्लाहकार समिति लगायतका विभिन्न समितिहरूले कार्यसम्पादन गर्दै आएका छन् । सहज र सरल रूपमा स्थानीय स्तरमा नै न्याय सम्पादनका लागि एक न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ ।

नगरपालिकाले विभिन्न ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्डहरु जम्मा गरि ७४ वटा तयार पारि कार्यान्वयन गरेको छ । नगरको बजेट तथा योजना निर्माण प्रकृयामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका र वेवसाइट मार्फत सार्वजनिक गर्ने गरिएको छ । ठूला आयोजनाहरू निर्माण गर्दा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पारी समपुरक कोषको समेत व्यवस्था गरिएको छ । योजना तर्जुमा प्रकृयामा सबै संघसंस्थालाई सहभागिता गराउने गरिएको छ । ५ लाखभन्दा माथिका योजनाको निर्माण स्थलमा होर्डिङ बोर्ड राख्ने गरिएको छ । बजार क्षेत्रका वडाका घरहरूमा सडक नामांकरण सहित घर नम्बर दिइएको छ । सामाजिक सुरक्षा भत्ता लाभग्राहीको बैंक खातामा सोझै निकासा गर्ने व्यवस्था मिलाइएको छ ।

### ८.१.२ समस्या तथा चुनौती

आवश्यक सबै ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नु, आवश्यक संख्यामा दक्ष कर्मचारीको अभाव हुनु, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास तालिम नहुनु, क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यन्वयन नहुनु, कर्मचारीहरूको कार्य विवरण तयार भए पनि पूर्ण रूपमा कार्यान्वयन नहुनु, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नहुनु, तथ्याङ्कीय आधार तयार नुहुनु, योजनाका आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु त्यसैगरि सङ्घीयताको अभ्यास तथा अनुभव नभएको जनशक्ती व्यवस्थापन, संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नभएको, पर्याप्त स्रोत साधनको अभाव, प्रोत्साहन र उत्प्रेरणाको कमि, दण्ड पुरस्कारको अभाव, डिजिटल साक्षरताको कमि, नागरिक शिक्षा सचेतना आदि प्रमुख समस्या हुन्

नगरपालिकामा अनुगमन सञ्जाल कमजोर हुनु, नगरपालिकामा उपभोक्ता समितिलाई तालिम नहुनु, विभिन्न संघसंस्थाहरुको आ-आफ्नो नीति र कार्यशैली प्रभावकारी नहुनु, लक्षित समुदायको योजना छनौट तथा कार्यान्वयन प्रक्रियामा पहुँचको अभाव, नगरपालिकामा क्षमता विकासका क्रियाकलापहरुको कमी र नगरपालिकाको नागरिक वडापत्र अनुरुप प्रभावकारी कार्यान्वयन नहुनु आदि रहेका छन् ।

### ८.१.३ संभावना तथा अवसर

नगरपालिकालाई सुशासन सम्बन्धी आवश्यक कानून बनाउने अधिकार हुनु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, सुशासन नगरपालिकाको प्राथमिकतामा पर्नु, यातायात र प्रविधिको सुविधाले सेवा प्रवाहमा सहजता हुनु, गैसस, नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ ।
स्थानीबासीमा शिक्षा र चेतनाको विकास र विस्तार हुँदै गएको, स्थानीबासीले स्थानीय सरकारलाई नजिकबाट अवलोकन र निगरानी गर्ने बानीको विकास हुँदै गएको, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक सञ्जाल, सञ्चार, विद्युत लगायतका सेवामा नगरपालिकाबासीको पहुँच क्रमस अभिबृद्धि हुँदै गएको, स्थानी ऐन कानून निर्माणले गति लिएको, नगरपालिकाहरूले आफ्ना गतिविधि वेभसाईट मार्फत सर्वसाधारणको जानकारीमा राख्ने गरेको, विकास आयोजनाहरूको प्राथमिकिकरण र कार्यान्वयनमा स्थानीय जनताको सहभागिता बढ्दै जानु यस क्षेत्रका संभावना र अवसर रहेका छन् ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

आवश्यक कानुनको तर्जुमा साथै गुणस्तरिय सेवा प्रवाहको माध्यमबाट पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र जनसहभागितामुलक सेवा प्रवाह मार्फत विधिको शासन कायम गर्ने ।

**उदेश्य :**

- नगरपालिकको राजनैतिक एवं प्रशासनिक नेतृत्व सक्षम, विश्वासिलो र प्रभावकारी बनाउने ।
- सुदृढ साङ्गठनिक संरचना, दक्ष र क्षमतावान जनशक्ति, नवीन प्रविधि, प्रविधियुक्त यन्त्र उपकरण लगायतको व्यवस्थापनका साथ नगरपालिकाबाट सम्पादन गरिने विकास निर्माण र

सेवा प्रवाहका कार्य छिटो, छरितो, निश्पक्ष, गुणस्तरीय, नतिजा तथा परिणाममूखि र प्रभावकारी बनाउने ।

- विकास निर्माण र सेवा प्रवाह समेतका सम्पूर्ण कामकारवाहीलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाउने ।
- जनसहभगिता र जनविश्वासमा अभिबृद्धि गर्दै जनशक्तिको सर्वोत्तम परिचालन मार्फत नागरिक सेवा अभिवृद्धि गर्ने ।
- सुशासनको प्रत्याभुती दिलाउने साथै संगठनको शाख अभिवृद्धि मार्फत विधिको शासन र सेवा प्रवाहमा नागरिक अधिकार सुनिश्चित गर्ने ।

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| कार्यसम्पादन र सेवा प्रवाहलाई स्थानीय कानून, नीति/नियम अनुसार पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने । | • सेवाग्राहीसँग नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्य सम्पादनको प्रभावकारिताको बारेमा पृष्ठपोषण र सुझाव प्राप्त गरिने छ ।<br>• आम सञ्चारका माध्यमबाट नगरको कानूनलाई नगरवासीको घर घरमा पुऱ्याउन कानूनी साक्षरता अभियान सञ्चालन गरिने छ ।<br>• विधायन समितिलाई कृयाशील बनाई आवश्यक नीति, नियम, निर्देशिका तथा कानूनहरूको निर्माण गरिने छ ।<br>• सूचना प्रविधिको प्रयोग गरी नगरको गतिविधिहरूलाई पारदर्शी वनाइनेछ ।<br>• प्रत्येक वडामा मेलमिलाप समिति गठन गर्ने र उक्त समितिले समाधान गर्न नसकेका विवाद मात्र न्यायिक समितिले हेर्ने व्यवस्था मिलाइने छ । |
| स्थानीय तहबाट सञ्चालित योजना तथा सेवा प्रवाहको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने । | • स्वीकृत गरिएका नीति तथा कार्यक्रमहरूको अर्धवार्षिक एवं वार्षिक रूपमा समिक्षा गरिने छ ।<br>• पूर्वाधार विकास निर्माणका योजनाहरू तोकिएको समयमा निर्धारित मापदण्ड र गुणस्तर बमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको प्रबन्ध गरिने छ । |
| स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिकाः संबिधानले निर्दिष्ट गरेको क्षेत्राधिकार भित्र रहि आफ्नो कार्य जिम्मेवारी बमेजिम संघ तथा प्रदेश कानून सँग नबाझिने गरी स्थानीय कानून निर्माण गरी कार्यान्वयन गर्ने । | • संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको विषयगत क्षेत्रका बन्न बाँकी रहेका आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सूची तयार पार्ने ।<br>• कानुन निर्माण तथा कार्यान्वयनका सम्बन्धमा जनप्रतिनिधिलाई तथा कार्यान्वयन सन्दर्भमा कर्मचारीलाई तालिमको उपलब्धता गराउने ।<br>• स्थानीय सरकोकारवालासँग स्थानीय कानून निर्माण गर्ने सिलसिलामा पर्याप्त छलफल तथा परमर्श गरी सुझाव सङ्कलन गर्ने ।<br>• सूचि बमोजिमका आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माण गरी  कार्यान्वयनमा ल्याउने ।<br>• स्थानीय कानूनहरूका बारेमा सवै सरोकारवालालाई सूचना तथा सञ्चारका माध्यमबाट जानकारी गराउने । |

**प्रमुख कार्यक्रम**

- अनलाइन प्रतिवेदन प्रणाली स्थापना,
- राजश्व सुधार योजना निर्माण,
- क्षमता विकास योजना/आन्तरिक नियन्त्रण प्रणाली निर्माण
- घुम्ती सेवा,
- क्षमता विकास,
- वेबसाइट अध्यावधिक,
- सूचना सञ्जालीकरण,
- नागरिक उत्तरदायित्व अभिवृद्धि
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन, सेवा सन्तुष्टि सर्वेक्षण
- वित्तीय जवाफदेहिता कायम
- जनशक्ती विकास योजना तर्जूमा,
- आवश्यक कानुनहरुको निर्माण र समायानुकल संशोधन,
- दण्ड पुरस्कारको व्यवस्था,
- दरबन्दी पुनरावलोकन,
- टोल विकास संस्था गठन,
- अनुगमन मूल्यांकन प्रणाली,
- मासिक वार्षिक प्रतिवेदन प्रकाशन ।

### ८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरको सार्वजनिक सेवा प्रवाहको गुणस्तरमा सुधार र सार्वजनिक सेवामा आम नागरिकको पहुँचमा अभिवृद्धि भएको हुनेछ । नगरपालिकाको सुशासनमा आधारित नतिजामुखी प्रशासन सूचकाङ्कमा सुधार आएको हुनेछ । नगरपालिकालाई आवश्यक सबै नीति तथा कानुन पारित भएको हुनेछ । सबै वडाहरूमा डिजिटल नागरिक वडापत्र लागु भएको हुनेछ । सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नियमित र अनिवार्य भएको हुनेछ । पेश्की, वेरुजु र भ्रष्टाचार विरुद्ध शुन्य शहनशिलताको नीतिलाई अवलम्बन गरिनेछ, सरकारी तथा गैरसरकारी संस्थाहरूबाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शीता कायम भई सर्वसाधारण जनता सुसूचित भएको हुनेछ ।

### ८.१.६ अनुमान तथा जोखिम पक्ष

प्रस्तावित सङ्गठन संरचना बमोजिमको दरबन्दी पुर भई सेवा प्रवाहमा बढोत्तरी भएको हुनेछ, साथै स्थानीय ऐन कानून समेत निर्माण भई सुशासनको प्रत्याभूति भएको हुनेछ । स्थानीयबासीको सहयोग, सझेदारी, जनशक्तिको दक्षता, श्रोत साधनको पर्याप्तताको सुनिश्चितता रहेको हुनेछ । जोखिम पक्षमा विद्यमान ऐन कानून कार्यान्वयन नहुन सक्छन्, जग्गा जमिन तथा स्रोत र साधनको अभाव, सहयोगी तथा साझेदार संघसंस्थाको अभाव, प्रविधिको अभाव, निर्माण समाग्रिको अपर्याप्तता तथा अभाव र दक्ष निर्माण जनशक्तिको अभाव हुनसक्छ ।

## ८.२ योजना कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन

### ८.२.१ पृष्ठभूमि

स्थानीय सरकार नै जनताको सर्वाधिक नजिकको सरारकार हुन्। स्थानीय तहबाट आफ्नो कार्यदायरा भित्रका विषयमा सेवा प्रवाह र विकास योजनाको कार्यान्वयबाट नै आम नागरिकमा परिवर्तनको अनुभूति दिन सकिन्छ। नगरपालिकाबाट स्विकृत विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनले स्थानीय तहप्रतिको जनविश्वास अभिवृद्धि गर्नका साथै लोकतन्त्रका लाभहरू वितरण गर्न सकिन्छ।

नगरपालिकाले आफ्नो स्रोत साधनको उच्चतम उपयोग गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउन योजनाबद्ध विकास प्रयास अवलम्बन गर्न आवश्यक हुन्छ। यसका निमित्त आवधिक योजना, विषय क्षेत्रगत गुरुयोजना, मध्यमकालीन खर्च संरचना र तद्अनुरूप वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ।

### ८.२.२ आवधिक योजनाको कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँचवटा बार्षिक नीति तथा कार्यक्रम मार्फत् कार्यान्वयन गरिने छ। आवधिक योजनाहरूको प्रभावकारी कार्यान्वयनमा वार्षिक योजनाको आवधिक योजनासँगको सघन आवद्धताका लागि मध्यमकालीन खर्च संरचना एवं नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका हुन्छ। यसका अलावा आवधिक योजनाको मध्यावधि मूल्याङ्कन गरी प्रगतिको अवस्था र सुधारका क्षेत्रहरूको पहिचान गरी समस्याको समाधान गर्दै परिमार्जन गर्नुपर्ने हुन्छ। वार्षिक नीति कार्यक्रम तथा बजेटलाई आवधिक योजनासँग अन्तर सम्बन्ध स्थापित गर्न सूचक फारमको उपयोग गरिनेछ। (अनुसूची-१)

### ८.२.३ मध्यमकालीन खर्च संरचना

आवधिक योजना र वार्षिक योजनाबीच अन्तरसम्बन्ध स्थापित गर्न मध्यमकालीन खर्च संरचना यसै आवधिक योजनासंगै निर्माण गरिनेछ। मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजना कार्यान्वयन गर्दै लगिनेछ। वार्षिक योजनाका कार्यक्रमहरूलाई प्राथमिकीकरणका साथ मध्यमकालीन खर्च संरचना तयार गरी आवधिक योजना र वार्षिक योजनाबीच तादात्म्यता मिलाइने छ। आ.व. ०८०/०८१ देखि नै नीति तथा कार्यक्रम प्रस्तुतिका साथसाथै खर्च संरचनासमेत समावेश गरी सभामा प्रस्तुत गरिनेछ।

### ८.२.४ कार्यान्वयन कार्ययोजना

नगरसभाबाट आवधिक नगर विकास योजना स्वीकृत भएपछि यसका आधारमा नगरपालिकाले सबै विषय शाखा र वडा कार्यालयहरूलाई मार्गदर्शनसहित वार्षिक योजना तर्जुमाका लागि बजेट पूर्वानुमान पठाउनेछ। मार्गदर्शन तयार गर्दा आवधिक योजनाका लक्ष्यसँगको अन्तरसम्बन्ध प्रष्ट गरी कार्यान्वयनको निश्चय गरिनेछ। उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्बन गरी नगरपालिकाको वार्षिक योजना तर्जुमा गरिनेछ। सभाबाट स्विकृत बार्षिक बजेट तथा कार्यक्रम सञ्चालनका लागि प्रत्येक वर्ष श्रावण महिनामा विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना तयार गरिनेछ।

### ८.२.५ कार्यान्वयन विधि

आवधिक योजना र वार्षिक विकास योजना कार्यान्वयन गर्ने विधि यस प्रकार हुनेछ ।

**(क) नगर कार्यपालिका**

आवधिक योजना र वार्षिक योजना अन्तर्गत स्विकृत कार्यक्रमको कार्यान्वयन जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ । यसका अलावा नगरपालिकाको आफ्नो स्रोत अन्तर्गतका कार्यक्रमहरूको कार्यान्वयन जिम्मेवारी पनि नगर कार्यपालिकाको हुनेछ । योजना तथा कार्यक्रमको प्रकृति अनुसार नगर कार्यपालिकाको कार्यालय, विभिन्न शाखा उपशाखाहरू, वडा कार्यालयहरू मार्फत् योजना कार्यान्वयन गरिनेछ । विषयगत कार्यक्रम विषयगत शाखा तथा वडा स्तरीय कार्यक्रमहरू वडा तहबाट नै कार्यान्वयन गरिनेछ । भारी उपकरणको प्रयोग गर्नु नपर्ने, जनसहभागिता आवश्यक पर्ने स्थानीय योजनाहरू लाभग्राहीहरू सम्मिलित उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ ।

**(ख) संघीय र प्रदेश सरकार**

संघीय र प्रदेश सरकार अन्तर्गतका योजनाको कार्यान्वयन तत्तत् तहका सरकारबाट हुनेछ । संघ र प्रदेशबाट बजेटसहित कार्यान्वयन र हस्तान्तरण भई आएका योजनाहरू नगर कार्यपालिकाले कार्यान्वयन गर्न सक्नेछ । संघ वा प्रदेश सरकार वा सिमाना जोडिएका अन्य स्थानीय तहसँग साझेदारीमा सञ्चालन गर्ने कार्यक्रम आपसी सहमतिबाट कार्यान्वयनको ढाँचा निर्धारण गरी तदअनुरूप सञ्चालन गरिनेछ ।

**(ग) निजी क्षेत्र**

नाफामूलक क्षेत्रहरू जस्तै कृषि तथा पशुपालन, उद्योग, जलविद्युत् उत्पादन, वाणिज्य, आपूर्ति, पर्यटन विकास, वित्तीय क्षेत्र विकास र अन्य सम्भाव्य क्षेत्रहरू पहिचान गरी प्रचलित ऐन कानून र मापदण्ड अनुसार निजी क्षेत्र आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ ।

**(घ) विकास साझेदार**

नगरपालिकामा विकास साझेदारको सहयोगमा सञ्चालन हुने योजना तथा कार्यक्रम सम्झौता तथा स्वीकृत योजना कार्यान्वयन ढाँचाअनुसार कार्यान्वयन गरिनेछ । यस्ता कार्यक्रमहरू कार्यान्वयन गर्दा आवधिक योजनाको प्राथमिकता क्षेत्रसमेत पहिचान गरी नगरपालिकाको योजनामा आवद्ध हुने र नियमितरूपमा प्रगति प्राप्त हुने व्यवस्था मिलाइनेछ । विकास साझेदारहरूद्वारा कार्यान्वयन गर्ने योजनाहरूमा संयुक्त अनुगमन प्रणाली प्राथमिकताका साथ लागू गरिनेछ ।

**(ङ) गै.स.स.**

गैरसरकारी संस्थाहरूलाई उनीहरूको वैशिष्ट्यताका क्षेत्रहरू जस्तो सामाजिक परिचालन, मानव अधिकार संरक्षण, नागरिक सचेतना र सशक्तीकरण, ससाना उत्पादन र आय आर्जन, रोजगारी लगायत गरिवी न्यूनीकरण, सुशासन प्रवर्धन, भाषा संस्कृति प्रवर्द्धन, शिक्षा, स्वास्थ्य क्षेत्रका वार्षिक विकास कार्यक्रममा समावेश गरी नगरपालिकाको सहयोगीको रूपमा परिचालन गरिनेछ । नगरपालिकाले सामाजिक विकास तथा सचेतना अभिवृद्धिमूलक कार्यक्रमहरू तुलनात्मक दक्षता भएका गैरसरकारी संस्था मार्फत समेत कार्यान्वयन गर्न सक्नेछ । गैरसरकारी संस्थाका कार्यक्रमहरू अनिवार्य रूपमा नगर विकास योजनामा आवद्ध हुनुपर्ने र समयबद्ध प्रगति प्रतिवेदन नगरपालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ ।

### (च) सहकारी क्षेत्र

स्थानीय उत्पादन समूहलाई आवद्ध हुने गरी कृषि, पशुपालन र ससाना बचत तथा ऋण परिचालनको क्षेत्रमा सहकारी क्षेत्रलाई अग्रता प्रदान गरिनेछ। कृषि मल, बीउ, कृषि उत्पादनको बजार श्रृङ्खलामा आबद्धता, कृषि यन्त्र उपकरण, चिस्यान केन्द्र, भण्डार, सुपथ मूल्य पसल जस्ता विषयमा सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ।

### (छ) नागरिक समाज उन्मुख संस्था

नागरिक समाज, सामुदायिक संघसंस्था आदिलाई सामाजिक सचेतना, सशक्तीकरण, समूह परिचालन आदि कार्यका साथै नगरपालिकाको कार्यमा खवरदारी र पथप्रदर्शक गर्ने कार्यमा परिचालन गरिनेछ।

### ८.२.६ अख्तियारी

वार्षिक कार्यक्रम र बजेट नगरसभाबाट पारित भएपछि नगरपालिका प्रमुखले स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्नेछ। प्रमुख प्रशासकीय अधिकृतले बिषयगत शाखा र वडा कार्यालयहरूलाई प्राप्त विवरणका आधारमा कार्यान्वयन कार्ययोजना बनाई स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यक परिमार्जनसाथ कार्यान्वयनका लागि मार्गदर्शन सहित प्रमुखबाट आफूलाई अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ।

### ८.२.७ योजना तथा कार्यक्रमको कार्यान्वयन

नगरपालिकाले स्वीकृत वार्षिक योजनाको कार्यान्वयन तालिका बनाएर कार्यान्वयन गर्नुपर्दछ। यस्तो कार्ययोजनामा स्वीकृत कार्यक्रमहरू नगरपालिका स्तरबाट कार्यान्वयन हुने हो वा वडा तहबाट कार्यान्वयन हुने हो, ठेक्कापट्टाबाट कार्यान्वयन हुने हो वा उपभोक्ता समिति वा गैससबाट कार्यान्वयन हुने हो यकिन गर्नुपर्दछ। योजना कार्यान्वयन सम्बन्धी प्राविधिक जिम्मेवारी कुन शाखाको कुन कर्मचारीमा रहन्छ सोसमेत यकिन गरी कार्यान्वयनको प्रक्रियामा लानुपर्दछ।

नगर कार्यपालिकाबाट वार्षिक कार्यक्रम कार्यान्वयन गर्नु अघि आवश्यकता अनुसार सार्वजनिक खरिद ऐनको परिधिभित्र रही ठेकापट्टा, उपभोक्ता समिति, करार वा अमानत, गैरसरकारी संस्थासँगको साझेदारीमध्ये कुन प्रक्रिया अवलम्बन गरिने हो, स्वीकृत भएपछि सोही बमोजिम कार्यान्वयन गर्नुपर्ने छ। नगरपालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धि सूचकसमेत उल्लेख गर्नु आवश्यक हुन्छ। यसैबमोजिम सम्बन्धित कार्यान्वयन इकाईबाट चौमासिक रूपमा प्रगति प्रतिवेदन लिने प्रणाली अपनाउनुपर्दछ।

कार्यान्वयन अघि गर्नुपर्ने पूर्व तयारीमा विस्तृत आयोजना प्रतिवेदन निर्माण, लगत डिजाइन इस्टमेट निर्माण, खरिद प्रक्रिया र संझौता जस्ता पक्षहरूमा व्यवस्थित गर्नुपर्दछ। उपभोक्ता समितिबाट कार्यान्वयन हुने कार्यक्रमको हकमा सम्बन्धित लाभग्राहीहरूको सहभागितामा नगरपालिका वा वडा कार्यालयको रोहवरमा उपभोक्ता समिति गठन गर्नुपर्दछ। आयोजना सूचना पाटी, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता पारदर्शिताका अभ्यासहरू अवलम्बन गर्नुपर्दछ। योजना कार्यान्वयनको समय समयमा प्राप्त प्रगति प्रतिवेदन नगर उपप्रमुखको नेतृत्वमा हुने अनुगमन समितिमा समेत उपलव्ध हुने व्यवस्था मिलाउनुपर्दछ।

नगरपालिकाले सबै विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्ययोजना बनाउनेछ। यसै बमोजिम योजना कार्यान्वयन सम्बद्ध निकाय, संस्था र कर्मचारीलाई कार्य जिम्मेवारी र क्रियाकलापप्रति जिम्मेवार हुने व्यवस्था मिलाउनुपर्दछ।

### ८.२.८ अनुगमन तथा मूल्याङ्कन

#### (क) अनुगमन

काम भइरहेको समयमा गुणस्तर कायम गर्न जाँच वा निरीक्षण गरी अनुगमन गरिन्छ । यसले तोकिएको काम तोकिएको समय, तोकिएको लागत र गूणस्तरमा भए नभएको सुनिश्चित गर्दछ। नगरपालिकाले आफ्ना स्वीकृत कार्यक्रमको अलावा आफ्नो भूगोलभित्र सञ्चालित अन्य विकास कार्यक्रमहरूको समेत अनुगमन गरी तत्तत् निकायमा जानकारी पठाउने गर्दछ।

नगरपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछ :

१. नगरपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू।

२. नगरपालिकाबाट लगानी भएको आयोजनाहरू।

३. नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोतसाधन मार्फत् सञ्चालित आयोजनाहरू।

४. नगरपालिकाको क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत् सञ्चालित आयोजनाहरू।

५. नगरपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू।

अनुगमनमा मूलभूत रूपमा निम्न विषयहरू हेरिनेछन् :

१. कार्यतालिका अनुसार काम भए नभएको,

२. तोकिएको कामको समय, लागत र गुणस्तर भए नभएको,

३. कार्यसम्पादनको क्रममा कुनै त्रुटि भए नभएको

४. डिजाइनमा वा कार्यान्वयनमा कुनै गल्ती वा कमी-कमजोरी भए नभएको।

यस्तो अुनगमनबाट कार्यान्वयनमा भएको गल्ती कमजोरी तत्काल सुधार गरी समयमा नै आयोजना सम्पन्न गर्नका साथै सार्वजनिक कोषको अपव्यय हुनबाट रोकिनेछ।

अनुगमन समितिले अनुगमन योजना बनाई नगर उपप्रमुखको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ। समितिले योजना कार्यक्रमको सूचकका आधारमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ। आफूले गरेको अनुगमनका आधारमा तत्काल समाधान गर्नुपर्ने विषयको हकमा तत्कालै प्रतिवेदन गर्ने र अन्यको हकमा मासिक रूपमा नगर कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नुपर्दछ। कार्यपालिकाको बैठकमा अनुगमन प्रतिवेदन नियमित एजेण्डाको रूपमा छलफलमा ल्याउने व्यवस्था मिलाउनुपर्दछ।

अनुगमनमा देहायका मध्ये कुनै तरिकाहरू अपनाइनेछ :

१. नियमित प्रतिवेदन लिएर।

२. स्थलगत अवलोकन गरेर।

३. सरोकारवालाहरूसँग छलफल गरेर।

४. नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि)।

५. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता विधिहरू अपनाएर ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहनेछन्:

१. स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी ।

२. उप प्रमुख (स्थानीय सरकार सञ्चालन ऐन २०७४) ।

३. अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू ।

४. प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य) ।

५. वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

नगरपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहनेछन्:

| क.सं | पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १ | नगर उप प्रमुख | संयोजक |
| २ | नगर प्रमुखले तोकेका एकजना महिलासहित कार्यपालिकाका सदस्यहरूमध्येबाट दुईजना सदस्य | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ | प्रमुख, योजना शाखा | सदस्य सचिव |

नोटः आवश्यकताअनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

अनुगमन समितिको कार्ययोजना देहायअनुसार बनाई लागु गर्नुपर्दछ :

१. कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

२. अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्ने । सुपरिवेक्षण समितिले समधान गर्न नसकेका समस्याहरूलाई यस बैठकले सम्बोधन गर्ने ।

## वडास्तरीय अनुगमन

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहायबमोजिमको समिति रहनेछ ।

| क.सं | पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १ | सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| २ | वडा सदस्यहरू | सदस्य |
| ३ | वडा सचिव | सदस्य सचिव |

नोटः आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

### (ख) मूल्याङ्कन

योजना अवधि समाप्त भए पछि नगरकार्यपालिकाले तोकेका आयोजनाको तेश्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्याङ्कन गर्नुपर्दछ-

१. योजनाको लक्ष्यवमोजिम प्रगति भए नभएको ।

२. लाभग्राहीलाई योजनाको प्रभाव के कस्तो पऱ्यो ।

३. आयोजना शुरु हुनुभन्दा अगाडि र योजना सम्पन्न भइसकेपछि त्यहाँको जनजीवनमा के कस्तो फरक पऱ्यो,

४. योजनाको लागत र प्रतिफलबीचको सम्बन्ध के कस्तो रह्यो,

५. आगामी योजना तर्जुमाको लागि कस्तो पृष्ठपोषण र के सिकाइ रह्यो ?

६. योजना तर्जुमा र कार्यान्वयन विधिमा के कस्तो परिमार्जन गर्न आवश्यक देखिन्छ ।

७. योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन कस्तो सुधार गर्नुपर्दछ ।

नगरपालिकाको गौरवका आयोजना र कूल लागत रु. २ करोडभन्दा माथिका आयोजनाको अनिवार्य रूपमा प्रभाव मूल्याङ्कन गर्नुपर्दछ । आयोजनाको प्रभाव मूल्याङ्कन पश्चात् प्राप्त नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूलाई समेत जानकारी गराउनुपर्दछ ।

## ८.२.९ प्रतिवेदन र समीक्षा

यसैगरी योजनाको अनुगमन तथा कार्यालयको समष्टिगत भौतिक र वित्तीय प्रगति एवं समस्याहरूबारे चौमासिक र वार्षिक समीक्षा तथा “स्थानीय तह विकास समस्या समाधान समिति” को बैठक आयोजना गर्नुपर्दछ । समिक्षामा स्थानीय तहको आम्दानी, खर्च, सेवा प्रवाह र विकास क्रियाकलापको प्रगतिका साथसाथै आवधिक योजनाको समग्र लक्ष्यको प्रगति अवस्था समेत आंकलन गर्नुपर्दछ । यस्तो समिक्षामा नगरपालिका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाद्वारा सञ्चालित विकास कार्यक्रमहरूको समेत प्रगति समिक्षा हुने व्यवस्था मिलाउनुपर्दछ । समिक्षामा देखिएका समस्याहरू समाधान गर्न स्थानीय तह विकास समस्या समाधान समितिले आवश्यक निर्णयहरू लिनुपर्दछ ।